# काठमाडौं लगं बहालका सांस्कृतिक परम्पराहरु

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा

स्नातकोत्तर उपाधिको आंशिक प्रयोजनका निमित्त प्रस्तुत

शेधपत्र

प्रस्तुतकर्ता

सुजन बलामी

त्रि.वि. दर्ता नं. ७-२-९१०-४१-२०१०

नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

कीर्तिपुर, काठमाण्डौ

२०८१

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व स्नातकोत्तर तहको पत्र शोधप्रबन्धको पाठयक्रमको परिपूर्तिको लागि यस केन्द्रीय शिक्षण विभागका विद्यार्थी सुजन बलामीद्वारा प्रस्तुत ***काठमाडौं लगं बहालका सांस्कृतिक परम्पराहरु*** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार भएको व्यहोरा प्रमाणित गर्दै आवश्यक मूल्यांकनको लागि सिफारिस गर्दछु ।

..............................

**डा. तिना मानन्दर**

**शोध निर्देशक**

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मिति : २०८१.   .

# प्रतिवद्धता पत्र

त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभागबाट स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि ***काठमाडौं लगं बहालका सांस्कृतिक परम्पराहरु*** अध्ययन विषयमा डा. तिना मानन्दर ज्यूको शोध निर्देशनमा यस शोध पत्र तयार पारिएको हो । यो शोधप्रबन्ध मेरो मौलिक लेखन भएको र कुनै पनि उपाधिका लागि अन्य विश्वविद्यालय वा प्राज्ञिक संस्थामा पेस नगरेको घोषणा गर्दछु ।

............................

सुजन बलामी

शोधार्थी

मिति : २०८१.  .

## कृतज्ञता ज्ञापन

प्रस्तुत ***काठमाडौं लगं बहालका सांस्कृतिक परम्पराहरु*** शीर्षकको शोधपत्र मैले आदरणीय गुरु डा. तिना मानन्धर को निर्देशनमा तयार पारेको हुँ । यसको तयारीका क्रममा प्राध्यापन तथा विविध व्यस्तताका बिच पनि मलाई आफ्नो अमूल्य समय दिई शोधकार्यमा अभिप्रेरित गर्नाका साथै सचेत र सहज गराउँदै निरन्तरता प्रदान गरी प्रस्तुत शोधपत्रलाई यस रूपमा ल्याउन समूचित मार्ग निर्देशन गरिदिनु हुने तथा आवश्यक सामग्रीसमेत उपलब्ध गराइदिनुहुने मेरा शोधनिर्देशक श्रद्धेय गुरूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान, निर्माण गर्नुमा थप प्रेरणा र हौसला प्रदान गर्नुहुने नेपाली इतिहास, संस्कृति तथा पुरातात्व विभागका विभागीय प्रमुख डा. महेश कुमार आचार्य प्रति म कृतज्ञ छु ।

यस शोध गर्ने समयमा सल्लाह सुझाव दिनुहुने आदरणीय गुरु डा.तिना मानन्दर प्रति पनि हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यस्तै शोधपत्र लेखनका लागि आवश्यक सामग्री उपलब्ध गराइदिने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, कीर्तिपुर परिवार र नेपाली इतिहास, संस्कृति तथा पुरातात्व केन्द्रीय विभागको पुस्तकालयप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

व्यक्तिगत रूपमा, म मेरो परिवार मेरी पूजनीय आमा राधल बलामी, पूजनीय बुबा भाजु कृष्ण बलामी, दाई सुमन बलामी तथा मलाई साथ सहयोग र हौसला प्रदान गर्नुहुने मेरो सम्पूपर्ण परिवारप्रति म कृतज्ञ छु जसले मलाई यो सम्पूर्ण यात्रामा माया, धैर्य, र समर्थन प्रदान गर्नुभयो । उहाँहरूको विश्वास र साथ बिना यो सम्भव हुने थिएन ।

अन्त्यमा, मेरा प्रिय मित्रहरू सन्ध्या बज्राचार्य, जयजु राजकरणिकार, राम गौतम, समिर रेग्मीलाई मनैदेखि धन्यवाद, जसले यो चुनौतीपूर्ण यात्रा सहज बनाउन सहयोग गर्नुभयो, हौसला दिनुभयो।

सुजन बलामी

# विषयसूची

शोध निर्देशकको सिफारिस पत्र....................................................................क
प्रतिवद्धता पत्र..............................................................................................ख
कृतज्ञता ज्ञापन.............................................................................................ग
विषयसूची...................................................................................................घ
१. अध्यायनको परिचय......................................................................................१
१.१ परिचय ..................................................................................................१
१.२ समस्याकथन ............................................................................................३
१.३. अनुसन्धानको उद्देश्य ................................................................................४
२. पूर्व साहित्य समिक्षा ....................................................................................४
३. अनुसन्धानको सीमा र क्षेत्र ............................................................................९
४. अनुसन्धानको औचित्य ................................................................................९
५. अनुसन्धान ..............................................................................................१०
६. शोध पत्रको सगंठनात्मक स्वरुप ....................................................................११
अध्याय दुई.................................................................................................१३
२ शाक्य र वज्रचार्यहरुको उत्पत्ति र बसाइँ सराई..................................................१३
२.१ ऐतिहासिक पृष्ठभूमि.....................................................................................१३
२.२ शाक्य वंशको उत्पत्ति.................................................................................१३
२.३ वज्राचार्य वशंको उत्पति................................................................................१८
२.४ शाक्य र वज्राचार्यहरुको बसाइँ सराई..............................................................२०
अध्याय तीन .............................................................................................२७
नेपालमा विहार परम्पराको उत्पति र विकासक्रम....................................................२७
३.१ नेपालमा विहारहरुको विकासक्रम ....................................................................२७
३.२ नेपालमा विहार परम्पराको विकासक्रम ............................................................३०
३.२.१ पुराण तथा वंशावलीमा विहार परम्पराको विकासक्रम.........................................३०
३.२.२ अभिलेखमा उल्लेख भएका विहारहरु ............................................................३३
३.३ नेपालमा रहेका बहालहरुको विशेषता ...............................................................३९
३.३.१ अट्ठार महाविहार र अट्ठार महाविहार बज्राचार्य संघ तथा शाक्यभिक्षु संघ ...४०

३.३.२ बास्तुकला ..................................................................... ४१

३.४. नेपालमा रहेका बहालहरुको भिन्नता ..................................................................... ४२

३.४.१. वास्तुकलामा भिन्नताः ..................................................................... ४२

३.४.२. सामाजिक र संगठनात्मक भिन्नताः ..................................................................... ४३

३.४.३ अन्य भिन्नताहरूः ..................................................................... ४३

अध्याय चार ..................................................................... ४५

४. लगं बाहालको परिचय ..................................................................... ४५

४.१ परिचय ..................................................................... ४५

४.२ वास्तुकला ..................................................................... ४९

४.३ सघं परम्परा ..................................................................... ५९

४.३.१ लगं बाहालमा संघ परम्परा ..................................................................... ६४

४.३.२ चक्रेश्वर तथा स्थबिर/आजु ..................................................................... ६५

अध्याय पाँच ..................................................................... ६७

५. लगं बहालमा हुने धार्मिक तथा साँस्कृतिक परम्पराहरू ..................................................................... ६७

५.१ लगं बहालमा गरिने द्यःपाला वा दय्पाला(बापाः)को कार्यहरू ..................................................................... ६७

५.२ वैशाख पुर्णिमा ..................................................................... ६९

५.२.१ गुंला पर्व ..................................................................... ७०

५.२.२ दशमी पूजा/दिसी पूजा ..................................................................... ७२

५.२.३ होली पुन्हि ..................................................................... ७३

५.४ प्रव्रज्या/वरेछुइगु ..................................................................... ७३

५.४.१ आचाः लुइगु अर्थात वज्राचार्य अभिषेक ..................................................................... ७४

५.४.२ देखा/दीक्षा ..................................................................... ७६

५.५ गुथि ..................................................................... ८०

५.६ सम्यक दान ..................................................................... ८४

अध्याय छ ........ ८७

६.१ वर्तमान समयमा लगं बहाल ........ ८७

६.२ धार्मिक तथा साँस्कृतिक पक्षहरूको विश्लेषण ........ ८७

अध्याय सात ........ ९१

७.१ निस्कर्ष ........ ९१

७.२ सुझाव ........ ९१

परिशिष्ट ........ ९३

परिशिष्ट १ : अन्तर्वार्ता लिइएका व्यक्तिहरूको नामावली ........ ९३

परिशिष्ट २ : सोधिएका प्रश्नहरूको नमूना ........ ९४

परिशिष्ट ३: चित्रफलक ........ ९५

सन्दर्भ ग्रन्थ सूची ........ ९८

# १. अध्यायनको परिचय

## १.१ परिचय

सामाजिक सांस्कृतिक विविधताले भरिपूर्ण नेपाली समाजमा शाक्यहरु एक विकसित संस्कारयुक्त जातिका रुपमा परिचित छन् । ई.पू. छैठौं शताव्दीतिर कौशल नरेश विरुढकको कपिलवस्तु आक्रमण पछि यत्रतत्र विस्थापित शाक्यवंशको विनाश सुरु भएको भन्ने कुरालाई मान्न सकिन्छ । कपिलवस्तुका शाक्यहरु त्यस आक्रमण पछि बिभिन्न ठाँउमा बसाँइ सराइको क्रममा विभिन्न समूहमा बाँडिएर भारतको राजगृह, पिप्पलीवन, वैशाली आदी र नेपालको पश्चिमी भेगको यमयमतर, काठमाडौं उपत्यकामा सम्म पनि गएका थिए भनेर विभिन्न बौद्ध ग्रन्थहरुमा उल्लेख भएको पाइन्छ ।

यसै सन्दर्भमा नेपाल उपत्यकामा शाक्यहरुको प्रवेश सम्बन्धमा मूलसर्वास्तिवाद विनयसुत्तमा उल्लेख भए वमोजिम बुद्धकालीन भिक्षुहरु लगायत कपिलवस्तुका शाक्यहरु बुद्धकालिन समयमा नै काठमाडौं उपत्यकामा आएको तथ्य पनि स्पष्ट नै छ । त्यसै समयमा रामग्रामका कोलियहरुको पनि अवनति हुदै गएका हुनाले तिनीहरु पनि धेरैको संख्यामा नेपाल उपत्यकामा पसे । शाक्य र कोलियहरु नेपाल उपत्यकामा आई दक्षिणमा हालको यंङ्गाल टोलसम्म र उत्तरमा किलागल टोलसम्म घना बस्ती नै बसालेको तथ्यलाई भने पुरातात्विक प्रमाणका आधारमा मान्न सकिन्छ । उपत्यकामा शाक्य र कोलियहरुको प्रवेश संगै बौद्ध भिक्षुहरु पनि बुद्धकालीन समयमै आउन थालिसकेको हुनाले बुद्धधर्म यहाँ व्यापक रुपमा फस्टाउन थालेको थियो भन्ने तथ्यलाई पनि मान्न सकिन्छ ।

कपिलवस्तुमा विरुढकको आक्रमण पछि त्यहाँका शाक्य तथा कोलियहरु यत्रतत्र भाग्ने क्रममा ठूलै संख्यामा गोरखाबाट पाचँदिन हिडेर पश्चिम भेगको यमयमतर भन्ने ठाउँमा आई बसोबास गरे । कालन्तरमा लिच्छविकाल तिर उक्त यमयमतर भन्ने ठाउँ बाट काठमाडौं उपत्यकामा आयुदेव भन्ने व्यक्ति आई लगंबाहामा बसे । पछि उनका श्रीमतीले यमयमतर भन्ने ठाउँमा असभ्य मानिसहरुले दुर्व्यवहार गरेका हुनाले जिवन निर्वाह गर्न गाह्रे भएको जानकारी आयुदेवलाई गराए । त्यसपछि आयुदेवले आफ्नी श्रीमती सहित सव परिवार लाई काठमाडौं बोलाई लगं बाहामा आफू सगैं राखे । उनीहरुले लगंबाहामा एउटा चैत्य निर्माण गरे जुन लिच्छवीकालीन चैत्यको रुपमा अहिले सम्म पनि देख्न पाइन्छ । लगं बाहाका सघं सदस्य शाक्य र वज्राचार्यहरु जो आफूहरु यमयमतर बाट आएको र आयुदेवका

सन्तान भनि दावि गर्छन् यी अलावा अरु तिन वटा सघंहरु पनि लगंबाहामा रहेको पाइन्छ। कपिलबस्तुबाट बसाई सराई गरी काठमाडौं उपत्यकामा आउने क्रममा काठमाडौंमा प्रारम्भमा चार वटा मात्र विहार बनाएर बसेका थिए भन्ने गरिन्छ (बज्राचार्य, दुण्ड बहादुर २०००,पृ.१८)। ती प्रमुख चार वटा बहालहरु मध्ये यस कीर्तिपुण्य माहाविहार (लगं बाहा) पनि एक हो। सबै एतिहासीक ग्रन्थहरु तथा अभिलेखहरुमा यस बहालको नाम कीर्तिपुण्य माहाविहार लेखेको पाइन्छ। यस लगं बहालको पौराणिकताको सन्दर्भमा अनेकन जनश्रुतिहरु पाईन्छ। यस लगं बहालमा विभिन्न कालखण्डमा विभिन्न ठाउँबाट शाक्यहरु यहाँका संघमा आवद्ध भएको पाईन्छ। त्यसैले वर्तमान समयसम्म आउँदा यहाँ चारवटा छुट्टै संघ भएको पाइन्छ।

यस लगं बहालमा चार वटा संघ भएको हुनाले पनि अन्य बहालहरुमा भन्दा धेरै गुठी परम्पराहरु भएको हुन सक्दछ। यस लगं बहाल पछिल्लो समयमा प्रशस्त आर्थिक स्रोत भएको, तिब्बतमा व्यापार गर्ने शाक्यहरु संघ सदस्य भएको, जग्गा जमीन प्रशस्त भएको विहारको रुपमा रहेको पाइन्छ। यसरी आर्थिक रुपमा सम्पन्न भएको हुनाले नै यहाँ धेरै गुठी परम्पराहअरु मान्ने गर्दछन्। मुख्यत धार्मिक कीर्तिहरुको स्थापना पश्चात तिनको नियमित पूजा आजा, वर्षवर्धन पूजा, विहारको रेखदेख एवं लौकिक कीर्ति तथा समाजोपयोगी कामहरुको स्थायित्व एवं निरन्तरताको लागि नै यहाँ गूठीहरु व्यवस्था गरेको देखिन्छ।

यस्तै काठमाडौंका १८ वटै प्रमुख बहालमा आ-आफ्नै संघको विभिन्न गुठीहरु भएको पाइन्छ। यसै प्रसंगमा यस कीर्तिपुण्य माहाविहार (लगं बाहा) मा वर्तमान समयमा करीब ३२ वटा गुठी संचालनमा रहेका देखिन्छ। यो एउटा यस्तो उदाहरणीय विहार हो जँहा सवै भन्दा धेरै गुठीहरु अझै सम्म पनि मनाउने गर्दछन्। विशेषगरी यस बहालमा गुठीहरु मनाउने परम्परालाई निरन्तरता दिने, बहाल सर्वसंघका सदस्यहरुलाई आर्थिक सहायता गर्ने, सघंका सदस्यहरुलाई सामूहिक प्रव्रज्यासंवर प्रदान गरिदिने, लगं बहालका थाय्पाहरुको थाय्पालुइगर्ने, सर्वसंघका सदस्यहरु वा तिनका परिवारहरु कोही दिवंगत भएमा मलामी जाने र अन्य धार्मिक कार्यमा सहयोग एवं सहकार्यहरु गर्ने आदि जस्ता सामाजिक आर्थिक गतिविधिहरु गर्दै आइरहेको पाइन्छ। गुठीको सम्बन्धमा कुनैपनि समुदायको वा संघको वा कुनैपनि समाजको विभिन्न गतिविधिहरु गर्नका लागि विभिन्न गुठी बनाएर कामकार्य गर्ने परम्परा नेपालमा लिच्छविकालदेखि नै रहेको पाइन्छ।

यसरी काठमाडौंमा रहेका प्रमुख बहाल मध्ये एक बहालका रुपमा रहेका लगं बहालमा अन्यत्र भन्दा बढी गुठी परम्पराहरु वर्तमान समयमा समेत मनाउने गरेको हुनाले यहाँको गुठी परम्पराहरुबारे अध्ययन अनुसन्धान गर्न वाञ्छनीय लागेको हुनाले यस शोधपत्र उक्त गुठीहरुको बारे अध्ययन अनुसन्धानमा केन्द्रीत गरिएको छ ।

## १.२ समस्याकथन

नयाँ पुस्तामा पम्परागत संस्कारहरु प्रतिको आस्था नै कम हुन थालिसकेको हामी देख्न सक्छौं । संस्कृति मान्ने व्यक्तिहरुलाई पिछडिएका रुढीवाढी हुन् भन्ने अतिआधुनिकतावादको धारणा आजकालको नयाँ पुस्तामा विकास हुनजानाले नेपालको धरोहर कला र संस्कृति केही पुस्ता पछि गएर लोप नहोला भन्नसकिन्न । परम्परागत रुपमा चलिआएका विभिन्न गुठीका गतिविधिहरु हाल नयाँ पुस्तासम्म आईपुग्दा धेरै नै परिमार्जित भई वास्तविक संस्कार लोप हुने स्थितिसम्म पुगीसकेको छ भने कतिपय संस्कृतिहरु त प्रायः लोप भईसकेको अवस्था पनि छ ।

वर्तमान अवस्थामा बाहाका शाक्य र वज्राचार्यहरुले मान्दै आएको संस्कारहरुमा धेरै विकृति आई मूल संस्कार पद्धतिबाट विस्तारै भिन्न हुंदै गइरहेको देखिन्छ । धेरै जसो बाहाका शाक्य र वज्राचार्यहरु पनि आजभोलि आफ्नो बहाल छोडी अन्यत्र वस्न गएको पाइन्छ । आफ्नो संस्कृतिलाई विस्तारै छोड्ैगएको र केही मुख्य संस्कारहरु मात्र औपचारिकता पुरा गर्ने मनसायले मान्दै आएका हुनाले गुठी परम्पराको मौलिक स्वरुपमा परिवर्तन भइसकेको जस्ता तथ्यहरु यस अनुसन्धानको समस्याको रुपमा रहेको छ । त्यसै कारण विषेश गरी निम्न लिखित समस्याहरुमा केन्द्रित भइ यस अनुसन्धान अगाडी बदाइएका छन् ।

क) काठमाडौं लगं बाहाको ऐतिहासिक महत्व के हो ?

ख) काठमाडौं लगं बाहामा हाल कायम रहेका प्रमुख संस्कारहरु के-के हुन् र ती कसरी निरन्तरता पाएका छन् ?

ग) काठमाडौं लगं बाहामा आधारित गुठी परम्पराहरु कति छन् र ती कसरी सञ्चालन भइरहेका छन् ?

### १.३. अनुसन्धानको उद्देश्य

एउटा छुटै गरिमामय पहिचान बोकेको काठमाडौ उपत्यका भित्रको नेपाली समाजका शाक्य र वज्राचार्यहरु रहेका छन् । झण्डै छब्बीस सय वर्ष अघि देखि उपत्यकामा वसोबास गर्दै आईरहेका शाक्यहरुको संस्कार युक्त जातीका रुपमा विश्वमा नै परिचित छन् । यस्तो गरिमामय जातिको सघंले मनाउने गुठी वर्तमान अवस्थामा भने दिनानुदिन सांस्कृतिक रुपमा ओरालो लाग्ने क्रममा रहेको छ । अहिलेका नयाँ पुस्ताले आफ्नो सघंको गुठीको संस्कृति प्रति रुचि नराख्नु, आफ्नो संस्कृतिलाई आत्मासात नगर्नु र यसको सत्ता यी सव मिथ्या हुन् भन्ने धारणा नयाँ पुस्तामा पलाउनु, यस्ता विभिन्न कारणले नयाँ पुस्ताले यस भित्र लुकेको दर्शन वारे अनभिज्ञ छन् । यदी संस्कारहरु मानेता पनि आडम्वरीता मात्र देखाउनु, औपचारिकता मात्र पुऱ्याउनु र कतिपयले त संस्कारहरु समेत नमान्ने आदि इत्यादि कारणले नयाँ पुस्तामा आफ्नो सघंको गुठी परम्पराको सांस्कृतिक पहिचानको महत्वको बारे ध्यानाकर्षण नभएको देखिन्छ । यसकारण यस्ता विषयमा गहिरो अध्ययन अनुसन्धान गर्दा संघको गुठी परम्परा, संस्कृति संरक्षण र सुधारमा समेत मद्दत पुग्न जाने हुनाले यो विषयमा शोध कार्य गर्न लागिएको हो । यो शोध ग्रन्थमा निम्न लिखित उद्देश्यहरु समावेश गरिएको छ ।

क. काठमाडौं लगं बाहाको ऐतिहासिकता खोजी गर्ने ।

ख. काठमाडौं लगं बाहामा कायम रहेका प्रमुख संस्कारहरु र तिनको निरन्तरता उजागर गर्ने ।

ग. वर्तमान समयमा काठमाडौं लगं बाहाका सांस्कृतिक परम्पराहरु कति छन् र कसरी सञ्चालन भइरहेका छन् उजागर गर्ने ।

## २. पूर्व साहित्य समिक्षा

यस शोधको मुख्य विषय लगं बहालको गुठी परम्परा सम्बन्धीत छ । यस लगं बहालको सामान्य अध्ययन भएको पाईएता पनि विस्तृत रुपमा अध्ययन अनुसन्धान गरिएको पाइन्दैन । त्यसैले यस विषयको अध्ययन, उक्त अध्ययनको सीमासंग आवद्ध विभिन्न व्यक्तिहरु सगंको अर्न्तवार्ता, विभिन्न विद्वानहरुबाट व्यक्त विचारहरु, पुस्तकहरु, पत्रपत्रिकाहरु तथा प्रतिवेदनहरु अर्थात प्राथमिक श्रोतहरु समेतका आधारमा यस शोध तयार गरिनेछ । आंशिक रुपमा शोधकार्य गर्न सहयोग पुऱ्याउने केही कृतिहरु निम्नानुसार रहेका छन् :

१.	जोन के लक, बुद्धिष्ट मोनाष्ट्रीज अफ नेपाल,(काठमाण्डौं: सहयोग प्रेस, १९८५)

यस पुस्तकमा लेखकले काठमाण्डौं उपत्यकामा रहेको सम्पूर्ण वहाल वहिलहरुको बारे विस्तृत रुपमा उल्लेख गरेको पाइन्छ । यस पुस्तकलाई जम्मा चार अध्यायमा विभक्त गरिएको छ । यस पुस्तक एउटा अनुसन्धनात्मक कृति भएको हुनाले उपत्यकामा रहेको वहाल तथा वहीलको वारे जानकारी पाउन यो पुस्तक ज्यादै नै महत्वपूर्ण रहनेछ ।

२.	भुवन लाल प्रधान, बुद्ध धर्म र शाक्यहरु, (काठमाडौं: युवा बौद्ध समुह, वि.सं.२०४२)

यस पुस्तकमा लेखकले शाक्यवशंको उत्पति, विकास र विनाश आदि विभिन्न पक्षहरुको संक्षेपमा वर्णन गर्नु भएको छ । उहाँले यस कृतिमा विभिन्न अभिलेखहरुमा शाक्यहरुको बारे उल्लेख भएको विवरणहरु पनि उल्लेख गर्नु भएको छ । यसरी शाक्यहरुको ऐतिहासिक पक्षलाई विस्तृत रुपमा उल्लेख गरेको ग्रन्थ भएको हुनाले यस ग्रन्थ शोधको लागि अति फलदायी हुने विश्वास गरिएको छ ।

३.	मीन वहादुर शाक्य र शान्त हर्ष वज्राचार्य, स्वयम्भू पुराण, (ललितपुरः नागर्जुन इन्ष्टीच्यूट अफ पब्लिकेशन, २००१)

यो नेपाल भाषामा अनुवाद गरिएको ग्रन्थ हो । यो ग्रन्थ नेवारहरुको परम्परागत बुद्ध धर्मको पुरानो धर्मग्रन्थ हो । यस ग्रन्थमा स्वयम्भूको उत्पति लगायत काठमाडौं उपत्यकाको विभिन्न धार्मिक स्थलहरुको बारे जानकारी मिल्न सक्दछ भने यस ग्रन्थबाट काठमाडौं उपत्यकामा बौद्ध धर्मको अभ्यास धेरै पहिले देखि नै भएको तथ्य बारे पनि जानकारी मिल्दछ । यो ग्रन्थ शाक्यहरुको धार्मिक इतिहास जान्न शोधको लागि उपयोगी रहेकोछ ।

४.	ज्ञानमणि नेपाल, नेपाल निरुपण, (काठमाडौं: नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०५५)

यस पुस्तकमा बत्तीस वटा लेखहरुको संग्रह गरिएको छ । ४४१ पृष्ठ लामो यस पुस्तक नेपालको इतिहास तथा संस्कृतिको अनुसन्धनात्मक ग्रन्थ मान्न सकिन्छ । यस पुस्तकमा शाक्य जातिको नेपाल उपत्यका प्रवेश लगायत कपिलवस्तुमा शाक्याहरुको संक्षिप्त इतिहास आदि उल्लेख गरिएको हुनाले यस ग्रन्थ शोधको लागि सहयोगी सिद्ध रहेकोछ ।

५. रोवर्ट ई.फीसर, बुद्धिष्ट आर्ट एण्ड आर्किटेक्चर, (लण्डनः वर्ल्ड अफ आर्ट, १९९६)

करीव २१६ पृष्ठ लामो यस पुस्तकमा एशियामा रहेको विभिन्न बौद्ध धर्म मान्ने मुलुकहरुमा रहेको बौद्ध प्रतिमाहरुको कला र वास्तुकलाको वारेमा उल्लेख गरिएको पाईन्छ। जम्मा चार अध्यायमा विभक्त उक्त पुस्तकबाट विहारहरुमा रहेको प्रतिमाको बारे केही जानकारी मिल्ने भएको हुनाले यस पुस्तक उपयोगी भएकोछ।

६. नरेश मान बज्राचार्य, बुद्धिज्म इन नेपाल, (दिल्लीः ईष्टर्न बुक लिन्कर्स, १९९८)

नेपालमा बौद्ध धर्मको प्रारम्भ र विकास कसरी भयो भन्ने विषयलाई यस पुस्तकमा ऐतिहासिक तथ्यहरुका आधारमा साथमा उल्लेख गरेको छ। यस पुस्तकमा छैटौं अध्यायसम्म रहेको छ। पहिलो अध्यायमा किरातकालिन समयमा नेपालमा बौद्ध धर्मको अवस्थाको बारे प्रकाश पारेको छ। यस्तै दोस्रो अध्यायमा लिच्छविकालिन समयमा नेपालको बौद्ध धर्मको अवस्था बारे प्रकाश पारेको छन् भने तेस्रो अध्यायमा लिच्छविकालिन समयमा नेपालमा विहारहरुको तथ्य बारे जानकारी दिने प्रयास गरिएको छ। त्यस्तै गरी चौथौं अध्यायमा लिच्छविकालमा बौद्ध सम्प्रदायहरुको बारे उल्लेख गरिएको छ। पाचौं अध्यायमा नेपालका बौद्ध विद्वानहरु बुद्धभद्र देखि महाकरुणिकासम्मको बारे उल्लेख गरिएको छ भने छैटौं अध्यायमा नेपाल आएका तिब्बती बौद्ध विद्वानहरुको बारेमा उल्लेख गरिएको पाइन्छ। यसरी किरातकाल देखि विशेष गरी लिच्छविकालसम्मको नेपालको बौद्ध धर्मको इतिहासको अनुसन्धनात्मक कृतिको रुपमा उक्त पुस्तक प्रकाशित भएको हुँदा नेपालको बौद्ध धर्मको इतिहास बारे जान्न उपयोगी भएकोछ।

७. जगदीश चन्द्र रेग्मी, नेपालको धार्मिक इतिहास, (काठमाडौंः नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, वि.सं.२०३९)

पाँच अध्यायमा विभक्त यस पुस्तक २२० पृष्ठ लामो रहेको छ। यस पुस्तकको तेस्रो अध्यायमा नेपालमा बौद्ध धर्म, बौद्ध सम्प्रदाय, बौद्ध आचार्य भिक्षु, बौद्ध शिक्षा केन्द्र, बौद्ध विहार आदी बारे उल्लेख गरेको पाइन्छ। यस्तै गरी नेपालमा चैत्य निर्माण कला, अशोक र नेपाल आदी बारे जानकारी दिएको हुँदा यो पुस्तक शोधको लागि उपयोगी भएकोछ ।

८. हरिराम जोशी, मध्यकालीन अभिलेखहरु, (काठमाडौंः वि.सं. २०३६)

यस ग्रन्थमा नेपालको मध्यकालिन अभिलेखहरुको सकंलन गरिएको छ। यसर्थ यस पुस्तक अभिलेखहरु सम्बन्धमा जानकारी लिनको लागि उपयोगी उपयोगी भएकोछ।

९. दामोदर पौड्याल, समाज शास्त्रको उत्थानमा गुठीको भुमिका, (काठमाडौंः नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४४)

नौ अध्यायमा विभक्त यस पुस्तकमा करीव ७९ पृष्ठ रहेको छ। यस पुस्तक भित्र विभिन्न गुठीहरुको बारे उल्लेख गरेको पाइन्छ। यसमा गुठी व्यवस्थाका आधारभुत कुराहरु, गुठी व्यवस्थाको प्राचीन तथा आधुनिक स्वरुप आदी बारे उल्लेख गरेको छ। शाक्य जातिको पनि विभिन्न गुठीहरु छन्। त्यसैले पनि गुठी सम्बन्धमा जानकारी लिन यो पुस्तक सहयोगी भएकोछ।

१०. खड्ग मान श्रेष्ठ, हिस्ट्री अफ बुद्धिज्म इन नेपाल, (काठमाडौंः सगुन प्रिन्टीङ्ग प्रेस, वि.सं. २०६५)

सात अध्यायमा विभाजित यस पुस्तकमा विशेष गरी प्रारम्भिक इतिहासकाल देखि शाहकालसम्मको नेपालमा बौद्ध धर्मको इतिहास बारे अनुसन्धानात्मक तथ्यहरु उल्लेख गरिएको पाइन्छ। बौद्ध इतिहासको अलावा यस पुस्तकमा बौद्ध संस्कृतिलाई पनि उल्लेख गरिएको पाइन्छ। यसर्थ यस पुस्तक शोधको लागि उपयोगी भएकोछ ।

११. गोपाल सिं नेपाली, द नेवार्स, (काठमाडौंः हिमालयन बुकसेलर, १९८८)

हिन्दू तथा बौद्ध दुवैले मान्दै आएको चाडपर्व, रितिरिवाज सम्बन्धमा यस पुस्तकमा उल्लेख गरेको पाइन्छ। यस पुस्तकमा शाक्यहरुको संस्कृति पनि उल्लेख गरिएको छ तर छुटै शाक्य जातिको संस्कृतिको अध्ययन अनुसन्धान गरी तथ्यहरु उल्लेख नगरीकन बौद्ध नेवारहरुले मान्ने संस्कृतिलाई मात्र छोटकरीमा उल्लेख गरेको पाइन्छ। हिन्दू तथा बौद्ध संस्कृतिहरुमा भएको समानता विशेष गरी दुवैले मान्दै आएको चाडपर्वको उल्लेख गरेको पाइन्दैन। यस पुस्तकमा कीर्तिपुरको नेवारको बारेमा स्थलगत अध्ययन गरी स्थानीय रुपमा तिनीहरुले मान्दै आएको जात्रा, संस्कारहरुको बारेमा अनुसन्धनात्मक तथ्यहरु उल्लेख गरिएको पाइन्छ। शाक्य जातिको बारे, उनीहरुको संस्कृतिको बारे विस्तृत रुपमा उल्लेख

गरेको पाइन्दैन । तैपनि उक्त पुस्तकमा उल्लेख भएको अनुसन्धनात्मक तथ्यहरुबाट केही भए पनि उपयोगी भएकोछ ।

१२. हर्ष मुनी शाक्य, शाक्यवंमशीय पूर्वजहरुको चिनारी, (काठमाडौंः शाक्य फाउण्डेशन, वि.सं. २०६१)

यस पुस्तकमा दुई वटा लेखकहरु उल्लेख गरिएको छ । उक्त लेखहरुमा शाक्यहरुको पूर्वजको सम्बन्धमा सामान्य रुपमा वर्णन गरिएको छ । यो पुस्तक शोधको लागि केही मात्रामा भए पनि सहयोगी हुन सक्दछ ।

१३. रत्न काजि, विजय रत्न वज्राचार्य, नेपा दे या विहारया ताचाः, (काठमाडौंः १९८३)

काठमाडौं उपत्यकामा रहेको वहाल तथा वहीलहरुको वारे संक्षिप्त रुपमा यस पुस्तकमा उल्लेख गरेको पाइन्छ । त्यस्तै गरी वहाल तथा वहीलको भिन्नता वारे पनि यस पुस्तकमा उल्लेख गरेको पाइन्छ । यस पुस्तक बाट शाक्यहरु वहाल तथा वहीलमा वसोवास गर्ने भएको हुनाले यो पुस्तक शोधको लागि सहयोग हुन सक्दछ ।

१४. डेभिड एन. गेलनर, मन्क, हाउसहोल्डर एण्ड तान्त्रीक प्रीष्ट , (न्यू दिल्लीः रेखा प्रीन्टर्स प्रा.लि., १९९६)

यस पुस्तकमा महायान वज्रयानी नेवार बौद्धहरुको बारेमा उल्लेख गरिएको छ । करीव ४२८ पृष्ठ लामो यस पुस्तक १२ अध्यायमा विभक्त गरिएको छ । यस पुस्तकमा नेवार जातिहरुको बारे उल्लेख गरिएको छ भने हिन्दू र बौद्धहरु वीचको सांस्कृतिक सम्बन्धवारे पनि यसमा विस्तृत रुपमा उल्लेख गरिएको छ । यस पुस्तकमा शाक्य वज्राचार्यहरुले वहाल मान्ने देवताहरुको वारे पनि उल्लेख गरिएको छ । यो पुस्तक शोधको लागी सामान्य रुपमा भए पनि उपयोगी हुनेछ ।

१५. श्रीराम प्रसाद उपाध्याय, नेपालको प्राचिन तथा मध्यकालिन इतिहास, (काठमाडौंः रत्न पुस्तक भण्डार, वि.सं. २०५५)

यस पुस्तकमा करीव २३८ पृष्ठ लामो र जम्मा २१ अध्याय रहेको छ । यस पुस्तकको चौथौं अध्यायमा काठमाडौं उपत्यकाको उत्पत्ति र इतिहासबारे संक्षिप्तमा उल्लेख

गरेको पाइन्छ भने छैठौं अध्यायमा कपिलवस्तुको इतिहास वारे उल्लेख गरिएको पाइन्छ। यस्तै गरी यस पुस्तकमा लिच्छविकालिन इतिहास, मल्लकालिन इतिहासबारे पनि संक्षिप्त रुपमा उल्लेख भएको छ। यसरी काठमाडौंको इतिहास बारे पनि यसमा उललेख भएको हुनाले यस पुस्तक शोधको लागि उपयोगी भएकोछ।

१६. रन्जना वज्राचार्य, पञ्चदानः बौद्ध पर्व, (काठमाडौंः शाक्य जः, २०००)

यस पुस्तक ३९ पृष्ठ लामो र सातौ अध्यायमा विभक्त रहेको छ। यस पुस्तकमा विशेष गरी पञ्चदानको बारेमा विस्तृत रुपमा व्याख्या गरिएको छ। यस पुस्तक एक अनुसन्धनात्मक कृति भएको हुनाले पनि पञ्चदान बारे जान्नको लागि यो एक महत्वपूर्ण कृति हो। शाक्यहरुको मुख्य पर्वको रुपमा रहेको पञ्चदानको बारे जान्नको लागि यो पुस्तक उपयोगी हुनेछ।

१७. विजय क्रान्ति शाक्य, किर्तिपुण्य महाविहार एक सांस्कृतिक अध्ययन, शोधपत्र, ( काठमाडौंः त्रि.वि.वि, वि.सं. २०५६)

करीव १५७ पृष्ठ लामो यस शोध पत्रमा विशेष गरी न्हाय्कं वहीलको शाक्यहरुको संस्कृति, उक्त वहीलको वास्तुकला, उक्त वहीलको इतिहास आदी बारे उल्लेख गरिएको छ। छैटौं अध्यायमा विभक्त गरिएको उक्त शोधमा शाक्यहरुको सास्कृतिक पक्ष,वहाल वहिलको विशेषताहरु आदी बारे उल्लेख भएको हुँदा शोधको लागि धेरै नै उपयोगी भएकोछ ।

## ३. अनुसन्धानको सीमा र क्षेत्र

यसको लागि का.म.न.पा वडा. नं. २१ स्थित लगन टोलको लगं बाहा अर्थात कीर्तिपुण्य महाविहार भित्र मात्रै सिमित रहने छ। विशेषतया यस बिहारको संघको गुठीहरुको प्राचीनता, संघ परम्परा, चैत्यहरु, वास्तुकला एवं पुरातात्वीक महत्वको क्षेत्र यहाँका शाक्य र वज्राचार्यहरुले मान्ने गुठीको परम्पराबारे संक्षिप्त टिप्पणी गरिने छ। यस शोध कार्य सम्पन्न गर्नका लागि क्षेत्र अवलोकन, अन्तर्वाता तथा औपचारिक अनौपचारिक छलफल, अर्न्तक्रिया विधि अपनाउदै यो कार्य सम्पन्न गरिएको छ।

## ४. अनुसन्धानको औचित्य

धेरै नेपाली तथा विदेशी बिद्वानहरुले बौद्ध विहारसँग सम्बन्धित थुप्रै सामाग्रीहरु नेपाली र अंग्रेजी भाषामा प्रकाशित गरिसकेका छन्। ती लेखकहरुले आफ्नै किसिमले

आफ्नो सिमित क्षेत्रभित्र रहि विहारसँग सम्बन्धीत लेखहरु लेख्नु भएको छ । यसरी विभिन्न विद्वानहरुले बौद्ध विहारसँग सम्बन्धीत कुराको वर्णन गर्नु भए पनि हालसम्म काठमाडौंमा अवस्थित १८ वटा बहाल र त्यससँग सम्बन्धीत गुठी परम्पराको बारे राम्रो अध्ययन नभएको देखिएकोले, त्यस्तै १८ बाहा मध्येको एक बाहा यस “कीर्तिपुण्य महाविहार (लगं बाहा)” को पनि गुठी परम्पराहरुलाई अहिलेसम्म विस्तृत रुपमा अध्ययन अनुसन्धान नगरिएको हुनाले मैले लगं बहालमा मनाईने गुठी परम्पराहरुका बारे शोध पत्र तयार गर्न अनुसन्धान गर्न खोजेको छु । विभिन्न विद्वानहरुले यस बहाल सम्बन्धी लेख्नु भएको विभिन्न ग्रन्थहरुका सामान्य केही कमजोरी र अभाबहरुको जानकारी यस शोध पत्रमा गरीएको छ ।

## ५. अनुसन्धान

यस शोध कार्यक्रममा मुख्यतया निम्न तरिकाबाट सामाग्री संकलन गरिने छ ।

**क) प्राथमिक तथ्यांक :** यस बहालसँग सम्बन्धीत गुठियार, थकाली, थाय्पा, गुभाजु ( वज्राचार्य) आदि र यस बहाल बारे थाहा पाउनेहरुसँग अन्तर्वार्ता आदिलाई प्राथमिक श्रोतको रुपमा लिइएको छ । यस सूचना दाताहरु छनौटमा सकेसम्म ३५ देखी ६० वर्ष उमेर नाघी सकेका मानिसहरुको समुहहरु छनौट गरीएको छ ।

१) **अवलोकन भ्रमण :** यस बहालको गुठी परम्पराहरुलाई स्थलगत अध्ययन गरी तथ्यहरुको सप्रमाण विश्लेषण गरीएको छ ।

२) **अभिलेख संकलन :** शोधलाई अझ बढी प्रभावकारी र प्रमाणिक बनाउन यहाँ पाइएका प्रकाशित र अप्रकाशित शिलालेखहरु, ताम्रपत्रहरु र हस्त लिखित ग्रन्थहरुबाट तथ्यहरु संकलन गरी ऐतिहासिकता केलाउने प्रयास गरीएको छ ।

३) **चित्रहरु :** अध्ययन विषय वस्तु सित सम्बन्धीत वस्तुको सम्भव भएसम्मको फोटो लिई त्यसको अध्ययन र विश्लेषण गरीएको छ ।

४) **अन्तर्वार्ता :** यस शोधपत्रको सन्दर्भमा गहिरो जानकारी प्राप्त गर्नका लागि सम्बन्धित व्यक्तिहरु सँग अन्तर्वार्ता लिइएको छ । विशेष रुपमा, गुठीका सदस्यहरु, परम्परासँग प्रत्यक्ष रुपमा जोडिएका व्यक्तिहरु, र ३५ देखी ६० वर्षभन्दा माथिका नागरिकहरुलाई छनोट गरिएको छ । यी व्यक्तीहरुसँग

परम्परागत ज्ञान, अनुभव, र उनीहरुको विचारहरु संकलन गरी विश्लेषण गरीएको छ ।

**ख) द्वितीयक तथ्यांक :**

यस अध्ययनमा विभिन्न पूर्ववर्ती विद्वानहरुद्वारा लेखिएका सैद्धान्तिक र व्यवहारिक लेख तथा अनुसन्धानहरु अध्ययन गरिएको छ । लगं बहालको परम्पराको ऐतिहासिकता र वर्तमान अवस्थाको विश्लेषण गर्न पुस्तक, पत्रपत्रिका, र एतिहासिक दस्तावेजहरुको अध्ययन गरिएको छ । शोध पत्र तयारको लागि यस विहारसँग सम्बन्धीत केही विद्वानहरुको प्रकाशित लेख, सूचना आदि महत्वपूर्ण जानकारीहरुको संकलन, तुलनात्मक अध्ययन र विश्लेषण गरी तथ्यहरु संकलन गरीएको छ । साथै, डिजिटल युगको फाइदा उठाउँदै सामाजिक संजालका सामाग्रीहरु पनि अध्ययनमा समावेश गरिएको छ, जसले परम्पराको समकालीन दृष्टिकोण दिनमा मद्दत पुऱ्याएको छ ।

**६. शोध पत्रको सगंठनात्मक स्वरुप**

प्रस्तुत शोध पत्र निम्नगरी सगंठित गरिएको छ ।

अध्याय एक : परिचय

अध्याय दुई : शाक्य र वज्राचार्यहरुको उत्पत्ति र बसाइँ सराई
ऐतिहासिक पृष्ठभुमि
शाक्य र वज्राचार्यहरुको उत्पति
शाक्य र वज्राचार्यहरुको बसाइँ सराई

अध्याय तीन : नेपालमा विहारहरुको विकासक्रम
नेपालमा रहेका बहालहरुको विशेषता

अध्याय चार : लगं बाहालको परिचय
परिचय
वास्तुकला
सघं परम्परा

अध्याय पाँच : लगं बहालमा हुने धार्मिक तथा साँस्कृतिक परम्पराहरू
गुठीको ऐतिहासिक पृष्ठभूमि

अध्याय छ : लगं बहालका गुठी परम्पराको बर्तमान अवस्था

# अध्याय सात : साराशं र उपसंहार

# अध्याय दुई

# २ शाक्य र वज्राचार्यहरुको उत्पत्ति र बसाइँ सराई

## २.१ ऐतिहासिक पृष्ठभूमि

नेपाली समाजमा शाक्य समुदायको विशेष पहिचान र गरिमा रहेको छ। शाक्यहरू झन्डै २६०० वर्षदेखि काठमाडौं उपत्यकामा बसोबास गर्दै आएका, विकसित संस्कारयुक्त जातिका रूपमा परिचित छन्। विशेषगरी काठमाडौं उपत्यका र आसपासका क्षेत्रहरूमा दुई सयभन्दा बढी बहाः-बहीका सदस्यका रूपमा शाक्यहरूको उपस्थिति छ। शाक्य समुदाय राज्यको एक गरिमामय जातिका रूपमा स्थापित भइसकेको पाइन्छ। यस समुदायले शिल्पकला, वास्तुकला, चित्रकला, र सुनचाँदीका गहनाहरू बनाउने जस्ता विभिन्न कलाका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। साथै, नेपालमा बौद्धधर्म, संस्कृति, र कलाकृतिहरूको संरक्षण तथा प्रवर्द्धनमा शाक्यहरूको योगदान अतुलनीय छ, जसले हजारौं वर्षदेखि निरन्तरता पाइरहेको छ।

## २.२ शाक्य वंशको उत्पत्ति

'शाक्य' शब्दको विभिन्न अर्थहरू दिइने गरिएको छ। 'शाक' वा 'शक' शब्दसँग सम्बन्धित 'शाक्य' शब्दलाई शाक वृक्षसँग जोडेर व्याख्या गरिन्छ, जसलाई बढी मान्यता प्राप्त छ (प्रधान,वि.स.२०४२,पृ.३)। पाली भाषामा 'शाक्य'लाई 'साकिय' पनि भनिन्छ। यस शब्दको सबैभन्दा पुरानो अभिलेखीय प्रमाण ब्राह्मी लिपिमा लेखिएको लुम्बिनीको अशोक स्तम्भमा उल्लेख गरिएको 'सक्यमुनि' हो। यस्तै, अमरसिंहले रचित अमरकोशमा देवताहरूको नामको सूचिमा पहिलो स्थानमा बुद्धको नाम राखेका छन्। बुद्धका १८ नामहरूमा शाक्यमुनि, शाक्य सिंह, सर्वार्थसिद्ध, शौद्धोदनि, गौतम, अर्कवन्धु, र मायादेवीसुत नामहरूले बुद्धको पारिवारिक र शाक्य सम्बन्धलाई जनाएका छन् (प्रधान,वि.स.२०४२,पृ.५)।

शाक्यवंशको उत्पत्तिबारे बौद्ध ग्रन्थहरूको विभिन्न निकायहरूमा, विशेषगरी दीघनिकाय, सुत्तनिपातका अर्थकथा, सौन्दरनन्द महाकाव्य, महावंश, महावस्तु, ललितविस्तर, र महाभिनिष्क्रमणसूत्र जस्ता ग्रन्थहरूमा उल्लेख पाइन्छ। ती ग्रन्थहरूले शाक्य वंशको उत्पत्तिलाई विभिन्न ढंगले व्याख्या गरे पनि सबैले राजा ओक्काकलाई शाक्यहरूको मूल पूर्खा मान्ने विषयमा एकमत देखिन्छ। राजा ओक्काकले आफ्ना सन्तानहरूबीच भएको वैवाहिक सम्बन्धबाट शाक्य वंशको विस्तार भएको भनाइ सर्वसम्मत छ।

दीघनिकायका अनुसार शाक्यहरूले आफूलाई इच्छ्वाकु वंशका राजा ओक्काकका सन्तान मानेका छन् । ओक्काकको मुखबाट 'चिराक (उक्का)' जस्तो रश्मि निस्कन्थ्यो, जसले गर्दा उनलाई ओक्काक भनियो (अमृतानन्द, वि.सं. २०३०,पृ. ११७) । लामो समयपछि, उनले आफ्नो प्रिय रानीको छोरा जयन्तुलाई राज्य दिन चाहेर, जेठी रानीका छोराहरू ओक्काकमुख, करकण्डु, हत्थिनीक, र सिनिपुरलाई देश निकाला गरे । तिनका पाँच जना दिदीबहिनीहरू - प्रिया, सुप्रिया, आनन्दा, विजिता, र विजितसेना पनि उनीहरूसँगै देश बाहिर गएका थिए ( अमृतानन्द, वि.सं. २०३०,पृ. ११८) ।

राजकुमार र राजकुमारीहरू राज्यबाट निकालिएपछि हिमालयतिर गई महाशाकवनखण्डको एउटा पोखरी किनारामा बसोबास गरे । त्यहाँ आफूअनुकूल अर्को राजपरिवारका सदस्यहरू नपाएकोले जातीय शुद्धता कायम राख्न आफ्नै बहिनीहरूसँग विवाह गरे । जब राजा ओक्काक्ले यो सुने, उनले "सक्य वत भो कुमार" अर्थात् "कुमारहरूले पुरुषार्थ देखाए" भनेर प्रशंसा गरे । विकट परिस्थितिमा दाजुभाइ-बहिनीले वंश निरन्तरता दिन पति-पत्नी बनेको कार्य उचित मानिन्थ्यो। यही 'सक्य' भन्ने शब्द, जसको अर्थ पुरुषार्थ गर्ने वा सामर्थ्यवान हुन्छ, त्यसैबाट कपिलवस्तु राज्यका परिवारलाई 'शाक्य' भनिन थालियो । (बज्राचार्य, दुण्ड बहादुर २०००,पृ.७४) राजा ओक्काक शाक्यवंशका मूल पूर्खा थिए ।

बुद्धघोषले यो घटनालाई आफ्नो अर्थकथामा उल्लेख गरेका छन्, जुन भुवनलाल प्रधानले व्याख्या गरेका छन् । प्रधानका अनुसार, राजा ओक्काक्काका पाँच रानी थिएः भृत्ता, चित्ता, जयन्ती, जालिनी, र विशाखा । जेठी रानीका चार ओक्काक्मुख, करकण्डु, हत्थिनीक, सिनिपुर छोरा र पाँच छोरी पिया, सुपिया, आनन्दा, विजिता, विजितसेना थिए । तर, राजा ओक्काक्ले आफ्ना नयाँ रानीबाट जन्मेका छोरा जयन्तुलाई राजा बनाउन चाहेर जेठी रानीका सन्तानहरूलाई देश निकाला गरे। यी राजकुमार-राजकुमारीहरू उत्तरतिर गई कपिलवस्तु स्थापना गरे, जुन कपिल ऋषिको नामबाट राखिएको थियो । कपिल ऋषिको सल्लाहअनुसार शाक वनको क्षेत्रलाई फाँडेर वस्ती बसाइएको थियो । वंशलाई शुद्ध राख्नका लागि ती चार जोडी राजकुमार-राजकुमारीहरू विवाह बन्धनमा बाँधिए र यिनैबाट शाक्यवंशको सुरुवात भयो ।

जेठी राजकुमारीलाई कुष्ठरोग लागेकोले उनलाई कमल पोखरीको बीचमा एकान्तमा राखियो । त्यही समयमा वाराणसीका राजा राम पनि कुष्ठरोगले ग्रस्त भएर जंगलमा बसेका थिए । उनले कोल भन्ने जडीबुटी खाएर आफ्नो रोग निको पारे । राजा रामले एकदिन जेठी राजकुमारीलाई बाघको हमलाबाट बचाए र उनको रोग पनि त्यही जडीबुटी खुवाएर निको गरिदिए । पछि उनीहरूले विवाह गरे र यसैबाट 'कोलियवंश'को शुरुवात भयो। कोलवृक्षहरू काटेर एक नयाँ नगर स्थापना गरियो, जसलाई 'कोलनगर' भनियो । कोलिय र शाक्य परिवारका बीच वैवाहिक सम्बन्ध कायम भयो, जसले बुद्धको समयसम्म निरन्तरता पायो ( प्रधान, वि.सं.२०४२, पृ.४-६) ।

महाकवि अश्वघोषले पनि आफ्नो काव्य 'शौन्दरानन्द'मा यो घटनालाई उल्लेख गरेका छन् । उनका अनुसार, ओक्काक्काका राजकुमारहरू कपिल गौतम ऋषिको आश्रमतिर बसोबास गर्न पुगे । उनीहरू बसोबास गरेको स्थान 'शक' वृक्षले ढाकिएको थियो, जसका कारण तिनलाई 'शाक्य' भनियो । उनीहरूका धर्मगुरु कपिल गौतम ऋषि थिए, जसका कारण उनीहरू पनि 'गौतम' कहलाए । कपिल ऋषिले आफ्नो मृत्युपछि नयाँ नगर बसाल्न सुझाव दिए, र त्यसैकारण नगरको नाम कपिलवस्तु रह्यो (चौधरी, सन् १९८६,पृ.४-८) ।

महावंशमा उल्लेख भएअनुसार, कपिलवस्तु राज्यका संस्थापक जेठा राजकुमार ओक्काक्मुख थिए । यस वंशका राजा जयसेन र उनका उत्तराधिकारी सिंहनु थिए। सिंहनुको परिवारमा पाँच छोरा र दुई छोरी थिए, जसमा छोरी अमृताको विवाह देवदह नगरका सुप्रबुद्ध शाक्यसँग भयो । अमृताकी छोरी यशोधरा, राजकुमार सिद्धार्थकी पत्नी थिइन् । यस राजपरिवारसँग बुद्धको गहिरो सम्बन्ध थियो। शुद्धोदनका दुवै रानीहरू मायादेवी र प्रजापति गौतमी देवदहका अञ्जन शाक्यका छोरीहरू थिए (कोसल्यायन, सन् २००९,पृ.२९ ) ।

बुद्धकालीन समयमा नारायणी नदीको र गंगाको पासमा वैशाली नगरीमा लिच्छविहरुको गणराज्य थियो । त्यस्तै गोरखपुरनीरको कुशिनगर(कुशिनारा)मा मल्लहरुको गणराज्य थियो । अहिले वैशाली र कुशिनारा भारततर्फ परेका छन् । शाक्य गणजातिको बसोवास भएको र सिद्धार्थ गौतमको राजदरवार भएको कपिलवस्तुको तिलौराकोट जन्मस्थल भएको रुपन्देहीको लुम्बिनी वन उनैका मावली घर भएको र कोलीय गणको आबादी भएको देवदह रामग्राम नेपाल तराईकै लुम्बिनी अञ्चलका कपिलवस्तु, रुपन्देही र नवलपरासी जिल्लाभित्र पर्दछन् । चौध अञ्चल पचहत्तर जिल्ला विभाजन हुनुअघि पाल्ही माझखण्ड

स्युराज खजहनीका नामले यी जिल्ला चिनिन्थे । रामग्राम र देवदह अहिले उजाड भएर केवल नाम शेष मात्र भएर रहेका छन् भने बुद्धको राजदरवार कपिलवस्तुको तिलौराकोट र जन्मभूमि लुम्बिनीमा विश्वकै आँखा परेकोले ती स्थल जे जस्तो रुपमा भएपनि प्रसिद्धिमा आएका छन् । अरु देवदह, रामग्राम र त्रिवेणी पूर्व किनारका वाल्मीकि आश्रम भनिने स्थानचाहिँ देहातका गाउँमा अनकन्टार जंगलमा रहेका छन् (प्रधान, वि.सं.२०४२, पृ.९) ।

यस्तै ज्ञानमणि नेपालका अनुसार वर्तमान नेपाल तराईका तौलिहवा, कपिलवस्तु, रुपन्देही र नवलपरासी जिल्ला प्राचीनकालमा शाक्यजनपद भनेर कहिन्थ्यो । यस जनपदमा शाक्यहरुको गणतन्त्रात्मक शासन पद्धति चलेको थियो । बुद्धको उदय अघिपछि पनि धेरै शाक्यहरु व्यापारीको रुपमा व्यापर गर्न  र भिक्षुका रुपमा बौद्धधर्म प्रचार गर्न हालको काठमाडौं उपत्यकामा प्रवेश गरिरहेका थिए । शाक्यजनपदलाई बीचमा वहने रोहिणी नदीले दुई भागमा विभक्त गरेको थियो । पश्चिमपट्टि शाक्यहरुको शासन थियो भने पूर्वपट्टि कोलीहरुको । परासी जिल्लाको सदरमुकामको अलिकति दक्षिणपूर्वमा रामग्राम अवस्थित थियो । यहीँ कोलीहरु शासन चलाउँथे । त्यहाँबाट केही संख्यामा कोलीहरु धेरै पहिले नै नेपाल उपत्यकामा पसेर वागमती-विष्णुमतीको दोभान उत्तर अवस्थित वर्तमान काठमाडौं शहरमा नै बसोबास गरेका थिए ( वि.सं.२०५५.पृ.८) ।

पी.सी. मुखर्जीका अनुसार, तिलौराकोट कपिलवस्तु नगरको ऐतिहासिक अवशेष हो, जहाँ शाक्यहरूको प्रमुख नगर थियो (अमृतानन्द,वि.सं.२०३०,पृ.१२९) । बुद्धकालीन भारतको १६ महाजनपदहरु तथा ६ प्रमुख महानगरहरुमा कपिलवस्तु शाक्यहरुको प्रमुख नगर तथा शाक्य जनपदको राजधानी थियो । कपिलवस्तु तथा कोलीय गणराज्य कोशल राज्य अन्तर्गतका थिए (अमृतानन्द,वि.सं.२०३०,पृ.१२४) । कपिलवस्तु र कोलीय राज्यहरू बीच वैवाहिक सम्बन्ध रहँदै आएको थियो, जसले बुद्धको परिवारलाई यी दुई राजवंशहरूसँग जोड्न मद्दत पुर्यायो । शाक्य गणराज्यमा बसोबास गर्ने सबै जनसङ्ख्यालाई शाक्य जातिको मान्न सकिन्छ, जुन बुद्धको परिवारसँग गहिरो रूपमा सम्बन्धित थियो ।

लेखक सिल्भा लेभीका अनुसार “सन १३२४ मा हरिसिंहदेवको नेपाल विजयले जातपातको चलन बलियो पार्ने काम चाँडै हुन गयो । उनी यसै उपत्यकामा पहिलोपटक शुद्ध रगतको र ब्राह्मण धर्मका नियमहरु लागू गर्ने हिन्दू राजा भए । हरिसिंहदेवले आफूसंग अरु सात जातका मानिसहरु पनि ल्याएका थिए भनिन्छ । यसै क्रममा हिन्दू धोबी र

कसाईंलाई पनि नेपाली समाजको अभिन्न अगंका रुपमा भित्र्याइए । हरिसिंहका मन्त्री ठाकुर चण्डेश्वरले आफ्नो नाममा दुइटा धार्मिक कानुनका बृहत् पुस्तक 'स्मृति रत्नाकर' र 'कृत्य चिन्तामणि' बनाए या बनाउन लगाए । त्यस्तै नेपालको दक्षिणतिरका यिनकै परिवारको तिरहुतका राजा नरसिंहदेवले 'दान वाक्यावली'का लेखक विद्यापतिलाई काम गर्न लगाए । यसैलाई अनुसरण गर्दै जयस्थिति मल्लले यस किसिमका कार्य नेपालमा पनि गर्न खोजे । उनले भारतबाट पञ्चब्राह्मणहरु कीर्तिनाथ उपाध्याय, रघुनाथ झा, श्रीनाथ भट्ट, महिनार भट्ट र रामनाथ झालाई बोलाए । शास्त्रहरु खोजेर यिनीहरुले जाति, जातपात, घरबार, खेतीपाती, मृत्यू संस्कार आदि विषयका नियम कानुन सङ्कलन गरी शास्त्र तयार गरे ( १९०५, पृ ३८) । काम सुक्ष्म र अप्ठेरो थियो । बौद्धमार्गीहरुको प्रभाव भएको कारणले दुइटा भिन्न खालका समाजका मानिसहरुलाइ ब्राह्मणवादको सामाजिक संगठनभित्र मिलाएर राख्ने नियम बनाउने काम गाह्रो थियो । सबैभन्दा पहिले त बन्ड्याहरुको प्रसंग उठ्यो । यसलाई ब्राह्मणहरुले विनम्रढंगले मिलाए । यसका निम्ति चलनचल्तीका कुराहरु लिइयो । बन्ड्याहरु तेत्रायुगमा ककुछन्द बुद्धले धर्म परिवर्तन गरेका ब्राह्मण र क्षेत्रीयका सन्तान हुन भनि यिनीहरु ब्राह्मण र क्षेत्रीयको वर्गमा राखिए । समयले ल्याएको विपत्तिका कारण र शंङ्कराचार्यको कारण यिनीहरुले विहारको जीवन त्यागेर परिवारमा बस्नु परेको थियो । तर चारै वर्णका मानिसहरुले उनीहरुलाई इज्जत गर्थे । बन्ड्याहरु सन्यासी जस्तै हुन् । सबै एकै वर्गका एकै जातका । यसबाट सैद्धान्तिक रुपमा दुइ बीच समानता भयो । तर यसबाट ब्राह्मणवादलाई नै लाभ भयो र वर्ग विभाजनको काम शुरु हुन थाल्यो । यहाँका मानिस ६४ जातमा बाँडिए । जयस्थिति मल्लका पण्डितहरुको संरचनाले शताब्दियौंका संरचनाको प्रतिरोध गरेको थिएन । समयको प्रभाव संगै यसले समाजको भित्री आधारभुत कुरा नखलबल्याइकन बाहिरी परिवर्तन मात्र ल्याएको थियो । नेवारहरु दुइ ठूला प्रतिस्पर्धी धार्मिक सम्प्रदायहरुमा विभाजित थिए– बौद्धमार्गी र शिवमार्गी । बौद्धमार्गी र शिवमार्गी जात भन्नु पेशागत समुदाय र धार्मिक संगठन दुबै हुन् । शिवमार्गीहरु हिन्दु धर्म मान्ने हुँदा सहजै ब्राह्मण वर्गीकरणमा पर्दछन । बौद्ध समाज तीन ठूला भागमा बाँडिएको थियो –बाँडा( बन्ड्या), उदास र मिश्रित जात । यी मध्ये बुद्ध धर्मका ब्राह्मण बन्ड्या ९ थरि व्यवसायिक समूहमा बाँडिएका थिए :

१. गुबहाजु, गुबहाल, गुरुभाजु, गुबाल सबैभन्दा ठूलो वर्गका हुन् र यिनीहरुलाइ पुरोहित, गुरु, आचार्य, बज्राचार्य भनिन्छ ।

२. बरहाजु

३. भिखु

४. भिक्षु

५. नेभार

६. निभरभरी, फलाम र पित्तलको काम गर्ने । मूर्ति र भाँडा बनाउने , ऐना टिनको पाताको काम गर्ने ।

७. तमकर्मी, फलाम वा पित्तलबाट बन्ने वन्दुक र गोली बनाउने ।

८. गमसबही

९. शिवबही, काठको काम गर्ने, बज्रकर्मी र बुटाभर्ने काम पनि गर्ने । यस्तै १७औं शताब्दिमा पाटनका राजा सिद्धिनरसिंहले बन्ड्याहरुलाई काठको काम गर्ने पेशामा पनि लगाएका थिए ।"

वज्राचार्य जातिको इतिहास बौद्धधर्मको नेपालमा आगमन र प्रसारसँग गहिरो रूपमा गाँसिएको छ, विशेषगरी वज्रयान या तान्त्रिक बौद्धधर्मसँग । समयसँगै, यो बौद्धधर्मको यस प्रकारको अनुष्ठान र परम्परालाई सम्हाल्न र संरक्षित गर्न एक पुजारी वर्गको उभार भएको छ । वज्राचार्यहरू नेवार समुदायभित्रको उच्च जाति मानिन्छ । उनीहरू आफ्नो उत्पत्ति प्राचीन तान्त्रिक बौद्धधर्म, विशेष गरी वज्रयान बौद्धधर्ममा खोज्छन्, जहाँ धार्मिक र अनुष्ठानिक कर्तव्यहरू व्यक्तिहरूलाई शास्त्र, अनुष्ठान र गूढ अभ्यासको ज्ञानको आधारमा सुम्पिन्छ ।

## २.३ वज्राचार्य वशंको उत्पति

"वज्राचार्य" शब्द संस्कृतका "वज्र" (अर्थात् गरगराहत वा हिरा, जुन वज्रयान बौद्धधर्ममा महत्वपूर्ण प्रतीक हो) र "आचार्य" (अर्थात् शिक्षक) बाट उत्पन्न भएको हो । यसैले, वज्राचार्यहरू वज्रका शिक्षक वा गुरु हुन्, जसले तान्त्रिक बौद्धधर्ममा आध्यात्मिक नेता र अनुष्ठानिक विशेषज्ञको रूपमा आफ्नो भूमिका निर्धारण गर्छन् । वज्राचार्यहरू मुख्य रूपमा गूढ अनुष्ठानहरू, दीक्षा, र अन्य तान्त्रिक अनुष्ठानहरू सम्पन्न गर्ने जिम्मेवारीमा छन्, जुन वज्रयान बौद्धधर्मका केन्द्रमा छन् । उनीहरू पवित्र ग्रन्थ, मन्त्रा र बौद्ध अनुयायहरूको लागि आवश्यक चीरहरूसम्बन्धी ज्ञान राख्छन् (वज्राचार्य,१९९८,पृ.५६) ।

लिच्छविकालका अभिलेखमा 'महासांघिक' भन्ने शब्द प्रयोग भएको पाइएबाट नेपाल-उपत्यकामा लिच्छवि शासनकालमै बौद्धधर्म अन्तर्गत महायान-वज्रयानको पनि विकास भएको मान्न सकिन्छ (वज्राचार्य, १९९८,पृ.५८) । यहाँ वज्रयानको लोकप्रियता सातौं-आठौं शताब्दीतिर प्रचूर मात्रामा बढ्न गएपछि बौद्ध शिक्षाका विद्वानहरु पनि समाजमा धेरै देखिन थालेको हुनुपर्दछ । यसै क्रममा वज्रयानमा शाक्य भिक्षुहरुले आचार्यसम्म अध्ययन गरी आचार्यत्व ग्रहण गर्नुपर्ने नियम बनेको हुनुपर्दछ । जसले बौद्ध शिक्षामा आचार्यत्व ग्रहण गर्दथे ती शाक्य भिक्षुहरु 'वज्राचार्य' भनिन थाले । वज्राचार्यको प्रादुर्भावको सम्बन्धमा भन्ने हो भने वज्राचार्य कुनै जाति विशेष नभइकन बौद्ध शिक्षामा आचार्य गरेका व्यक्तिहरु थिए । अर्थात् 'वज्राचार्य' एक पदवी थियो । तत्कालीन समयमा समाजमा रहेका विभिन्न जाति-वर्णका व्यक्तिहरुले पनि बौद्ध धर्ममा आचार्य गरी वज्राचार्य उपाधि ग्रहण गर्दथे भन्ने बुझ्न सकिन्छ । भाषाविद् तथा साहित्यकार काशीनाथ तमोटका अनुसार काठमाडौं लगनबहाःको लुन्तभद्र जो अहिलेसम्मको खोजी अनुसार नेपाल भाषाको दोस्रो प्राचीनतम ग्रन्थ 'न्याय विकाशिनी'(नारद संहिता, ने.सं. ५००)का प्रतिलिपिकार हुन्, उनी पनि 'शाक्यभिक्षु' 'बज्राचार्य' भएको कुरा स्मरणीय छ (प्रधान,वि.सं.२०४२,पृ.६) ।

तत्कालीन समयमा समाजमा रहेका विभिन्न जाति-वर्णका व्यक्तिहरु बौद्ध धर्ममा आचार्य गरी वज्राचार्य उपाधि ग्रहण गर्ने गर्दथे । इतिहासमा हिन्दू ब्राह्मणहरु समेत वज्राचार्य भएको उदाहरण अहिलेसम्म पनि जीवितै छ । यसै सन्दर्भमा भन्नुपर्दा काठमाडौंका अट्ठार बहाः मध्ये एक ओमबहाःका वज्राचार्यहरु हिन्दू ब्राह्मण थिए । तिनीहरुका माथिल्ला पुस्ताले बौद्धधर्ममा आचार्य गरे । बौद्धधर्ममा आचार्य गरेका हुनाले तिनीहरु हिन्दू ब्राह्मणबाट रुपान्तरण भएर 'वज्राचार्य' कहलिए । ओमबहाःमा प्राप्त एक ग्रन्थमा त्यहाँका बज्राचार्यहरुलाई 'द्विजवर' भनी लेखिएको छ । 'द्विज' शब्द 'ब्राह्मण' शब्दको पर्यायवाची शब्द हो (सुर्वण शाक्य,व्यक्तिगत अन्तर्वाता,क) । यस्तै ब्राह्मणहरु काठमाडौंको लगंबहाःमा पनि बज्राचार्य भएको पाइन्छ । त्यहाँका बज्राचार्यहरुले आफ्ना पुस्ता ब्राह्मण भएको बताउँछन् (शैलेस वज्राचार्य, व्यक्तिगत अन्तरवार्ता) ।

## २.४ शाक्य र वज्राचार्यहरुको बसाइँ सराई

ईसा पूर्व छैठौं शताब्दीको अन्त्यतिर शुद्धोधन सानो शाक्य गणराज्य कपिलवस्तुको राज्य प्रमुख हुँदा शाक्यहरूको स्वर्णयुग चलिरहेको थियो। शाक्य जनपदमा रहेका प्रमुख नगरहरू र गाउँहरूमध्ये चातुम, खोमदुस्सा, सामगाम, देवदह, सक्कर, मेदलुम्प, शीलावती, र उलुम्प जस्ता बस्तीहरू उल्लेखनीय छन् (अमृतानन्द,वि.सं.२०३०,पृ.१२४)।

बुद्धघोषको धम्मपद अर्थकथाका अनुसार, "राजा प्रसेनजितले भिक्षुहरूको विश्वास जित्न शाक्य राजकुमारीसँग विवाह गर्ने योजना बनाए। त्यसै अनुसार उनले भगवान बुद्धकै परिवारबाट शाक्य कन्या माग्न कपिलवस्तुमा दूत पठाए। शाक्यहरू आफ्नो जातीय गौरवमा गर्व गर्ने भएकाले प्रसेनजितलाई नीच जातका मानेर अस्वीकार गरे। तर, दासीपुत्री वासभखत्तियालाई ठ्याहा शाक्य राजकुमारी बनाइ उनलाई प्रसेनजितसँग विवाह गराइयो। वासभखत्तिया कोसलकी महारानी बनिन् र केही समयपछि उनले विरूढक नामका छोरा जन्माइन्। जब विरूढक १६ वर्षको भए, उनी आफ्नो मावल घर कपिलवस्तु गए। वासभखत्तियाले मावललाई पूर्व सूचना दिएकाले शाक्यहरूले उनलाई सत्कार गरे। तर, उनी फर्केपछि एउटा दासले विरूढक बसेको आसन धोँदै 'दासीपुत्री वासभखत्तियाका छोराले बसेको आसन यही हो' भनेको सुनेर विरूढकको क्रोध जाग्यो। उनले प्रतिज्ञा गरे, 'तिमीहरूले यो ठाउँ अहिले पानीले पखाल, म राजा भएपछि यो ठाउँलाई शाक्यहरूको मुटुको रगतले पखाल्नेछु (प्रधान,वि.सं.२०४२,पृ.५२)।

मज्झिम निकायका अनुसार, विरूढकले १६ वर्षको उमेरमा आफ्ना पितालाई पदच्युत गरे र शाक्यहरूलाई विनाश गर्न तीन पटक कपिलवस्तुमा सेना लिएर आए। तीनवटै अवसरमा भगवान बुद्धले उनीलाई सम्झाएर फर्काए। तर, चौथोपटक विरूढक फेरि सेना लिएर कपिलवस्तुमा आए। यसबीच, शाक्यहरूले एक नदीको पानी विषाक्त बनाएका थिए। भगवान बुद्धले यस्तो पाप कर्मप्रति असहमति जनाउँदै यस पटक शाक्यहरूको बचाउ गर्न अस्वीकार गरे। त्यसपछि विरूढकले शाक्यहरूको नरसंहार गरे र आफ्नो प्रतिज्ञा अनुसार, शाक्यहरूको रगतले भूमि पखाले। यसरी कपिलवस्तु ध्वस्त भयो। महानाम र केही शाक्यहरूको ज्यान बचाइयो। तर, नरसंहारको त्रासले महानामले पोखरीमा डुबेर प्राण त्याग गरे। यसरी कपिलवस्तु राज्यको पतन भयो (प्रधान,वि.सं.२०४२,पृ.५४)।

तर महापरिनिर्वाण सूत्रले यस दुःखान्त घटनाको उल्लेख गरेको छैन । बरु यसले भन्छ, "भगवान बुद्धको निर्वाणपछि पनि कपिलवस्तुका शाक्यहरू समृद्ध अवस्थामा थिए ।" यो सूत्रअनुसार शाक्यहरूले भगवान बुद्ध आफ्नै कुलका भएको आधारमा उनको अस्थिको एक भाग दाबी गरेका थिए । अस्थि पाएपछि उनीहरूले एउटा पर्व मनाएर त्यसलाई गर्भमा राखी कपिलवस्तुमा एउटा चैत्य बनाएका थिए ( धर्मरक्षित, २००७, पृ. १९६) । शाक्यहरूले यसरी अस्थि दावी गर्न सक्नु भनेको उनीहरू कपिलवस्तुमा अझै पनि समृद्ध अवस्थामा रहेको संकेत हो । यदि विरुढकको आक्रमणपछि शाक्य गणराज्य पूर्ण रूपमा ध्वस्त भएको भए, बुद्धको निर्वाणको समयमा उनीहरू अस्थि दावी गर्ने स्थितिमा नहुने थिए । त्यसैले, विरुढकको आक्रमणपछि पनि शाक्यहरू समृद्धिका साथ जीवन बिताइरहेको अनुमान गर्न सकिन्छ । यसै सन्दर्भमा, बुद्धघोषले पनि कपिलवस्तुमा जनसंख्या शून्य भएको थिएन, शाक्यहरूले सामान्य जीवन बिताइरहेका थिए भनी उल्लेख गरेका छन् । कपिलवस्तुमा बुद्धका बन्धुहरूले बुद्धको अस्थिको एक भाग प्राप्त गरेर स्तूप बनाएको तथ्यले पनि बुद्धको निर्वाण भएको समयमा उनीहरू समृद्ध अवस्थामा जीवन बिताइरहेका थिए भन्ने देखाउँछ (प्रधान,वि.सं.२०४२,पृ.५४) । रिस डाभिड्सका अनुसार, विरूढकको आक्रमण बुद्धको निर्वाणभन्दा तीन वर्षअगाडि भएको थियो । यसरी, शुद्धोधनको शासनकालसम्म समृद्ध कपिलवस्तु विरूढकको आक्रमणपछि पतन भयो । बाँकी रहेका शाक्यहरूको केही हिस्सा त्यहाँ बसेर सामान्य जीवन बिताइरहेका थिए भने धेरैजसो यत्रतत्र विस्थापित भए ( प्रधान,वि.सं.२०४२,पृ.५८) ।

यसै सन्दर्भमा हर्षमुनि शाक्य भन्छन "विरूढकको आक्रमणमा मरेका मानिसहरूको लासले पर्वत जस्तो ढाकिएको थियो । ती लासहरू कपिलवस्तुको राजधानीको उत्तरपश्चिममा गाडिएका थिए, जहाँ पछि सयौं स्तूपहरू बनाइएका थिए । विरूढकको आक्रमणपछि शाक्यहरू विभिन्न ठाउँमा विस्थापित भए । इतिहासकार भुवनलाल प्रधानले चिनियाँ तीर्थयात्री ह्वेनसाङ्गको भनाइ उल्लेख गर्दै भन्छन्, "कपिलवस्तुबाट भाग्न सफल एक शाक्य उद्यान (उड्यन) गएर त्यहाँका राजा बने । त्यस्तै, पिप्पलीवनमा गएका शाक्यहरूले त्यहाँ एउटा नयाँ बस्ती बसाए । त्यो क्षेत्रमा धेरै मयुर पाइने भएकाले त्यस बस्तीको नाम मोरियो राखियो । पछि मोरियो आक्रमणकारीहरूले ध्वस्त गरे । मोरियोका प्रमुखकी गर्भवती श्रीमती पाटलिपुत्रमा गएर आश्रय लिइन् र त्यहीं चन्द्रगुप्त मौर्य जन्मिए, जो पछि भारतका प्रथम सम्राट बने । चन्द्रगुप्तका नाति सम्राट अशोकका बारेमा श्रीलङ्काको

सारत्थदीपनी ग्रन्थमा उल्लेख गरिएको छ कि अशोककी आमा पनि मोरियो शाक्य परिवारकी थिइन् (प्रधान,वि.सं.२०४२,पृ.५८) ।

यसरी शाक्य गणराज्यको पतनपछि कपिलवस्तु र देवदहका शाक्यहरु भारत, वर्मा, श्रीलंका जस्ता विभिन्न देशहरूमा गएर बसोबास गरेको कुरा ती देशहरूमा रहेको धार्मिक विश्वास र परम्पराहरूबाट बुझ्न सकिन्छ । भारतमा विशेष गरी शाक्य समुदायका धेरै संगठनहरू रहेका छन् । उदाहरणका लागि, इलाहाबादको अखिल भारतीय शाक्यवंश महासंघ, नयाँ दिल्लीको भारतीय शाक्य समाज, र “शाक्य समाज इन इन्डिया एण्ड अदर कन्ट्रिज “जस्ता संगठनहरू उल्लेखनीय छन् । साथै, कलकत्ता, इलाहाबाद, चेन्नई, उत्तर प्रदेशका इटावा, आग्रा, मैनपुरी, कनोच, फारुखावाद लगायत अन्य शहरहरूमा पनि शाक्य समुदायको सक्रिय बसोबास पाइएको छ । ती संस्थाहरूका अनुसार भारतभर लाखौं शाक्यहरू रहेका छन् । यी शाक्यहरूको थरहरू विभिन्न पाइन्छन्, जस्तै साकिया, शाक्य, कुशवाः, मौर्य, कोली आदि। ती शाक्यहरूका भनाइ अनुसार, उनीहरू कपिलवस्तुबाट विस्थापित भएर विभिन्न समयमा ती स्थानहरूमा पुगेका हुन् ।

नेपाल उपत्यकामा शाक्यहरूको प्रवेशसम्बन्धी विवरण मूलसर्वास्तिवाद विनयसंग्रहमा उल्लेख गरिएको छ । कपिलवस्तुबाट भागेर धेरै शाक्यहरू उत्तरतर्फ लागेका थिए भने केही शाक्यहरू नेपाल उपत्यकामा प्रवेश गरेका थिए । श्रावस्तीका व्यापारीहरू नेपाल आउने क्रममा नेपालका शाक्यहरूले उनीहरूलाई भगवान बुद्धका अनुयायी आर्य आनन्दको बारेमा सोधेका थिए । यो जानकारी पछि आर्य आनन्द नेपाल उपत्यका आए । हिउँले उनका खुट्टा फुटेपछि, अन्य भिक्षुहरूले यो देखेर सोधे–तपाईंको दाजुभाइको खुट्टा त ठिकै छ, तपाईंको किन फुटेको? आनन्दले भने–उनीहरू पूला (परालले बुनेका चप्पल) लगाउँछन्, तर बुद्धले मलाई अनुमति दिनुभएको छैन ।’ पछि यो कुरा भगवान बुद्धलाई सुनाइयो, जसपछि हिमाली प्रदेशमा पूला लगाउन बुद्धले अनुमति दिए (शीतांशु, सन् १९७०,पृ.१७८) । यस घटनाबाट नेपाल उपत्यकामा श्रावस्तीका व्यापारीहरूको आवत-जावत पहिले देखि नै रहेको र बुद्धका अनुयायी भिक्षुहरूले बुद्ध धर्म प्रचार गरेको प्रमाणित हुन्छ । बुद्धकालमै नेपाल उपत्यकामा शाक्यहरू आई बसोबास गरेको र बुद्ध धर्म व्यापक रुपमा फैलिएको तथ्य यो प्रसङ्गले स्पष्ट हुन्छ ।

यसरी बुद्धकालीन समयमै नेपाल उपत्यकामा बुद्धधर्मको प्रचार-प्रसार भएको र भिक्षुसंघको स्थापना गरी यहाँ विहारहरूको निर्माण भइसकेको मान्न सकिन्छ । कपिलवस्तुमा विरुढकको आक्रमणपछि त्यहाँबाट पलायन भएका शाक्यहरूले नेपाल उपत्यकामा प्रवेश गरेको बौद्ध ग्रन्थहरूमा पनि उल्लेख गरिएको पाइन्छ । बौद्ध ग्रन्थ' मूलसर्वास्तिवाद विनयवस्तु'का अनुसार, नेपाल उपत्यकामा शाक्यहरूको आगमन विरुढकको विनाशकारी आक्रमण लगत्तै भएको थियो। बुद्धकालीन समयदेखि नै शाक्यहरूको क्रमिक बसाइँ सर्दै जाँदा उपत्यकामा शाक्यहरूको संख्या विस्तार हुँदै गयो ।

कपिलवस्तुको शाक्य गणराज्यको पतन र रामग्रामका कोलियहरूको अवनतिसँगै, उनीहरू पनि ठूलो संख्यामा उपत्यकामा प्रवेश गरे । उपत्यकामा आएर उनीहरूले हालको यङ्गालदेखि किलागलसम्म आफ्नो बसोबास विस्तार गरेका थिए, जसको प्रमाण लिच्छविकालीन अभिलेखमा 'दक्षिणकोलिग्राम' उल्लेख गरिएको भेटिन्छ । वसन्तदेवको वि.सं.५८७ को लिच्छविकालका अभिलेखमा नै दक्षिणकोलिग्राम उल्लेख भएबाट स्पष्ट हुन्छ (बज्राचार्य,वि.सं.२०५३,पृ.१३८) । काठमाडौंको दक्षिणी भागलाई 'दक्षिणकोलीग्राम' र उत्तरी भागलाई 'उत्तरकोलीग्राम' भनिन्थ्यो। मच्छिन्द्रबहा:तिरको 'केलटोल'ले अझै पनि कोलीग्रामलाई स्मरण गराउँछ (नेपाल,वि.सं.२०५५,पृ.१९) ।

लिच्छविकालीन अभिलेखहरूमा 'शाक्य' शब्दको उल्लेख चार पटक पाइन्छ । धनवज्र बज्राचार्यद्वारा संकलित अभिलेखहरूमा 'शाक्यमुनी', 'शाक्य भिक्षु', र 'शाक्यभिक्षुनी परिशुद्धमति' जस्ता उल्लेखहरू भेटिन्छन् (बज्राचार्य,वि.सं.२०५३,पृ.४५८) । त्यस्तै, हेमराज शाक्यद्वारा संकलित रुद्रवर्ण महाविहारस्थित अभिलेखहरूमा पनि 'शाक्यभिक्षु' शब्द प्रयोग भएको पाइन्छ। नेपाल सम्वत् १०३ देखि ३४९ सम्मका ३७ अभिलेखमध्ये १० वटा अभिलेखहरूमा शाक्यभिक्षुको उल्लेख छ, जसमा विभिन्न शाक्यभिक्षुहरूको नाम पाइन्छ । त्यसमा प्रयुक्त शाक्य सम्बन्धि प्रसंग निम्नानुसार छन् :

ने.सं. १२१ को अभिलेखमा शाक्यभिक्षु देवन्द्र कवि,

ने.सं. २३९ को अभिलेखमा शाक्यभिक्षु रत्न भद्र,

ने.सं. २४५ को अभिलेखमा शाक्यभिक्षु स्थविर जिवाकरभद्र,

ने.सं. २५१ को अभिलेखमा शाक्यभिक्षु रत्नभद्र,

ने.सं. २६२ को अभिलेखमा शाक्यभिक्षु वज्राचार्य श्रीहर्षेन्द्र,

ने.सं. २९४ को अभिलेखमा शाक्यभिक्षु दामत्राभद्र,

ने.सं. ३०४ को अभिलेखमा शाक्यभिक्षु सर्वसंघ,

ने.सं. ३०९ को अभिलेखमा शाक्यभिक्षु स्थविर अमृतभद्र,

ने.सं. ३०९ को अभिलेखमा शाक्यभिक्षु श्री दीपंकर भद्र,

ने.सं. ३३० को अभिलेखमा शाक्यभिक्षु संघ ।

यस्तै ललितपुरको गुइतः विहारको ने.सं. १४४ को अभिलेखमा दुईजना व्यक्तिको नाम आएको छ– महापण्डित शाक्यभिक्षु श्री गौतम र शाक्यभिक्षु श्री शुभक्षी ( शाक्य,वि.सं.२०४८,पृ.१५) ।

रुद्रवर्ण महाविहारका अभिलेखहरूमा पनि शाक्यहरूको योगदान उल्लेख गरिएको छ । उदाहरणका लागि, नेपाल सम्वत् ३०५ को नीलपत्रमा 'शाक्यशासन', नेपाल सम्वत् ५११ को सुवर्णपत्रमा 'शाक्यभिक्षु', ने.सं. ६६७ को शिलापत्र अभिलेखमा शाक्यभिक्षु धर्मसिंहजु, ने.सं. ७०७ को शिलास्तम्भमा शाक्यवंश श्री रत्नजु, नेपाल सम्वत् ७६७ को घण्टाभिलेखमा 'शाक्यवंश मानसिंहजु', र अन्य विभिन्न समयमा शाक्यवंशका व्यक्तिहरूको उल्लेख पाइन्छ ( शाक्य,वि.सं.२०५१.पृ.५०) ।

यस्तै गरी काठमाडौं उपत्यकाका विभिन्न महाविहारहरूमा पनि मध्यकालदेखि शाहकालसम्मका विभिन्न अभिलेखहरू पाइन्छन् जसमा शाक्य समुदायसँग सम्बन्धित प्रसंगहरू उल्लेख गरिएको पाइन्छ । यी विभिन्न कालखण्डका अभिलेखहरू र बौद्धग्रन्थहरूको आधारमा, उपत्यकामा बौद्धधर्म किराँतकालदेखि प्रवेश पाई लिच्छविकाल हुँदै मध्यकालसम्म आइपुग्दा व्यापक रूपमा फस्टाएको देखिन्छ । शाक्यहरूले आफ्नो बौद्धधर्मप्रतिको लगावलाई निरन्तरता दिँदै मल्लकालसम्म धेरै बही तथा बहाःहरूको निर्माण गरेको प्रमाण भेटिन्छ । लिच्छविकालीन विहारहरूको केही मात्र उदाहरण आज देखिए पनि मल्लकालका विहारहरू भने प्रचुर मात्रामा पाइन्छन्। नेपाल संवत् ५४० ताका मल्ल राजाका भारदार समेत रहेका न्हायकं बहीका मानचन्द्र शाक्यभिक्षुले विहार निर्माणमा महत्त्वपूर्ण योगदान दिएको ऐतिहासिक तथ्य उपलब्ध छ (शाक्य,वि.सं.२०५६,पृ.१८) मल्लकालमा पनि भिक्षुसंघ र भिक्षुणीसंघहरूको अस्तित्व पाइएको छ, जसले बौद्धधर्मको निरन्तरता र प्रचलनलाई सशक्त बनाएको देखाउँछ ।

वज्राचार्य नेवार समुदायका एक बौद्ध पुजारी जाति हुन्, जसले विशेष रूपमा वज्रयान (तान्त्रिक) बौद्धधर्मको अनुसरण गर्छन् । उनीहरूको उत्पत्ति र जाति निर्माण बौद्धधर्मको धार्मिक, सामाजिक र सांस्कृतिक विकाससँग निकट सम्बन्धित छ । प्राचीन र मध्यकालीन युगः नेपालमा लिच्छविकाल (लगभग चौथो देखि नवैं शताब्दी)को समयमा वज्रयान बौद्धधर्मको उदय सँगै केही परिवारहरूले अनुष्ठानिक विशेषज्ञको भूमिकामा लिएका थिए । उनीहरूले गूढ शिक्षाहरू, ध्यान अभ्यास र वज्रयान परम्पराका अनुष्ठानहरूमा प्रशिक्षण प्राप्त गरेका थिए ।

लिच्छवि र मल्ल कालमा वज्राचार्यहरूको भूमिका अझ औपचारिक बन्यो । मल्ल राजाहरू हिन्दू धर्म र बौद्धधर्मका संरक्षक थिए र उनीहरूले वज्राचार्यहरूको प्रमुख भूमिकामा रहेका विभिन्न विहारहरू निर्माण गरे । यसले उनीहरूको सामाजिक स्थानलाई नयाँर समुदायमा स्थिर पार्यो । लिच्छवी काल (लगभग ४ औं शताब्दी देखि ९ औं शताब्दी)मा वज्राचार्यहरूको सामाजिक र धार्मिक भूमिकामा विशेष परिवर्तन देखिएको थियो । यस समयमा बौद्धधर्मको विकासमा वज्राचार्यहरूले प्रमुख योगदान दिएका थिए। उनीहरू धार्मिक अनुष्ठान, तान्त्रिक शिक्षाहरू र बौद्ध ग्रन्थहरूको व्याख्या गर्दै थुप्रै भिक्षु र अनुयायीहरूलाई शिक्षित गरेका थिए। लिच्छवी सम्राटहरू जस्तै भास्करवर्मा र धर्मकार्तितके त्यतिबेला बौद्धधर्मका प्रवर्धक थिए, जसले वज्राचार्यहरूलाई विभिन्न विहार र मठहरू निर्माण गर्न प्रोत्साहित गरे । यस सन्दर्भमा, लिच्छवी कालका अभिलेखहरूमा “वज्राचार्य“ शब्दको उल्लेख भेटिन्छ, जसले यस जातिको महत्वलाई स्पष्ट पार्छ ।

मल्ल काल (लगभग १२औं शताब्दीदेखि १७औं शताब्दी)मा वज्राचार्यहरूको भूमिका अझ परिपक्व भएको थियो। मल्ल राजाहरूले हिन्दू धर्म र बौद्धधर्मका लागि विशेष ध्यान दिए, जसले गर्दा वज्राचार्यहरूको सामाजिक स्थिति अझै बलियो बन्यो। यस समयमा मल्ल राजाहरूले विभिन्न विहार र मठहरूको निर्माणमा वज्राचार्यहरूको सहयोग लिए । वज्राचार्यहरूले तान्त्रिक अनुष्ठानहरूमा सक्रिय रहनुका साथै हिन्दू संस्कारहरूको पनि संचालन गर्न थाले । यस कारण, वज्राचार्यहरूको समुदायले काठमाडौं उपत्यकामा महत्वपूर्ण स्थान ओगटेको थियो ।

वज्राचार्यहरू घरायसी पुजारी (गुरुजु)को रूपमाः समयसँगै, वज्राचार्यहरूले बौद्ध समुदाय भित्र मात्र आध्यात्मिक र धार्मिक नेताका रूपमा भूमिका निभाएनन्, तर घरायसी र

जीवन चक्रका घटनासँग सम्बन्धित हिन्दू अनुष्ठान पनि सम्पन्न गर्न थाले । यस दुवै भूमिकाले काठमाडौंको धार्मिक र सांस्कृतिक परिदृश्यमा उनीहरूको महत्त्वलाई बलियो बनायो ।

काठमाडौं उपत्यकामा वज्राचार्यहरूको बसोबास बौद्धधर्मको भारतबाट नेपालमा फैलावट र उपत्यकामा विहारहरू र बहाहरूको स्थापना सँग निकट सम्बन्धित छ । भारतमा बौद्धधर्मको गिरावट पछि, विशेषगरी मध्यकालीन समयमा मुसलमानहरूको आक्रमणपछि, धेरै बौद्ध विद्वान् र भिक्षुहरूले नेपालमा शरण लिएका थिए । वज्राचार्यहरू, जो बौद्ध शिक्षाहरू र तान्त्रिक अभ्याससँग निकट सम्बन्धित थिए, काठमाडौं, पाटन (ललितपुर) र भक्तपुर जस्ता प्रमुख शहरी क्षेत्रमा बस्ती स्थापना गरे । यी शहरहरूमा, वज्राचार्यहरूले विहारहरूको संरक्षण, अनुष्ठानहरू सम्पन्न गर्न र बौद्ध शिक्षाहरूको प्रसारणमा महत्वपूर्ण भूमिका निभाए । काठमाडौंका धेरै पुराना बौद्ध मठ संस्थाहरू, जस्तै पाटनको हिरण्य वार्ण महाविहार, ऐतिहासिक रूपमा वज्राचार्यहरूले नै मर्मत गर्दै आएका छन् । प्रमुख क्षेत्रहरू: काठमाडौं उपत्यकामा, वज्राचार्यहरू मुख्य रूपमा बहालहरूमा बसोबास गर्छन । केहि प्रमुख बस्तीहरूमा समावेश छनः

पाटनको क्वाबहाल (हिरण्यवर्ण महाविहार)

काठमाडौंको इटुंबहाल र थम्भहाल

भक्तपुरको भिन्चछेनबहाल

समाजमा भूमिका

वज्राचार्यहरूले नेवार समुदाय भित्र पुजारी, विद्वान्, र वज्रयान बौद्धधर्मका संरक्षकका रूपमा सम्मानित स्थान राख्न जारी राखेका छन् । उनीहरूले जन्म समारोहदेखि मृत्युको अनुष्ठानसम्मका महत्वपूर्ण जीवन चक्रका अनुष्ठान सम्पन्न गर्छन्, जुन न केवल बौद्धहरूका लागि, तर हिन्दू नेवारहरूका लागि पनि हुन्छ । उनको वज्रयान बौद्ध अभ्यास र स्थानीय नेवार परम्पराहरूको अनौठो मिश्रणले नेपालमा एक विशेष प्रकारको बौद्धधर्मलाई जोगाउन मद्दत पुऱ्याएको छ, जुन प्राचीन भारतीय बौद्ध परम्परा र स्थानीय सांस्कृतिक अभ्यासहरूमा गहिरो रूपमा जडित छ । (ढकाल,वि.सं २०७२,पृ.३२)

# अध्याय तीन
# नेपालमा विहार परम्पराको उत्पति र विकासक्रम

## ३.१ नेपालमा विहारहरुको विकासक्रम

'विहार' शब्द बौद्ध साहित्यहरुमा धेरै मात्रामा उल्लेख भएको पाइन्छ । 'विहार' शब्द संस्कृत भाषाको शब्द हो । 'बिहरती विहार' अर्थात् यसको शाब्दिक अर्थ टहल्ने स्थान, आराम-विश्राम गर्ने स्थान आदि हुन्छ (सुदर्शन, वि.सं.२०४१, पृ.१) । बुद्धकालीन समयमा बुद्ध र भिक्षुहरु बस्ने स्थान नै 'विहार' हो । विभिन्न बौद्ध साहित्यहरुमा उल्लेख भएको "विहार"लाई अधिकांश ठाउँमा "आराम" भनी उल्लेख गरेको पाइन्छ भने बेणुबन एक ठाउँमा भने 'कलन्दक निवाप' भनी विहारको लागि 'निवाप' शब्दको पनि प्रयोग भएको पाइन्छ (अमृतानन्द, वि.सं. २०४६, पृ. १) । बुद्धको पालामा श्रद्धालुहरुले विहार अर्थात् आरामहरु बनाई भिक्षु संघलाई दान दिएको कुरा विभिन्न बौद्ध ग्रन्थहरुमा उल्लेख गरिएको छ । शाक्यमुनी बुद्धले बोधिज्ञान प्राप्त गरिसकेपछि जब उनले राजगृहबाट धर्म प्रचार शुरु गरे, तब राजा बिम्बिसारले बुद्ध र उनको संघलाई 'वेणुवनाराम' दान गरेका थिए ( अमृतानन्द, वि.सं. २०४६, पृ. १) ।

यो विहार मगधका राजा विम्विसारको वनमा निर्माण गरिएको थियो । यस वेणुवन भित्र अरु दुईवटा विहारहरु 'कलन्दक निवाप' र 'कस्सपकाराम' पनि रहेको थियो । यस्तै उद्यानमा बनाइएका बुद्धकालीन प्रसिद्ध विहारहरु अनाथ पिण्डिका महाजनले बनाई दान दिनु भएको 'जेतवनआराम', मगधका राजवैद्य जीवक वैद्यले दान दिनु भएको 'आम्रवन', अयोध्याको उद्यानमा रहेको 'अञ्जनवन', वैशालीको एक उद्यान महावनमा रहेको 'कुटागार विहार', श्रावस्तीको एक उद्यानमा रहेको 'अन्धवन' आदि विहारहरु हुन् (अमृतानन्द, वि.स.२०२९,पृ.३) ।

यस्तै बुद्धकालमा आराम शब्द प्रयोग भई बनेको विहारहरु पनि धेरैको संख्यामा रहेको पाइन्छ । विशाखा उपासिकाले दान गरेको 'पूर्वाराम', मगध देशमा चित्र गृहपतिले दान दिएको 'अम्बाटकाराम', बुद्धले अजातशत्रुलाई उपदेश दिएको 'जीविकाराम', घोषक सेठले दान दिएको 'घोषकाराम', कुक्कुटसेठले दान दिएको 'कुक्कुटाराम', पावारीय सेठले दान दिएको 'पावरिकाराम' आदि हुन् । यस्तै आराम शब्द प्रयोग भएको अन्य विहारहरुमा

'न्यग्रोधाराम', 'जीविकाराम', 'बदरिकाराम' र 'संघाराम' आदि हुन् ( सांकृत्यायन,ई.सं.१९५८,पृ.४६) ।

बुद्धकालीन समयमा भिक्षु संघलाई मात्र होइन भिक्षुणी संघलाई पनि विहार बनाइदिएको उदाहरण पनि पाइन्छ जस्तैः राजा प्रसेनजित्द्वारा श्रावस्तीमा बौद्ध भिक्षुणीहरुका लागि बनाई दिएको 'राजकाराम' (सांकृत्यायन,ई.सं.१९५८,पृ.४८) ।

सर्वप्रथम 'विहार' शब्दको प्रयोग अनाथ पिण्डिकले "आराम" र "विहार" बनाएको प्रसँगमा उल्लेख गरिएको छ (अमृतानन्द,वि.स.२०२९,पृ.११) । भारतको पटना स्थित कुम्हरर भन्ने ठाउँको उत्खन्नमा भेट्टिएको गुप्तकालीन एक माटोको भाँडोमा लेखिएको अभिलेखबाट पनि भिक्षुसंघ विहारमा बस्दछन् भन्ने कुरालाई पुष्टि गरेको छ (उक्त माटोको भाँडोमा यसरी उल्लेख गरिएको छ "आरोग्य विहारे भिक्षु संघस्) । यी 'आराम' अर्थात् विहारहरु सर्वप्रथम गौतम बुद्ध र भिक्षुहरु एक स्थानबाट अर्को स्थानमा जाँदा विश्राम गर्ने स्थानलाई जनाउँदथ्यो । पछि दाताहरुले बुद्ध र भिक्षुसंघका लागि विश्राम मात्र होइन कि वास बस्नका लागि विभिन्न 'आराम'हरु बनाईदिन थाले । पछि दाताहरुले यस्ता 'आराम'हरु बुद्ध र भिक्षुहरु वास बस्नका लागि मात्र होइन कि बसोबास गर्ने प्रयोजनले नै बनाइदिन थाले । विस्तारै ती आरामहरुमा बुद्धका लागि छुट्टै कोठा बनाईदिन थाले जसलाई गन्धकुटी भनिन्छ र  भिक्षुहरु वस्नका लागि छुट्टै स्थान बनाईदिन थाले । पछि बुद्ध र भिक्षुहरु अलि लामो समयसम्म त्यस्ता 'आराम'हरुमा बस्न थालेपछि ती 'आराम'हरुको स्वरुपमा पनि परिवर्तन भयो ।

पछि विस्तारै ती 'आराम'हरुमा बुद्ध बस्ने कोठा, धर्म देशना दिने स्थान, उपासक उपासिकाहरु धर्मदेशना सुन्नका लागि बस्ने स्थान र भिक्षुहरु बस्ने स्थानको पनि व्यवस्था हुन थालियो । यस्तै 'आराम' आसपासमा पानीका लागि कुवा, उपस्थानशाला(खानको लागि स्थान), स्नान गर्ने ठाउँ, सोपानफलक(जहाँ बुद्ध गन्धकुटीमा प्रवेश गर्नु अघि उठेर भिक्षु संघलाई उपदेश दिनु हुन्थ्यो), गंधकुटी-परिवेण(जहाँ 'आराम' भित्र बुद्धको आसन राखिएको हुन्थ्यो र यही आसनमा वसेर बुद्धले धर्मदेशना दिनुहुन्थ्यो), सुरक्षाको लागि 'आराम' परिसरको वरिपरि पर्खाल, 'आराम'मा पस्नका लागि प्रवेशद्वार आदि आवश्यकता अनुसार 'आराम' भित्र र 'आराम' रहेको स्थानमा विभिन्न प्रयोजनको लागि विभिन्न स्थानहरु बनाउन थालियो (सांकृत्यायन,ई.सं.१९५८,पृ.५२) । पछि गएर विहारहरुमा बुद्ध र

भिक्षुसंघलाई चाहिने सामान्य भौतिक सुविधाहरु समेत राखी विहारहरु निर्माण गर्न थालियो । बुद्धकालीन समयमै भिक्षुहरुलाई धर्मदेशना दिनकालागि टाढा टाढाको गाउँ अथवा नगरहरुमा पठाउँदा दाताहरुले उहाँहरुका लागि पनि विहार निर्माण गरिदिन थालेको अनुमान गर्न सकिन्छ ।

गौतम बुद्ध परिनिर्वाण भइसकेपछि विहारको विस्तार तथा विकास हुनेक्रममा ती विहारहरु भिक्षुहरु बसोबास गर्ने मात्र नभई बौद्धशिक्षा केन्द्रकारुपमा विकास हुन थालियो । त्यस्ता विहारहरुमा हजारौंका संख्यामा भिक्षुहरु बस्ने गर्दथे । यसर्थ प्रारम्भमा विश्राम मात्र गर्ने स्थानका रुपमा बनेका विहारहरु पछिल्लो समय आउँदा ती विहारहरुको प्रयोजन र स्वरुप परिवर्तन हुँदै ठूलाठूला महाविहारको रुपमा विकास हुन पुग्यो । त्यस्ता ठूलाठूला बौद्ध शिक्षाका केन्द्रका रुपमा परिचित महाविहारहरुमा नालन्दा महाविहार, विक्रमशिला महाविहार आदि प्रख्यात रहेका थिए ।

त्यस बेलाको महाविहारको स्वरूप झल्काउने भारतको पश्चिममा रहेका अजन्ता र एलोराका गुफा हो । ती प्रस्तरले बनेको गुफामा ठूलाठूला बुद्धका मूर्तिहरु स्थापना गरिएका र बुद्ध लगायत थुप्रै अन्य मूर्तिहरु पनि भित्तामा कुँदिएका पाइन्छन् । अजन्ताका २९ वटा ढुंगे गुफाहरु एकपछि अर्को हेर्दै जाँदा त्यहाँ रहेका ती बौद्ध वास्तुकला, मूर्तिकला र चित्रकलाहरु देखेर हामी अचम्भित हुन्छौं । अजन्ताको पर्वत शृंखलाको किनारामा नै रहेको गुफा विहार यस्तो चित्रमय छ कि, त्यहाँ चित्र नभएको ठाउँ नै पाउन मुश्किल हुन्छ । भित्ता, शिलिंग र स्तम्भहरु सबै चित्रहरुले भरिएका छन् । उक्त चित्रहरुमा बुद्ध जीवनीसँग सम्बद्ध चित्रहरु, जातक सम्बन्धी चित्रहरु, विभिन्न प्राणीहरुका चित्रहरु, बोधिसत्वका चित्रहरु लगायत हजारौंका संख्यामा रहेको चित्रहरु हेर्दा त्यस गुफा विहारमा हजारौंको संख्यामा भिक्षुहरु बस्ने गर्दथे र तिनीहरुले बौद्ध वास्तुकलाको विकासमा धेरै समय खर्चेर अविस्मरणीय योगदान दिएको मान्न सकिन्छ । यसरी बौद्ध विहारहरु पछि गएर सृजनशील कामका लागि पनि उपयोग गरेको देखिन्छ ।

संक्षेपमा भन्ने हो भने बुद्ध धर्ममा जसरी बुद्धको महत्वपूर्ण स्थान छ त्यस्तै संघको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहेको हुन्छ । भिक्षुहरु प्रायः एक्लै रहदैन थिए र केही भिक्षुहरुको समूह मिली संघ खडा गरी धर्म प्रचारार्थ रहन्थ्यो । यसर्थ कालान्तरमा बौद्ध भिक्षुहरुलाई विभिन्न स्थानमा भ्रमण गरी धर्म प्रचारप्रसार गर्नुका साथै एकै स्थानमा बसेर

धर्मदेशना गर्ने कार्य विहारहरुबाट नै गरिन थालियो । (वज्राचार्य,वि.सं.२०३०,पृ.४) यसरी संघबाट नै बुद्धधर्मको शिक्षा-दिक्षा प्रदान गर्ने भएकोले नै श्रद्धालु भक्तजनहरुले भिक्षुहरुका लागि ध्यान गर्न, धर्मदेशना दिन तथा बसोबासका लागि समेत विहार निर्माण गरिदिएका हुन् । यसबाट 'विहार' भिक्षुहरुको स्थायी बासस्थान तथा शैक्षिक एवं धार्मिक केन्द्रको रुपमा विकसित हुँदै गएको पाइन्छ । जसले गर्दा ई.पू. दोस्रो शताब्दी देखि एघारौ शताब्दीका बीच भारतमा शिक्षा केन्द्रको रुपमा नालन्दा महाविहार, विक्रमशिला महाविहार ओदन्तपुरी महाविहार, जगद्दल महाविहार आदि महाविहारहरु सुप्रसिद्ध शिक्षाकेन्द्रको रुपमा स्थापित भएका थिए ।

## ३.२ नेपालमा विहार परम्पराको विकासक्रम

विहारहरुको निर्माण गौतम बुद्धकै पालामा भइसकेको कुरा माथि वर्णन गरिसकेको छ । ती मध्ये नेपालमा निर्माण भएका विहारहरुका सन्दर्भमा भने विभिन्न पुराण, वंशावलीहरु, अभिलेखहरु जस्ता स्रोतहरुको अध्ययन गर्नुपर्ने हुन्छ ।

### ३.२.१ पुराण तथा वंशावलीमा विहार परम्पराको विकासक्रम

यसै सन्दर्भमा स्वयम्भू पुराणमा उल्लेख भए अनुसार नेपालमा सर्वप्रथम महामन्जुश्री आएर पानीले भरिएको नागवासदहको पानी बाहिर पठाउन चन्द्रहास खड्ग प्रहार गरी नेपाल उपत्यकामा रहेको पानी बाहिर पठाए र यहाँ बस्ती बसाले । नेपालमण्डलको स्थापना पश्चात् यस पुण्यभूमिमा स्वयम्भू धर्मधातु ज्योतिरुप उत्पत्ति भयो र उक्त ज्योतिको दर्शन गर्न यहाँ धेरै बुद्धहरुको आगमन भयो । यहाँ आउनु भएका बुद्धहरुमा दीपंकर, विपश्वि, विश्वभू, क्रकुछन्द, शिखी, कनकमुनि, काश्यप् आदि हुन् । तर यति धेरै बुद्धहरु आउनु भएको नेपाल मण्डलमा विहारहरु बनेको भन्ने कुरा स्वयम्भू पुराणमा उल्लेख भएको पाईंदैन । स्वयम्भू पुराण अनुसार अतीतका बुद्धहरु नेपाल आउनु भएको कुरामा आस्था तथा विश्वास गर्ने हो भने तत्कालीन समयमा पनि विहारहरु बनेको मान्न सकिन्छ तर स्वयम्भू पुराण आफै एक ऐतिहासिक ग्रन्थ नभएका कारण अतीत बुद्धहरु नेपाल आगमन भई विहारमै बसेर गए होलान भनि ऐतिहासिक रुपमा मान्नु उचित हुंदैन (बज्राचार्य, १९७८) ।

यस्तै, नेपालमा प्रचलित विभिन्न वंशावलीमा विहारहरुको उल्लेख भएको पाइन्छ । गोपालराज वंशावलीमा उल्लेख भए अनुसार– "बृषदेवका छोरा मानदेवले थाहा नपाई आफ्नो बाबुको हत्या गरेको हुनाले रुँदै घुम्दै 'गुँ विहार'को शिखरमा पुगी तपस्या गरे ।

तपस्याको प्रभावले ठूलो चैत्य उत्पन्न भयो र तिनको प्रतिष्ठा गरियो । त्यहाँ पहिलेका धेरै विहारहरुका स्थान आफ्नो नामबाट मानविहार भनी स्थापना गरे" भनी उल्लेख गरेको पाइन्छ । उक्त वंशावलीमा "राजा श्री धर्मदेवले राजविहारमा धमरे चैत्य भट्टारकको प्रतिष्ठा गरे" भनी उल्लेख गरेको छ । यस्तै उक्त वंशावलीमा "राजा श्री शिवदेवले विहारगर्भ बनाई प्रतिष्ठा गरे र ठूलो खासीचैत्य बनाए" भनी उल्लेख गरेको छ । उक्त वंशावलीमा राजा श्री चम्पादेवले फुटोविहार बनाई चैत्य भट्टारक बनाएको कुरा उल्लेख गरेको पाइन्छ । यस्तै उक्त वंशावलीमा राजा अंशुवर्माले राजविहार बनाएको, गौडका राजा देवलदेवले देपाल विहारी(बहिल) बनाएको, राजा शिवदेवले नन्दिशालाको विहारको प्रतिष्ठा गरेको कुराहरु उल्लेख गरेको पाइन्छ (बज्राचार्य, १९८५, पृ.७६–७८) ।

यस्तैगरी, भाषा वंशावलीमा उल्लेख भए अनुसार – "गुजेश्वरीका स्थानमा पिंगला रानीले मञ्जुविहार बनाए चारधारा जलसाधन गरी जलाकृति बनाई त्यसै घरमा बसे" ( पौडेल,वि.सं.२०२०,पृ.३५) भनी उल्लेख गरेको पाइन्छ । उक्त वंशावलीमा "राजा वृषदेवले यथाकर्म गरी बनाई मञ्जु बहाल भनी चावहिल नाम देश बनायो । त्यसै दिनदेखि धंदोचैत्यभनी नाम प्रख्यात हुन गयो । यिनै राजाका पालामा वानेश्वरसन्धि ठूलो विहार बनाई शाक्यसिंह भगवान्को प्रतिष्ठा गरी बौद्धमार्गको मात्र सेवन गरिरहेका थियो" ( पौडेल,वि.सं.२०२०,पृ.५६) भनी उल्लेख गरेको छ । यस्तै उक्त वंशावलीमा मानदेवले 'मानदेव विहार' बनाएको पनि उल्लेख गरेको पाइन्छ ।

यस्तै राईट वंशावलीमा पिंगला बहाल, चारुमती विहार, मयूरवर्ण विहार, यंम्पी विहार आदि विहारहरुको उल्लेख भएको पाइन्छ । "चौधौं किराँती राजा स्थुंकोको पालामा पाटली पुत्रका सम्राट् अशोक, उनका परिवार र गुरु उपगुप्तका साथ काठमाडौंमा आएर विभिन्न धार्मिक स्थलको दर्शन गरे, तीर्थ स्थलहरुमा गई स्नान गरे अनि स्वयम्भु, गुह्येश्वरी र आठ बुद्धवितराग अर्थात् चैत्यहरुको पनि दर्शन गरेको थिए । उनले यहाँ धेरै चैत्यहरु पनि बनाए" (राइट,१८५८,पृ.१०५) ।

राईट वंशावली अनुसार "एकदिन उनकी छोरी चारुमती खेली रहेको बेला देवताहरुले फलामको भाला अकस्मात ढुङ्गामा परिर्वतन गरेको देखेर यहाँ देवताहरुद्वारा चमत्कार गर्ने ठाउँ भएको हुनाले उनले यहीं नै वस्ने निश्चय गरिन् । यसपछि सम्राट् अशोकले चारुमतीको विवाह यहींका एक क्षेत्रिय राजकुमार देवपालसँग गरिदिए, र

उनीहरुलाई ३६ सय रोपनी जग्गा र उनीहरुले भनेको सबै चिजहरु दिएर आफ्नै देश फर्किए" (राइट,१८५८,पृ.११३) । चारुमती र उनका पति देवपाल दुवै देवपाटनमा नै बसे । तिनीहरुका धेरै सन्तान पनि भए । पछि तिनीहरु बृद्धबृद्धा भईन् । उनीहरु दुवैले विहार बनाउने निर्णय गरिन् । चारुमतीले निर्माण गरेको विहार पहिले सम्पन्न भयो र उनी त्यसै विहारमा प्रब्रजित जीवन विताइन् । उनको यही विहारमा निधन भयो । यस्तै देवपालले पनि एउटा विहार बनाए, तर यसको निर्माण नसिंधिदै उनको मृत्यु भयो (राइट,१८५८,पृ.१२४) ।

अनुसन्धानकर्ता जुनु वासुकलाका अनुसार, चारुमतीले बनाएको चारुमती स्तूप सम्बन्धमा भाषा वंशावलीमा सम्राट् अशोकले धर्मदत्त दूतलाई नेपाल पठाई 'धनड्यो चैत्य' बनाउन लगाएको उल्लेख हुनु र वि.सं. २०५९/६१ सालमा उक्त स्तूप जीर्णोद्वारका क्रममा ब्राम्ही लिपिमा 'चारुवती थूप' र माथिपट्टि धर्मचक्र चिन्ह भएको ईंटा पाइएकाले स्तूप इशापूर्व तेस्रो शताब्दीमा बनेको देखिन आउँदछ । त्यस्तै ब्राम्ही लिपि र भुजिंमोल लिपि दुवैमा 'चारुवती थूप' लेखिएको अर्को ईंटा पनि पाइएकाले १२-१३ औं शताब्दीसम्म पनि 'चारुवती थूप' भन्ने गरिन्थ्यो भन्ने पुष्टि हुन्छ । यो स्तूप चारुमतीले बुद्धको स्मरण र पूजा गर्नका लागि बनाइएको हो वा चारुमतीको निर्वाण पश्चात् धर्मदत्तले बनाएको हो यकिनरुपमा भन्न गाह्रे भएपनि ईशापूर्वको तेस्रो शताब्दीमा बनेको प्रमाणित हुन्छ । ब्राम्ही लिपि र धर्मचक्र चिन्हको दुवै सम्राट् अशोकले प्रयोगमा ल्याएको साथै 'थूप' शब्दले पालि भाषामा स्तूपलाई जनाउँदछ । यसर्थ पनि काठमाडौं उपत्यकामा अहिलेसम्म भेटिएको मध्ये सर्वप्राचीन अभिलेखका रुपमा यसलाई लिन सकिन्छ (वासुकला,वि.सं.२०६८,पृ.१०७) ।

यस्तै "नेपालमा पनि सातौं किराँती राजा जितेदास्तीको समयमा भगवान् गौतम बुद्ध काठमाडौं उपत्यकामा आउनुभई पुच्छाग्र नामको चैत्य रहेको ठाउँमा बस्नु भएको र चुन्दा नाम गरेकी यक्षणीलाई प्रब्रजित गरेको र आफूसित ल्याएका १३५० शिष्यहरु धेरै जसोलाई यहीँ छोडेर गए" भनी भुवनलाल प्रधानले उल्लेख गर्नुभएको छ (प्रधान,वि.सं.२०४५,पृ.२०) । उक्त कुरालाई मान्यता दिने हो भने काठमाडौं उपत्यकामा ती शिष्यहरु बस्न कि त पहिले नै यहाँ विहारहरु बनिसकेको हुनुपर्दछ कि त पछि विहारहरु निर्माण गरेर ती शिष्यहरु बसेका हुनुपर्दछ । यसबाट विहार परम्पराको प्रारम्भ ई.पू. छैठौँ शताब्दीमा नै भैसकेको अनुमान लगाउन सकिन्छ ।

यस्तै विरुढकको आक्रमणबाट कपिलवस्तुका शाक्यहरुको पतन भएपछि त्यहाँका शाक्यहरु र रामग्रामका कोलियहरु स्थानान्तरण गर्ने सन्दर्भमा नेपालमण्डलमा आएको पाइन्छ । उनीहरुले यहाँ आएर कोलियग्राम नै बनाएको कुरा लिच्छविकालीन अभिलेखहरुमा 'दक्षिणीकोलियग्राम' भन्ने शब्द आएको कुराबाट पनि पुष्टी हुन्छ । लिच्छविकालीन अभिलेखहरुमा हालसम्म प्राप्त ६ वटा अभिलेखहरुमा 'दक्षिणकोलिग्रामद्रंग्' भन्ने शब्द उल्लेख भएबाट लिच्छविकालमा यहाँ कोलियहरुको घनाबस्ती नै भएको पुष्टि गर्दछ ( वज्राचार्य,वि.सं.२०३०,पृ.४२३,४३४,४४२) । यस अलावा त्यस समयमा श्रावस्तिबाट वणिक( व्यापारी)हरु पनि यहाँ आएको पाइन्छ । पछि यी शाक्यहरु, कोलियहरु तथा बणिकहरुले भगवान् बुद्धको जीवनकालमै भिक्षु आनन्दलाई यहाँ आउन अनुरोध गरेपछि भिक्षु आनन्द नेपालमण्डलमा आउनु भएको कुरा मूलसर्वास्तिवादविनयवस्तुमा उल्लेख गरिएको छ ( शेखर,१९७०,पृ.१७९) । यसरी कपिलवस्तु र रामग्रामका शाक्यहरुको काठमाडौं उपत्यकामा बसाईंसराई गरेपछि उनीहरुकै अनुरोधमा यहाँ बौद्धधर्मका गतिविधिहरु गर्न भिक्षु आनन्द अलावा अरु बौद्ध भिक्षुहरु पनि यहाँ आएको हुनसक्दछ । यसर्थ बुद्धकालीन समयमै बौद्धधर्म र संस्कृति यहाँ पनि फस्टाउन थालेको अनुमान गर्न सकिन्छ । यसरी बौद्ध गतिविधिहरु यहाँ पनि गर्नका लागि विहारहरुको आवश्यकता हुने भएको हुनाले नेपालमण्डलमा बुद्धकालीन समयमै पनि विहारहरु बन्न थालेको मान्न सकिन्छ । यसरी भगवान् गौतम बुद्धको समयदेखि नै काठमाडौं उपत्यकामा बुद्धधर्मको प्रचार प्रसार भई विहार परम्परा पनि अगाडि बढेको अनुमान गर्न सकिन्छ ।

### ३.२.२ अभिलेखमा उल्लेख भएका विहारहरु

लिच्छविकालमा विहार धार्मिक कृयाकलापका केन्द्रबिन्दु थिए । यी विहारहरुलाई राजकीय संरक्षण पनि प्राप्त थियो । साथै जनसमुदायबाट पनि विशेष श्रद्धापूर्वक बुद्धधर्म ग्रहण गरेको हुनाले नै विहारहरुको तत्कालीन समाजमा विशिष्ट स्थान रहेको मान्न सकिन्छ ।

लिच्छवि शासकहरु पशुपतिका भक्त भएतापनि बुद्धधर्मप्रति पनि उनीहरुको सद्भाव, श्रद्धा, आस्था एवं भक्ति भएको कारणले राजपरिवार, धनी श्रद्धालु भक्त, गुठी, आदिले दान दिएका पैसा, जग्गा जमीनका आम्दानी र अन्य विविध स्रोतहरुबाट विहारहरुको लागि सामान्य खर्च गरिन्थ्यो । त्यस समयमा जनस्तरमा शिक्षा र बुद्धधर्मको प्रचार प्रसार गर्ने काममा यी बौद्ध विहारहरुले अहम् भूमिका खेलेका थिए (प्रधान,वि.सं.२०४५,पृ.१०३) ।

मानदेवको समयको स्वंयम्भूमा प्राप्त एक शिलालेखमा "श्रीमान विहारमा कोइला काटी गरी खेत गुठी राखियो" भनी उल्लेख गरेको छ (वज्राचार्य,वि.सं.२०३०,पृ.७५) ।यो विहारमा राजकीय 'श्री' जोडिएको हुनाले 'श्रीमान विहार'लाई राजा मानदेवले नै बनाउन लगाइएको हो भन्ने कुरा स्पष्ट हुन्छ । यस्तै अंशुबर्माको पालासम्ममा 'मान विहार' नेपालका पाँच विशिष्ट विहारहरु(गुँ विहार, श्रीमान विहार, श्री राज विहार, खर्जूरिका विहार र मध्यम विहार) मध्ये एक कहलाइसकेको कुरा अंशुबर्माको हाँडीगाउँको सम्बत् ३२ को शिलालेखले पुष्टी गर्दछ (वज्राचार्य,वि.सं.२०३०,पृ.३२४) । माथि उल्लेखित लिच्छविकालीन पाँच विशिष्ट विहारहरु बाहेक अरु पनि धेरै लिच्छविकालीन विहारहरुको नाम अभिलेखहरुमा उल्लेख भएको पाइन्छ ।

राजा नरेन्द्रदेवको सम्वत् १०३ ज्येष्ठ शुक्ल सप्तमीको पाटन यागबहाःको अभिलेखमा श्री शिवदेव विहारका आर्यसंघलाई दिएका विभिन्न विशेषाधिकारहरुबाट यस कुरा स्पष्ट हुन्छ (वज्राचार्य,वि.सं.२०३०,पृ.४९७) ।

लेखक जगदीशचन्द्र रेग्मीले उल्लेख गर्नुभएको लिच्छविकालीन विहारहरु यसप्रकार रहेकाछन्– अंशुवर्माको हाँडीगाउँमा प्राप्त अभिलेखमा उल्लेख भएको मानविहार, गुँ विहार, खर्जूरिका विहार, राजविहार, मध्यम विहार, नक्सालमा प्राप्त अभिलेखमा उल्लेख भएको अर्जिका विहार, नरेन्द्रदेवको पाटनको येंगुबहालमा प्राप्त अभिलेखमा उल्लेख भएको मानविहार, राजविहार, खर्जूरिका विहार, भयरुचि विहार, चतुर्भालङ्कासन विहार, वार्त्तकल्याणगुप्त विहार, शिवदेव विहार, मध्यम विहार र यम्पि बही, यस्तै पाटनमा प्राप्त अभिलेखमा उल्लेख भएको महाप्रतिहार वार्त्तसुजातप्रभु विहार, अंशुवर्माको पाटनको अभिलेखमा उल्लेख भएको प्रणिधि विहार र यक्षमल्लको मत्स्येन्द्रनाथ पाटनमा प्राप्त अभिलेखमा उल्लेख भएको लिच्छवि राजा शिवदेवले निर्माण गरेको भनिएको भुवनाकर श्रीविहार, (रेग्मी,वि.सं.२०३०,पृ.१७३,१७४) ।

नरेशमान बज्राचार्यले उल्लेख गर्नुभएको लिच्छविकालीन विहारहरु यसप्रकार रहेकाछन् – राजा बृषदेवको पालाको सिंगु विहार, पुण्य विहार, राजा शंकरदेवको पालाको मयुवबर्ण विहार, राजा मानदेवको श्रीमान विहार, मानदेव संस्कारित चक्र महाविहार, यस्तै शिवदेवले बनाएको श्रीशिवदेव विहार, अंशुवर्माको पालाको श्रीराज विहार, राजा नरेन्द्रदेवको पालाको येकवहाल, राजा शिवदेव द्वितीयको पालाको नन्दशीला विहार, राजा भाष्कर वर्माको

पालाको नौलो विहार, हेमवर्ण विहार, यस्तै विद्याधर वर्माको पालाको विद्याधरसंस्कारित महाविहार, राजा शिवदेवको पालाको भुवनाकर श्रीविहार, राजा श्री चम्पादेवको पालाको फुटो विहार, राजा देवलदेवको पालाको देवपाली विहार, यस्तै अन्य विहारहरुमा प्रणिधि विहार, जीववर्मा विहार, वर्त्तसुजातप्रभु विहार, पुष्पवाटिका विहार, अजिका विहार, अभयरुची विहार, चत्तुवालतन विहार, वर्त्तकल्याणगुप्त विहार, तिर्थ विहार, पिंगला विहार, राजविहार, गुँ विहार (वज्राचार्य,१९९८,पृ.४९) ।

यस्तै हेमराज शाक्यले उल्लेख गर्नु भएको लिच्छविकालीन विहारहरु यसप्रकार रहेको छ –हाँडिगाउँको अंशुवर्माको शिलापत्रमा उल्लेख भएका विहारहरु (साम्हें)गुँ विहार, मान विहार, राज विहार, खर्जुरीका विहार, मध्यमक विहार, सामान्य विहार । ललितपुरको यंगुबाहाःको नरेन्द्रदेवको शिलापत्रमा उल्लेख भएको विहारहरु शिवदेव विहार, मानदेव विहार, खर्जुरीका विहार, मध्यमक विहार, अभयरुची विहार, कल्याणगुप्त विहार, चतुर्भालटसन विहार, राज विहार । यस्तै पशुपतिको बज्रधरमा रहेको नरेन्द्रदेवको शिलापत्रमा उल्लेख भएका विहारहरु शिवदेव विहार, खर्जुरीका विहार । नक्साल नारायण चौरमा रहेको जयदेवको शिलापत्रमा उल्लेख भएका विहारहरु अजिका विहार र जीववर्म विहार । राजा शिवदेवको पालाका शिवदेव विहार, नन्दीशालाविहार, मणिपुर जैव विहार, श्री मानिधरजीव विहार । यस्तै ललितपुर च्यासटोमा रहेको जयदेवको शिलापत्रमा उल्लेख भएका पुष्पवाटिका विहार, ललितपुर ईबहीको नरेन्द्रदेवको समयको शिलापत्रमा उल्लेख भएका सुजातप्रभ विहार, कान्तिपुरमा राजा धर्मदेवले स्थापना गरेको राजविहार र देवलदेव राजाले बनाएको देवपाल विहार र राजा चम्पादेवले बनाएको फूटोविहार ( शाक्य,वि.सं.२०५१,पृ.२०,२१) ।

माथिका विभिन्न प्रमाणहरुबाट के कुराको पुष्टि हुन्छ भने ईस्वीको पाँचौं शताब्दीभन्दा पहिलेदेखि नै नेपालमा विहार बनाउने परम्परा प्रचलित भइसकेको तर दुर्भाग्यवस् लिच्छविकालीन अभिलेखहरुमा वर्णित वा उल्लेखित कुनै पनि विहारहरु हाल अस्तित्वमा नभएको वा भएर पनि पुरातात्विक रुपमा प्रमाणित गर्न नसकिएको देखिन्छ । लिच्छविकालमा जस्तै मध्यकालमा पनि नेपालमा बुद्धधर्मको प्रचार-प्रसार हुँदै गयो । मध्यकालमा पनि थुप्रै विहारहरु निर्माण भए । मध्यकालमा बुद्धधर्मको रुपमा पहिलाभन्दा परिवर्तन भइसकेको थियो ।

त्यस्तै, मध्यकालमा ने.सं. १२८ र ने.सं. १३५मा लिखित अष्टसाहस्रिका महा प्रज्ञापारमिताको पुष्पिका वाक्यमा "ल्हँ विहार"को उल्लेख गरेको पाइएको छ । ( ज्ञवाली,वि.सं.२०३९,पृ.२८४) ने.स. १४४ को ललितपुरको गुइतः विहारको अभिलेखमा यस विहार भिक्षु श्रीगौतमश्रीद्वारा निर्माण गर्न लगाएको र उक्त विहारको प्रांगणमा ईंटा छाप्न लगाएको र यसको दानपति शाक्यभिक्षु शुभश्री हुन् भनी उल्लेख गरिएको छ । ( वज्राचार्य,वि.सं.२०६८,पृ.३७)

पूर्वमध्यकालका विहारहरुमा पाटनको "भाष्करदेव संस्कारित हिरण्यवर्ण महाविहार" पनि एक हो जसलाई स्थानीय भाषामा 'क्वाःबहाः' पनि भनिन्छ । यो बहाः कति पुरानो भन्ने खास ठोस प्रमाण केही नभएपनि भाष्कर देवले संस्कार गरेको हुनाले पूर्वमध्य कालमा भाष्करदेव भन्ने एकजना मात्र शासक भएको र जसले ने.सं. १६५ देखि ने.सं. १६७ सम्म शासन गरेको देखिएको हुनाले यो विहार त्यस बीचको समयमा नै संस्कारित भएको मान्न सकिन्छ (लक,१९८५,पृ.३१,३९) ।

यस्तै राष्ट्रिय अभिलेखालय र ललितपुरको उकुबहाःमा प्राप्त तालपत्रहरुका आधारमा राजा शिवदेव संस्कारित पाँचवटा विहारहरु प्राप्त भएका छन् । ती विहारहरु ने.सं. २३५ को श्रीमाणिपुरजैव विहार, ने.सं.२३९ को श्रीरुद्रबर्म विहार, ने.सं. २७३ को श्रीमानिधरजीव विहार, ने.सं. ३०४ को श्रीमानसिंह विहार र मिति थाहा नभएको नन्दिशाला विहार हुन् ।( लक,१९८५,पृ.२८,२९)

हाल अस्तित्वमा रहेका धेरै जसो विहारहरु पूर्वमध्यकालमा निर्माण भएका वा जीर्णोद्वार गरिएका देखिन्छन् । जसमा विहार निर्माणकर्ता र संस्कार कर्ताको नामसमेत ती विहारहरुको नामसँग जोडिएर राखिएको हामी पाउँछौं । जस्तैः काठमाडौंको भाष्करदेव संस्कारित श्री केशचन्द्रकृत पारावर्त महाविहार, केशचन्द्र भन्ने व्यक्तिले निर्माण गरेको र भाष्करदेवले संस्कार(जीर्णोद्वार) गरेको भन्ने बुझिन्छ । यसलाई इतुंबहाः पनि भनिन्छ ( लक,१९८५,पृ.८४) । यस इटुम्वहाःको ने.सं. ५०२ को अभिलेखमा महामन्त्री मदनरामले श्रीदीपङ्कर बुद्ध बनाउनु लगाई पारावतबौद्धविहार(इटुम्बहाः)मा स्थापना गर्न लगाउनु भयो र उक्त दिन दानी जैत्रलक्ष्मीले इटुम्बहाःमा आर्यतारा स्थापना गर्नु भयो भनी उल्लेख गरेको पाइन्छ । (वज्राचार्य,वि.सं.२०६८,पृ.१६५)

भारतको विक्रमशिला महाविहारका विद्वान अतिश दीपकर श्रीज्ञान तिब्बत जाँदा नेपालको बाटो भएर गएको र यहाँ कान्तिपुरको ठमेल स्थित विक्रमशिल महाविहारमा बसेका थिए । यो विहारलाई नेपालभाषामा थंबही, भगवान् बहाः र संस्कृतमा धर्मधातु महाविहार पनि भन्ने प्रचलन छ । अतिशा दीपंकर यस विहारमा बस्दा "शतसाहस्रिक प्रज्ञापारमिता" ग्रन्थको प्रतिलिपि गरेका थिए । उक्त प्रज्ञापारमिता हाल थंबहीको सँग्रहमा सुरक्षित रहेको छ (प्रधान,१९८५,पृ.१०४) ।

यसरी मध्यकालसम्म पनि धेरै विहारहरुको स्थापना भएको र काठमाडौं उपत्यकाभित्र विहारहरु बौद्धशिक्षा केन्द्रको रुपमा विकसित भइसकेको थियो । अभिलेखहरुमा उल्लेख भएअनुसार मध्यकालीन विहारहरु यसप्रकार रहेका छन्– "ने.सं. ४० को महावातीश्चल विहार, ने.सं. १२८ को ल्हँ विहार, ने.सं. १४४ को सप्तपुरी विहार, ने.सं. १६५ को पद्मचक्र महाविहार, ने.सं. २०२ को चाकवाटी महाविहार, ने.सं. २५३ को वृ विहार, ने.सं. २८४ को परनिवार्ण महाविहार, ने.सं. २८५ को धर्मचक्र महाविहार, ने.सं. २९३ को चित्र महाविहार र वैश्य श्रीदिवाकरवर्म्म महाविहार, ने.सं. ३५६ को जयमनोहरवर्मण महाविहार, ने.सं. ३९१ को सिकोमगुन्हि विहार, ने.सं. ४०० को पो विहार, ने.सं. ४०३ को यड्ग्व विहार र को विहार, ने.सं. ४५७ को हनाल विहार, ने.सं. ४७६ को योखाच्छविहार, ने.सं. ४९४ को कारण्ड विहार, ने.सं. ५०० को षडक्षरीमहाविहार र वम्पि विहार, ने.सं. ५०२ को पारावर्त विहार र गिरिवर महाविहार, ने.सं. ५०८ को रङ्गन विहार, ने.सं. ५०९ को वच्छ विहार, ने.सं. ५११ को रुद्रवर्णमहाविहार र जयश्रीमहाविहार, ने.सं. ५१२ को येकर विहार, ने.सं. ५१५ को पुनेश्वरविहार, ने.सं. ५३० को न्हादुदुकोविहार, ने.सं. ५३१ को कीर्तिपुण्य महाविहार, ने.सं. ५३७ को चतुर्ब्रम्हविहार, ने.सं. ५४० को यत्रदेवीमहाविहार, ने.सं. ५४७ को श्रीटवबहाल र वूबहाल, र राजश्रीविहार, ने.सं. ५५० को तवल्छेविहार, ने.सं. ५६४ को नागवर्णमहाविहार, ने.सं. ५६७ को श्रीधवर्मपिथमहाविहार,ने.सं. ५८३ को तेदो विहार, र ने.सं. ५९४ को नम विहार " (वज्राचार्य,वि.सं.२०६८,पृ.१७५,१७७) ।

यसरी नेपालमा लिच्छविकालदेखि मध्यकालसम्म पनि विभिन्न विहारहरुको निर्माण निरन्तर रुपमा भएको र पुरानो विहारहरुको पनि जीर्णोद्वार गरिएको पाइन्छ ।

नेपालमण्डलमा मात्र होइन मध्यकाल हुँदै मल्लकालसम्म आउँदा उपत्यकाबाहिर कर्णाली अञ्चल र आसपासको क्षेत्रमा पनि बुद्धधर्मको ठूलो सम्मान र बौद्धविहारहरु रहेको कुरा कुमाऊ बालेश्वर मन्दिरमा वि.सं. १२८० को क्राचल्लको एउटा अभिलेखबाट पुष्टि हुन्छ। त्यसमा क्राचल्लले आफूलाई “परमसौगात” (बुद्धका ठूला उपासक) भन्न लगाइएको छ। यसबाट उनी बौद्ध थिए भन्ने कुरा थाहापाइन्छ। यी क्राचल्ल सिंजा(जुम्ला) र दुल्लू( जाजरकोट) क्षेत्रका राजा थिए (जोशी,वि.सं.२०२८,पृ.४४ र ७३)। यस्तै नेपालको मध्य पश्चिमाञ्चल क्षेत्रको सुर्खेतमा काक्रेविहार भग्नाबशेषको रुपमा रहेको छ।

यसरी नेपालमा विहार निर्माण हुनेक्रम मध्यकालमा व्यापक रुपमा बढेको देखिन्छ। मध्यकाललाई विहार निर्माणका दृष्टिले स्वर्णयुग कै रुपमा लिने गरिन्छ। पूर्वमध्यकालदेखि उत्तर मल्लकालसम्म नेपालमण्डलमा धेरै नै विहारहरु निर्माण भएको देखिन्छ। हालसम्म पनि अस्तित्वमा रहेको त्यससमयमा बनेका विहारहरु काठमाडौं उपत्यकामा मात्र करिब चारसयको हाराहारीमा पाइन्छ। यसरी प्रचूर मात्रामा विकास भएको नेपालमण्डलको बौद्धधर्म र यहाँको विहार परम्परा बुद्धधर्मको इतिहासमा विश्वकै लागि एउटा उत्कृष्ट नमुनाको रुपमा रहेको मान्न सकिन्छ।

शाहकालमा आएर भने बौद्धधर्मप्रति राज्यले सहयोग गरेको देखिंदैन। शाहकालमा बौद्धधर्म, बौद्ध विहारहरु र बौद्धहरुले राज्यसत्ताबाट सहयोग पाउन सकेनन्। झन् राणाकालमा त बौद्धहरुलाई दमन गर्ने नीति अवलम्बन गरियो। राणा प्रधानमन्त्री जङ्गबहादुरले बौद्ध विहारहरुबाट कतिपय बौद्धधर्मका अति महत्वपूर्ण ग्रन्थहरुलाई नष्ट गर्ने र सडकमा फालिदिने काम भयो। त्यस्तै, राणा प्रधानमन्त्री चन्द्रशम्शेरको पालामा एउटा कानून बन्यो जुन कानून अन्तर्गत कोही शिवमार्गी बौद्धधर्ममा दीक्षित भएमा त्यसलाई त्यो दीक्षा छाड्न लगाएर १ बर्ष कैद र जुन गुरुले दीक्षित बनाएको हो त्यसलाई ३ बर्ष कैद गर्ने प्रावधान राखियो, यसरी नेपालको इतिहासमा पहिलोपटक बुद्धधर्मको विरोधमा नेपालमा कानून बन्यो। (वज्राचार्य,१९८३,पृ.३)

चन्द्रशम्शेरको पालामा वर्तमान नेपालमा पहिलो धेलुं(तिब्बति परम्परा अनुसार भिक्षु) हुनुभएका भिक्षु महाप्रज्ञालाई धर्मपरिवर्तन गरेको आरोपमा पक्राउ गरी थुनामा राखी धेरै दिनको बयान पश्चात् उहाँ लगायत घेलुंहरु महाचन्द्र, महाज्ञान, महाक्षान्ति सबैलाई देश निकाला गरियो। प्रधानमन्त्री जुद्धशम्शेरको पालामा भिक्षुहरु प्रज्ञानन्द, धर्मालोक सुवोधानन्द,

प्रज्ञारश्मि, कुमार काश्यप, प्रज्ञारस, अग्गधम र रत्नज्योतिहरुलाई पनि देशबाट निष्कासित गरियो (वज्राचार्य, ई.सं.१९८३,पृ.२३) । भिक्षु महाप्रज्ञा र भिक्षु अमृतानन्दले भोजपुरमा बुद्धमूर्ति राखी बौद्ध यात्रा गरेको आरोपमा उहाँहरुलाई हथकडी समेत लगाएर जेलमा राखी, पछि देश निकाला गरिएको थियो (गुभाजु,वि.सं.२०५१,पृ२४) ।

राणाकालमा बौद्धहरुलाई यसरी दमन गरेको थियो भने विभिन्न बौद्ध बिषयका किताबहरु माथि पनि प्रतिबन्ध लगाइएको थियो । धर्मादित्य धर्माचार्यले भारतबाट छापेर ल्याएका बौद्ध किताबहरु तत्कालीन प्रशासनद्वारा जफत गरियो, त्रिरत्न वन्दना, धम्मपद, पाठ्यसूत्र, बुद्धजीवनी, गृहविनय आदि पुस्तकहरु तथा भिक्षु अमृतानन्दले लेख्नुभएका किताबहरु पनि जफत गरेका थिए । त्यस्तै राणाशासनकालमै बौद्ध भजनको ज्ञानमाला किताब बेचेको अभियोगमा काठमाडौंका भक्तबहादुरको सर्वस्व हरण गरियो । यसरी राणाशासनकालमा बौद्धधर्म र त्यसका अनुयायीहरुलाई चरम दमन गरेको देखिन्छ । ( गुभाजु,वि.सं.२०५१,पृ२४)

यसरी इतिहासमा प्राचीन समयदेखि समृद्ध हुँदै निरन्तर रुपमा विकास हुँदै आएको बौद्धधर्म र बौद्ध विहारहरु राणाहरुको जहाँनिया शासनले तहसनहस बनाईदिए । तैपनि यहाँका बौद्ध विद्वान्हरुले अनेकन प्रकारको जुक्ति लगाई केही मात्रामा भए पनि बौद्ध ग्रन्थहरु, बौद्ध विहारहरु बौद्धधर्म र संस्कृतिलाई जोगाईराखेको मान्न सकिन्छ । तर लामो समयसम्म राज्यको दमन, यहाँका बौद्धहरुको आर्थिक कारण लगायत धेरै कुराको असरले गर्दा वर्तमान समयसम्म आउँदा अधिकांश विहारहरु भौतिक रुपमा विग्रिसकेको तथा कतिपय विहारहरुको अस्तित्व नै समाप्त भइसकेको पाइन्छ ।

## ३.३ नेपालमा रहेका बहालहरुको विशेषता

काठमाडौं उपत्यका भित्रको विभिन्न विहार वा महाविहारलाई सामान्यतया यहाँका स्थानीयहरुले नेपाल भाषामा ‘बहाः’ वा ‘बही’ भन्ने गरेको पाइन्छ । ती सबै विहारहरु एकै थरिका जस्तो लागेता पनि विहारहरुको भिन्नता ती विहारहरुमा भएका संघले छुट्टिन्छ । ती विहारहरुलाई र त्यहाँका संघलाई सांघिक दृष्टिकोणले तीन प्रकारका विहार र संघमा विभाजन गरेको पाइन्छ (वज्रचार्य,वि.सं.२०६९,पृ.४०) ।

क) अठार महाविहार र अठार महाविहार बज्राचार्य संघ तथा शाक्यभिक्षु संघ

ख) दश महाविहार र शाक्यभिक्षु संघ

ग) सोह्र महाविहार र शाक्यभिक्षु संघ

### ३.३.१ अठ्ठार महाविहार र अठ्ठार महाविहार बज्राचार्य संघ तथा शाक्यभिक्षु संघ

कान्तिपुरमा 'भिं च्यागुबहाः' को नामले प्रसिद्ध अठ्ठारवटा महाविहारहरु छन् । नेपालभाषाको शब्द 'भिं च्यागु'को अर्थ अठ्ठार हो । उक्त अठ्ठार महाविहारलाई 'भिं च्यागु मू बहाः' (अठ्ठार मुख्य विहार) पनि भन्ने गरिन्छ । ती अठ्ठार विहारको प्रत्येक विहारमा एउटा संघ पनि हुन्छ । त्यसकारण अठ्ठार विहारअनुरुप अठ्ठारवटै संघहरु छन् । ती अठ्ठार विहारको संघमध्ये कुनै कुनै विहारमा बज्राचार्यहरु मात्रै छन् भने कुनै कुनै संघमा बज्राचार्य र शाक्यभिक्षुहरुको सहवास रहेको पाइन्छ ।

ती अठार महाविहारहरु कान्तिपुरको उत्तरमा ठमेलको मुनि देखि दक्षिणमा टेकुभित्र ती अठ्ठार विहारहरु विद्यमान छन् । ती अठ्ठार महाविहारको प्रत्येकको एक संस्कृत नाउँ र अर्को नेपालभाषाको नाउँ गरी दुईवटा नाउँहरु रहेको पाइन्छ । नेपालभाषामा दिइएको नाउँ भने संस्कृत नाउँको अनुवाद होइन ।

ती अठार महाविहारका प्रत्येक विहारको संघमा प्रब्रजित भइसकेका सबै व्यक्तिहरु सदस्यमा गनिन्छन् भने ती मध्ये प्रब्रजित भएको जेष्ठताका क्रमले सबैभन्दा जेष्ठ सदस्यलाई 'चक्रेश्वर' तथा 'स्थविर' भनिन्छ । संघका सदस्यहरुको समूहलाई 'चक्र' शब्द प्रयोग भएको हो । त्यसैले सो संघ वा चक्रको नायकलाई 'चक्रेश्वर' भनिएको हो । यो 'चक्रेश्वर' शब्द स्थविरवादको संघनायक शब्दको समकक्षमा तुलना गर्न सकिन्छ । सबैभन्दा जेष्ठ भएकोले नै 'चक्रेश्वर'लाई 'स्थविर' पनि भनेको हो । स्थविरलाई नेपालभाषामा 'थाय्पा' भनिन्छ । 'चक्रेश्वर'को मुनि जेष्ठता कै क्रमले अन्य चारजना 'स्थविर'हरु पनि रहेका हुन्छन् । ती पाँचजनाको समूहलाई 'पञ्चस्थविर' भनिन्छ । ती 'पञ्चस्थविर' नेपालभाषामा 'न्याम्ह थाय्पा' भनिन्छ । बज्राचार्य र शाक्यभिक्षुहरुको संयुक्त संघ भएको विहारमा बज्राचार्य मात्रै 'चक्रेश्वर' हुन पाउने व्यवस्था छ। (वज्रचार्य,वि.सं.२०६९,पृ.४०)

यस्तै अठारवटै विहारका सम्पूर्ण बज्राचार्यहरुको फेरि एउटा छुट्टै वृहत् भेला हुने परम्परा छ । उक्त भेला 'दे आचागु' नामले प्रसिद्ध रहेको छ । 'दे' को अर्थ देश हो भने 'आचागु'को अर्थ बज्रयानी आचार्यहरुको गुथि हो । अठ्ठार जना स्थविरमध्ये पनि जेष्ठ स्थविरलाई 'मूल चक्रेश्वर' एवं 'दे थाय्पा' भनिन्छ । 'मूल चक्रेश्वर'को अर्थ चक्रेश्वरहरु मध्ये पनि मुख्य व्यक्ति हो भने 'मूल चक्रेश्वर'लाई स्थविरवादको महासंघनायक समकक्षसँग

तुलना गर्न सकिन्छ । दे थाय्पाको अर्थ देश भरिका आचार्यमध्ये जेष्ठ 'स्थविर' हो । 'मूलचक्रेश्वर' एवं 'दे थाय्पा' कान्तिपुरको बज्रयानी परम्पराको सर्वश्रेष्ठ ओहदा हो ।

### ३.३.२ बास्तुकला

बौद्ध विहारहरूलाई नेपाल भाषामा बहाः वा बही भनिन्छ, र यी बहाः र बही विशेष गरी महायान-बज्रयान शिक्षा, धार्मिक, र सांस्कृतिक केन्द्रको रूपमा परिचित छन् । यी बहाः-बहीहरूको सामान्य स्वरूपको बारेमा यहाँ चर्चा गरिएको छ ।

बहाः-बहीको मुख्य प्रवेशद्वारको दायाँ-बायाँ प्रस्तरका वा धातुका सिंहका मूर्तिहरू राखिएका हुन्छन् । बहाःको मुख्य प्रवेशद्वार माथि तोरण राखिएको हुन्छ। मूल प्रवेशद्वारबाट भित्र पसेपछि दायाँ-बायाँ गणेश र महाकालको मूर्ति राखिएको पाइन्छ । यसका अतिरिक्त, कतै-कतै अन्य देवी-देवताका मूर्तिहरू पनि राखिएका हुन्छन् । प्रमुख प्रवेशद्वारबाट भित्र पसेपछि दायाँ-बायाँ फल्चा (करिव दुई फिट उचाइका फलैंचा) हुन्छ, तर यस्तो फलैंचा हाल सबै बहाः-बहीमा पाइँदैन ।

विहारको मुख्य प्रवेशद्वारको सामुन्नेमा गन्धकुटी रहेको हुन्छ, जसलाई संस्कृतमा 'कोष्ठपाल' भनिन्छ । पछि नेपाल भाषामा यसलाई 'क्वाचपाल' भनिन थालियो। यस क्वाचपाल अर्थात गन्धकुटीमा रहने देवतालाई नेपाल भाषामा 'क्वापाद्यो' भनिन्छ । यस क्वापाद्यो राखिएको भवनलाई 'क्वापाछेँ' भनिन्छ । क्वापाद्यो जाने प्रवेशद्वारको दायाँ-बायाँ पनि प्रस्तर वा धातुको सिंह राखिएको हुन्छ, र प्रवेशद्वार माथि तोरण राखिएको हुन्छ । यो तोरण काठको वा धातुमा बनेको पाइन्छ, र प्रायः यस तोरणको प्रमुख देवता नै बहाः-बहीको 'क्वापाद्यो' हुन्छ ।

क्वापाछेँको भुईं तलमा मुख्य प्रवेशद्वारको सामुन्ने 'क्वापाद्यो' राख्नका लागि छुट्टै कोठा बनाइएको हुन्छ, जहाँ क्वापाद्यो र अन्य देवी-देवताका मूर्तिहरू राखिन्छन् । बहाः र बहीको क्वापाद्योको रूपमा बुद्ध वा बोधिसत्वको मूर्ति राखिएको हुन्छ। बहीमा भने क्वापाछेँ घुम्नका लागि प्रदक्षिणा मार्ग बनाइएको हुन्छ ।

बहाः र बहीको परिसर प्रायः चारकुन्ने आकारको हुन्छ । क्वापाद्योको दायाँ-बायाँ प्रायः भुईं तल खुल्ला राखिएको हुन्छ । बहाः र बही प्रायः दुई तल्लाका हुन्छन् । माथिल्लो तल्लामा आँखीझ्यलजस्तो काठले सानो सानो कोठा गरेर बारिएको हुन्छ । प्रायः

क्वापाद्योको ठीक माथि पहिलो तल्लामा आगंद्यो (आगम देवता) राखिएको हुन्छ। केही बहाः र बहीहरूमा आगंद्योलाई क्वापाद्योको ठीक माथि राख्नका सट्टा पहिलो तल्लामा दायाँ वा बायाँतिर राखिन्छ। आगंद्योमा सम्बन्धित विहारका संघका व्यक्तिहरू बाहेक अरूलाई प्रवेश गर्न दिइँदैन। बहाः र बहीहरूमा क्वापाद्योको ठीक माथि पहिलो र दोस्रो तल्लामा विभिन्न कलात्मक झ्यालहरू राखिएका हुन्छन्। धेरैजसो बहाः र बहीहरूमा पंचमुखी झ्यालको प्रयोग गरिएको पाइन्छ, र संझ्या, गाःझ्या जस्ता विभिन्न कलात्मक झ्यालहरूको पनि प्रयोग गरिन्छ। वास्तुकलाको दृष्टिमा यी झ्यालहरूको ठूलो महत्व छ।

क्वापाछेँमा गजुर राख्दा छानोको मध्य भागमा अर्को सानो चैत्य बनाएर त्यसमाथि गजुर राखिन्छ। बहाः र बहीको पछाडीतिर एक वगैंचा वा अर्को सानो चोक हुन्छ, जहाँ जानको लागि क्वापाद्योको प्रवेशद्वारको दायाँ वा बायाँतिर अर्को प्रवेशद्वार रहेको हुन्छ। बहाः वा बहीको वरिपरि इनार बनाइन्छ।

बहाःको आफ्नै संघ हुन्छ भने बहीको पनि छुट्टै संघ हुन्छ। बहाः बहीमा दैनिक रूपमा विहान नित्यपूजा गरिन्छ, जबकि कतैकतै बहाः बहीमा स्तोत्रपाठ र अन्य पूजाहरू पनि गरिन्छ। संघका सदस्यहरूले बहाः बहीमा धार्मिक र सांस्कृतिक गतिविधिहरू सञ्चालन गर्छन्। प्रत्येक बहाः बहीले बुसाधं (स्थापना दिवस) मनाउने परंपरा राख्छ, तर हालका दिनहरूमा सबै बहाः बहीमा यस्तो गतिविधि पाइँदैन।

## ३.४. नेपालमा रहेका बहालहरुको भिन्नता

सामान्यतया, "बहाः" र "बही" शब्दलाई झट्ट हेर्दा एकै अर्थमा लिइन्छ, तर यी दुई शब्दहरू अलग-अलग प्रयोग हुँदै आएको हुनाले, यसमा केही भिन्नताहरू अवश्य छन्। आकार र प्रकारको आधारमा पनि बही र बहाःमा भिन्नता देखिन्छ। यसरी हेर्दा, बही र बहाःको भिन्नता वास्तुकला, धार्मिक र सामाजिक क्रियाकलाप, र संगठनात्मक स्वरूपमा आधारित छ।

### ३.४.१. वास्तुकलामा भिन्नताः

बहाःमा प्रवेश गर्ने मुख्यद्वार माथि तोरण राखिएको हुन्छ, जबकि बहीमा तारेण राखिएको हुँदैन। बहाःको क्वापाछेँमा घुम्नका लागि प्रदक्षिणा पथ बनाइएको हुँदैन, तर बहीको क्वापाछेँमा साँघुरो प्रदक्षिणा पथ बनाइएको हुन्छ।

### ३.४.२. सामाजिक र संगठनात्मक भिन्नताः

बहाः र बहीका शाक्य सदस्यहरूमा कुनै सांघिक सम्बन्ध हुँदैन । प्रब्रज्यासंवर प्रदान गर्ने क्रममा पनि भिन्नता पाइन्छ । बहीका कुलपुत्रहरूलाई प्रब्रज्यासंवर प्रदान गर्दा, सोह्र बहीका पाँचजना थायपाहरू जम्मा भइ गुरु पुरोहितको कार्य गर्छन्, र प्रब्रज्यासंवर प्राप्त गर्ने व्यक्तिको टुप्पी मु:थाय्पाद्वारा काटिन्छ । यसमा मूल पुरोहितका रूपमा बज्राचार्य गुरुहरू राखिँदैनन् । तर बहाःमा भने, प्रब्रज्यासंवर प्रदान गर्ने क्रममा मूल पूजा चक्रेश्वर (थाय्पा) गुरुले सम्पूर्ण कार्य बज्राचार्य गुरुद्वारा सम्पन्न गरिन्छ, र बाँकी कार्यहरू अधिकारवाला संघका सदस्यहरूले गर्दछन् ।

उल्फगागं कणर् महोदयले बहाः र बहीको भिन्नताको सम्बन्धमा निम्न बमोजिको भिन्नता उल्लेख गरेका छन् “उपत्यकाको बही स्थापत्यकलाले प्राचीन चैत्ययुक्त विहार वास्तुकलाको अनुसरण गरेको देखिन्छ । बहीको अनुपातमा, बहाः स्थापत्यकलाले बौद्धधर्ममा महायान र बज्रयानको प्रभावले भिक्षुहरू गृहस्थ जीवन यापन गरिसकेपछि आवासीय शैलीयुक्त वास्तुकलामा निर्माण गरिएको देखिन्छ ।”

### ३.४.३ अन्य भिन्नताहरूः

बहाःको मूल प्रवेशद्वारमा दायाँ-बायाँ सिंह राखिएको हुन्छ, जबकि बहीमा त्यस्तो देखिँदैन । बहाःमा मूल प्रवेशद्वारको माथि एउटा तोरण रहेको हुन्छ, तर बहीमा त्यस्तो तोरण हुँदैन । तोरणको बीचमा जुन देवताको मूर्ति अंकित गरिएको हुन्छ, त्यही बहाः, बही वा मन्दिर भित्र मुख्य देवताको मूर्ति हुन्छ । बहाःमा माथिल्लो तल्लामा जाने सानो सानो भर्याङ्ग हुन्छ, जबकि बहीमा एउटै ठूलो भर्याङ्ग प्रयोग गरिएको हुन्छ ।

धार्मिक विधि विधानः बहाःमा आगमकोठामा मात्र धार्मिक विधि विधान गरिन्छ, भने बहीहरूमा आगमकोठामा र बाहिर पनि गरिन्छ ।

आर्थिक र सांस्कृतिक भिन्नताः बहीको गुठी, सदस्य आर्थिक स्रोत आदि बहाःको अनुपातमा कम हुन्छ । यसो हुनुको कारण बहीमा एकै वंशका शाक्य परिवारहरू मात्र रहने हो भने बहाःमा शाक्य र बज्राचार्यहरू हुने भएकाले उनीहरूको समूह ठूलो र आय स्रोत पनि बढी हुन्छ । बहीहरूमा साधारण आँखीझ्याल प्रयोग भएको पाइन्छ भने बहाःहरूमा

संझ्या, गाःझ्या, पञ्चमुखी झ्याल जस्ता कलापूर्ण वास्तुकलाको नमुना प्रयोग गरिएको पाइन्छ ।

उपरोक्त बहाः र बहीका बुँदागत भिन्नताहरू कान्तिपुरका बहाः बहीमा लागू भएको देखिंदैन । उदाहरणका लागि, दुवैमा मूल प्रवेशद्वारको दायाँ-बायाँ सिंह राखिएको हुन्छ । यस्तै, बहाः र बही दुवैमा आगम घर ठीक क्वापाद्योका माथि अथवा दायाँ-बायाँ पहिलो तल्लामा हुन्छ ।

# अध्याय चार

## ४. लगं बाहालको परिचय

### ४.१ परिचय

लगं बाहा काठमाडौंको लगन टोलमा अवस्थित छ। यस बाहा सगं एउटा बाहा र एउटा ननिं संलग्न छन्। यस बाहाको संस्कृत नाममा केही भ्रमहरु छन्। सबै ऐतिहासीक ग्रन्थहरु तथा अभिलेखहरुमा यस बाहाको नाम कीर्तिपुण्य माहाविहार लेखेको पाइन्छ। अरु प्राप्त सूचनाको आधारमा बाहाको मध्य भागमा स्थापित भएको चैत्यको नाम बाट यस बाहाको नाम कीर्तिपुण्य वज्रधातु चैत्य माहाविहार रहनगएको हो। कीर्त्तिपुण्य महाविहार नाम भएका अन्य तिन वटा विहारहरु पनि रहेको पाईन्छ (लक,१९८५, पृ. ३१३, ३१५)।

जनश्रुति अनुसार यस लगं बाहा काठमाडौं उपत्यकामा बस्ती बस्न थाले देखिनै निर्माण भइसकेको हो। यस बाहाको सघं सदस्यहरुको भनाई अनुसार प्रारम्भमा ४ वटा विहारहरु काठमाडौंमा बनाईएका थिए। त्यसमध्य लगं बाहा पनि एउटा बाहा हो। पछिल्लो समयमा एकजना राजाले यस बाहाको जिर्णोद्धार गरि कृर्ति राखेका हुनाले यस बाहाको नाम कीत्तिपूण्य माहाविहार हुन गएको हो (लक,१९८५, पृ.३१६)।

अर्को कथन अनुसार यस बाहाको मध्यभागमा रहेको चैत्य मुनि तलाउ थियो र त्यहाँ बहुमूल्य हिरा जवाहरातहरु रहेको भनिन्छ। राईट वशांवलि अनुसार ने. सं. ७७४ मा शुभराज शाक्य भन्नेले लगंबाहा बनाएका थिए। तर लगंबाहा ने. सं. ७७४ अधि नै लगं बाहाको अस्तित्व रहेको ले राईट वशांवलिको कुरालाई स्वीकार्न सकिदैन। राईट वशांवलिमा बनाउनु भन्ने शब्द प्रयोग भएको ले बनाउनुको अर्थ जिर्णोद्वार अथवा निर्माण दुवै हुने भएको हुनाले उक्त समयमा शुभराज शाक्यले लगं बाहा जिर्णोद्वार मात्र गरेको हुनु पर्दछ।

यस लगंबाहाको पौराणिकताको सन्दर्भमा अनेकन जनश्रुतिहरु पाईन्छ। कपिलवस्तुमा विरुढकको आक्रमण पछि त्यहाँका शाक्य तथा कोलियहरु यत्रत्तत्र भाग्ने क्रममा ठूलै संख्यामा गोरखाबाट पाचँदिन हिडेर पश्चिम भेगको यमयमतर भन्ने ठाउँमा आई बसोबास गरे। कालन्तरमा लिच्छविकाल तिर उक्त यमयमतर भन्ने ठाउँ बाट काठमाडौं उपत्यकामा आयुदेव भन्ने व्यक्ति आई लगंबाहामा बसे। पछि उनका श्रीमतीले यमयमतर भन्ने ठाउँमा असभ्य मानिसहरुले दुर्व्यवहार गरेका हुनाले जिवन निर्वाह गर्न गाह्रे भएको जानकारी आयुदेवलाई गराए। त्यसपछि आयुदेवले आफ्नी श्रीमती सहित सव

परिवार लाई काठमाडौं बोलाई लगं बाहामा आफू सगैं राखे । उनीहरुले लगंबाहामा एउटा चैत्य निर्माण गरे जुन लिच्छवीकालीन चैत्यको रुपमा अहिले सम्म पनि देख्न पाइन्छ ( लक,१९८५, पृ.३१६) ।

लगंबाहाका सघं सदस्यहरुको भनाई अनुसार उनिहरु सगं प्राचिन वंशावलि थियो जस्मा यी सबै कुराहरु उल्लेख गरेको प्रमाण पाईन्छ । तर उक्त वंशावलि केहि दशक अघि हराइसकेको हुनाले उनिहरु सगं उपलब्ध भएन । उनिहरुका अनुसार लगंबाहाको सघंको केही पुराना फोटोहरु ज्याबाहामा रहेको छ । उक्त तस्वीर लगंबाहाको निर्माण गर्ने पहिलो व्यक्ति जसलाई आजु भनिन्छ उनको तस्वीर हो भनिन्छ । उक्त आजु लाई सिंन्हपति आजु वा मद्यआजु भन्ने गरिन्छ । उक्त तस्वीर ने.सं. १२१ को भएको मानिन्छ ।

देय् आचार्य गुथि (national Buddhist Council of Vajracharya)को क्वथुपुंई (lower Region) मा परेका महाविहारहरु मध्ये महाविहार वास्तुकलामा हालसम्म संरक्षित अवस्थामा रहेको महाविहार लगं बाहाल (लगंवहाः)का सर्वसंघ सदस्यहरुमा शाक्य र वज्राचार्य दुबै रहेका छन् (वज्राचार्य,वि.सं.२०७५, पृ.२२१) । क्वथुपुंई भित्र रहेका महाविहार (मूल बहाः)हरु मध्ये, सबैभन्दा पूरानो र महत्वपूर्ण मानीएको यस महाविहारमा स्वयम्भू उत्पति भएको विश्वास गरीएको वज्रधातु चैत्य रहेकाले, महाविहारको नाममा समेत वज्रधातु चैत्यबाट ख्याती पाएको देखिन्छ ।

ऐतिहासिक रुपमा लगं बाहालको सम्बन्ध सक्वको गुँ विहारसँग रहेको पाइन्छ । लगं बाहाल अर्न्तगत रहेको बहीहरू च्वाकं बही र न्हयाकं बहीका सर्वसंघका पूर्खा गुँ विहारबाट स्थान्तर भएर आएको मानिँदै आएको पाइन्छ । सक्वमा अवस्थित रहेको कीर्तिपुण्य महाविहारको इतिहास राजा वृषदेवसँग सम्बन्धित भएको पाइन्छ । सक्वमा स्थापना भएको पुरानो तीनवटा महाविहारहरू मध्येमा कीर्तिपुण्य महाविहार पनि रहेको पाइन्छ । गुँ विहार र पद्मगिरि धर्मधातु विहारसँगै नयाँ विहार निर्माण गरियो । नव निर्मित विहारलाई पद्मगिरि नामाकरण गरिँदा एउटै नाम गरिएका दुईवटा विहारहरू हुने भएकोले नव निर्मित विहारलाई कीर्ति र पुण्य भनि नामाकरण गरियो ।

लगन टोलमा अवस्थित लगं बाहालको निर्माण लिच्छविकालमा भएको हुन सक्ने अनुमान गर्न सकिन्छ । लिच्छविकालिन अभिलेख र चैत्यको निर्माण भएको पाइन्छ र

मल्लकालिन समयका विभिन्न अभिलेखहरू प्रचुरमात्रमा पाइनुले यस महाविहारको प्राचिन्ताता दर्शाएको पाइन्छ ।

मल्लकालिन समयमा कीर्तिपुण्य महाविहारका शाक्यहरूको आजुको मूर्ति "सिंहपति" ने.सं १मा बनाएको र हाल उक्त मूर्ति ज्या: बाहालमा रहेको उल्लेख पाइन्छ ।

मल्लकालिन समयमा कीर्तिपुण्य महाविहारको पुन: निर्माण भएको पाइन्छ । राजा जयस्थितिमल्ल (ने.सं. ५०२-५१४) राज्य पूर्व शाक्यकुलपुत्र रङ्गचन्द्रले कीर्तिपुण्य महाविहारको जीर्णोद्वार गरेको उल्लेख भएको पाइन्छ । ने.सं. ५०८मा लगं बाहा:को थकाली रंगचन्द्रको छोरा मानचन्द्र शाक्यले बुबाको आज्ञा बमोजिम लक्ष होम गरि सुनको कुटको अष्टकपाल स्थापनको अत्तिरिक्त कोष्ठपालको तीनतले मन्दिरमाथि ध्वजा सहित भएका पाँचवटा सुनका चहकिला गजुर राखेर लक्ष होम र दान गरी त्यहाँ श्री हेरुक देवता स्थापना गरी, आफैंले पैसा खर्च गरेर श्रद्धापूर्वक गन्धुलि भट्टारक सुनको मूर्ति स्थापना गरेको उल्लेख पाइन्छ ।

यसै गरि ने.सं. ५०८(वि.सं. १४४५)को अभिलेख अनुसार राजा जयस्थिति मल्लको ठूलो निगाहले यश र ऐश्वर्य प्राप्त भइरहेका दानी स्थविरको छोरा मानचन्द्रले र भाई हर्षराम सहित भएर शिरशिखा(कूट) सहित सुवर्ण वज्रासनको बुद्धको मूर्ति क्वापा:द्यको रुपमा लक्षहोम गरी विधिपूर्वक पलिस्था गर्नु भयो भनेर उल्लेख गरिएको पाइन्छ । ने.सं. ५०८मा थकालीहरूको संरक्षणमा पाथपिका हर्षराम चन्द्रद्वारा किफु गुथि राखिएको पाइन्छ । जयस्थितिमल्लकै समकालीन ने.सं. ५०० (वि.सं. ११३७) को अमात्य जगत वर्माद्वारा हस्तलिखित ग्रन्थ "न्यायविकाशिनी" कीर्तिपुण्य महाविहारमा बस्ने भिक्षु लुन्तभद्र बज्राचार्यले लेखेको उल्लेख गरिएको पाइन्छ ।

ने.सं. ५०४मा कीर्तिपुण्य महाविहारको प्रशिद्धता महाचीनसम्मपनि पुगेको पाइन्छ । कीर्तिपुण्य महाविहारको मदनराम र मानचन्द्र शाक्यको प्रतिनिधित्वमा महाचीनबाट आगमण भएको प्रतिनिधिहरूलाई  प्रमुख अतिथ्य सत्कार गरिएको पाइन्छ ।

क्वा:पा:द्यो रहेको कोठा भित्र काठद्वारा निर्मित एउटा चैत्यमुनि ने.सं. ५४० (वि.सं. १४७६) सालमा दानपत्ति श्री जयपतिज्यूद्वारा आफ्नो दिवंगत पिता सुखावती भुवन तथा

महामुद्राको सिद्धि प्राप्त, सु-सम्पत्ति प्राप्त होस भन्ने कामना सहित आफ्नो भाई देवहर्ष सहित क्वा:पा:द्यलाई केहि दान दिएको उल्लेख गरिएको पाइन्छ।

राष्ट्रिय अभिलेखमा सुरक्षित रहेको ने.सं. ५९६ (वि.सं. १५३३)को पञ्चरक्षा ग्रन्थमा कीर्तिपुण्य महाविहारको नाम उल्लेख गरिएको पाइन्छ।

ने.सं. ६०३ कीर्तिपुण्य महाविहारमा संघसदस्य शाक्यभिक्षु श्री उल्हासचन्द्रले आफ्नो परिवारको नाममा साखुँ विहारमा बस्ने श्री हृदयसेनलाई आर्य पञ्चरक्षा, नामसङ्गीति, ग्रहमातृका आदि पुस्तक लेख्न लगाएको  उल्लेख गरेको पाइन्छ।

ने.सं. ७५२ (वि.सं. १६८८) लगं बाहाल महागौरी यताछेंमा बस्ने शाक्य भिक्षु श्री शसरसिंह र अर्को भिक्षु श्री विजयसिंह (नेप्रुसेन)द्वारा वसुन्धरा व्रत (गातिला)को लागि १ वर्ष पुग्ने व्यवस्था गरी दिएको पाइन्छ।

ने.सं. ७८८ सालमा दानपति शाक्यभिक्षु श्री दिनकरको ठूलो छोरा रत्नकार र अर्को छोरा ग्यामूच्छिलिङले आफ्नो हातबाट सुवर्ण कलश पलिस्था गरेर शाक्य भिक्षु श्री जयरत्न आदि सहित गोष्ठी समुच्चय गरेर यस सुवर्ण कलश भित्राएको उल्लेख गरिएको छ।

ने.सं. ७९६ (वि.सं. १४३३)को रञ्जनालिपि युक्त दीपस्तम्भको अभिलखेमा काष्टमण्डप महानगर लगन टोलको कीर्तिपुण्य महाविहारको वन्ता वहाल निवाशी शाक्य भिक्षु सूर्य चन्द्रको अभिलखेमा भगवान अक्षोभ्य भटारक वज्रधातु चैत्यमा नित्य प्रदिप पूजाको लागि स्तम्भ राखिनुको साथै अन्य देवदेवीहरूलाई दिप अर्पण गर्नको लागि एउटा संस्था पनि निमार्ण गरिएको उल्लेख गरिएको छ। लगन गोफल टोलको कायुदी भित्रको भास्कर मल्लको पालाको ने.सं. ८३२(वि.सं. १४६९)को अभिलेखमा दानपत्ति श्री काष्ठमण्डप महानगर लगन टोलको शाक्य भिक्षु सूर्य चन्द्रले लगनको युवहिका श्री ३ वज्रासान अक्ष्योभ्यलाई जग्गा चढाएको उल्लेख आएको छ। सूर्य चन्द्रको पालामा शिरखाना स्थानमा एउटा विहार बनाएको पाइन्छ।

लगन विहारमा बस्ने शाक्य भिक्षु सुर्ज्येचन्द्रले योताछेंमा बस्ने गुरुभद्र कनकमुनिलाई ने.सं. ७९७ (वि.सं. १४३३) मा दान दिएको मुकुट लगं खलाछैंमा बस्ने शाक्यभिक्षु रत्नदेव र चन्द्रजयोतिद्वारा ल्हासामा बनाएको उल्लेख गरिएको पाइन्छ। जोन के. लकले आफ्नो

पुस्तकमा उक्त मुकुट वर्तमान समयमा लण्डन स्थित भिक्टोरिया अल्वर्ट म्युजियममा संरक्षित रहेको भनेर उल्लेख गरिएको पाइन्छ ।

ने.सं. १००४ सालको दिवंगत राजमुनिको तथा उनकी माया रानी थकू र उनीका छोरा छोरीहरू प्रमुख २१ जनाको नाम ख्वापाटेंको पीत्तलको तोरणमा उल्लेख गएिको पाइन्छ ।

कीर्तिपुण्य महाविहार सम्बन्धित विभिन्न अभिलेखहरू पाइनुले महाविहारको प्राचिनता तथा ऐतिहासिकता दर्शाएको पाइन्छ । विभिन्न अभिलेखहरूमा लगं बाहाःलाई कीर्तिपुण्य महाविहार भनेर उल्लेख गरिएका हुनाले महाविहारको पुरानो नामको मध्यमा वज्रधातु चैत्य कसरी हुन पुग्यो भन्ने बारेमा अन्योल्ता रहेको पाइन्छ ।

## ४.२ वास्तुकला

यस बहाको पूर्णनिर्माण धेरै पटक भइसकेको हुदा यहाँ भएको क्वाःपा द्यं को मौलिक वास्तुकला परिवर्तन भइसकेको छ । यो विहारको माथिल्लो तल्लाको बरन्दामा लहरै वरिपरि साधारण सिसाको झ्याल राखिएको छ । विहारको सम्पुर्ण भाग सिमेन्तले प्लास्तर गरीएको छ र कुनै रगं लागाएको छैन । विहारको अघिल्लो भागको वरन्दामा फलामको रेलिङ्ग राखिएको छ । मूल ढोकामा काठको दाँयाबाँया खोल्न मिल्ने बाक्लो काठको ढोका छ । त्यस ढोकाको ठीक माथि तामाको तोरण राखिएको छ र  त्यस तोरणमा दुई तान्त्रिक देवताका साथ माहावैरोचनको मूर्ति कुँदिएको छ । त्यसै तोरणमा पाञ्चरक्षक देवताहरुको माथि पञ्बुद्धको मुर्ति र त्यसको माथि वैरोचन बुद्धको मूर्ति कुँदिइको छ ।

यस विहारको क्वापाः द्य पीतलको अक्षोभय मूर्ति लाई उत्तर दिशा तर्फ फर्काई राखिएको छ । यस विहारको पहिल्लो तल्लामा पञ्चमुखी झ्याल राखिइको छ र त्यस सगै अर्को दुई वटा साना झ्यालहरु राखिइको छ । यस झ्यालको माथि एउटा काठको तोरण राखिइको छ जस्मा मुल ढोकाको जस्तै चित्रण गरिएको छ । माथिल्लो तल्लामा सिसाको झ्यालहरु छन् र त्यहाँ ६ वटा तुडालहरुले राखिएको देखिन्छ । यस बाहालको मध्य भागमा एउटा बाहा सघंको पुरानो चैत्य छ (लक,इ.सं. १९८५, पृ.३१३) ।

महाविहारको धर्मचित्त उत्पत्ति र धार्मिक गतिविधिहरूको विकाससँगै यसको वास्तुकलामा महत्वपूर्ण परिवर्तनहरू भएका छन् । आरम्भमा महाविहारको परम्परागत

वास्तुकला विशेषतामा आधारित संरचना प्रमुख भए तापनि, समयसँगै यहाँ विभिन्न चिभा, चैत्य, र अन्य धार्मिक स्थापत्यहरूको निर्माण भयो, जसले गर्दा महाविहारको वास्तविक मूल स्वरूप हराउँदै गएको छ । महाविहारको वास्तुकला विशेषताहरूमा पिंड सेलाउने स्थान ( प्यंगाः), होम गर्ने स्थान, क्षेत्रपाल, पद्ममण्डल आदि समावेश छन्, जसले महाविहारलाई एक विशिष्ट धार्मिक स्थलका रूपमा चिनाएको छ ।

महाविहारको विशेषतामा एक उल्लेखनीय तत्व नवधातुका वज्रधातु चैत्यको स्थापना हो । यस चैत्यको मुनि पन्ना (नवरत्नहरूमा एक) रहेको खानी भएको भनाइ छ, जसको आधारमा यहाँको वास्तुकलामा धार्मिक र ऐतिहासिक महत्त्व जोडिएको छ । पन्नाको खानी पोखरीभित्र रहेको र हिटिमङ्ग (जलहरी) बाट सोही पोखरीको पानी तर्किरहेको धार्मिक विश्वासले यस ठाउँलाई पवित्रता प्रदान गरेको छ ।

यस महाविहारको क्वापाः द्यःको ढोकामाथि रहेको तोरण विशिष्ट छ, जसलाई तामाबाट निर्मित गरि सुनले जलप गरिएको छ । यो तोरणमा महाविहारका प्रमुख देवता महावैरोचनको मूर्ति रहेको छ, जसलाई धर्म र संघले दायाँ-बायाँबाट घेरेका छन ्। महावैरोचनको माथिल्लो भागमा पञ्चरक्षा देवीहरूको प्रतिमा रहेको छ, जसले तोरणलाई अझै गरिमामय बनाएको छ । यसैगरी, क्वापाः द्यःको उत्तराभिमुखी ढलौटको ठूलो अक्षोभ्य मूर्ति महाविहारको प्रमुख आस्था केन्द्र रहेको छ ।

महाविहारको केन्द्रमा रहेको गुम्बज शैलीको मन्दिर भित्र वज्रधातु चैत्य रहेको छ, जुन यस स्थानका सर्वसंघ गुठियारहरूको कुलदेवता हो । चारवटा ढोकाहरूमा रहेको तोरणले यस स्थानको धार्मिक महत्त्वलाई थप उजागर गर्छ, विशेषगरी उत्तरतर्फ रहेको तोरणमा दुई बोधिसत्वसहित नामसंगीति पनि कुँदिएको छ, जसले धार्मिक आस्थालाई थप बल दिन्छ ।

महाविहारको परिसरभित्र मात्र नभएर वरिपरि पनि १२ वटा साना-ठूला चिभा-चैत्यहरू विभिन्न आकारमा रहेको पाइन्छ । यी चिभाहरू महाविहारको वास्तुकला र धार्मिक परम्पराको अभिन्न हिस्सा हुन् । साथै, महाविहारका दुई ठूला दीप स्तम्भहरूमा शीला अभिलेखहरू कुँदिएका छन्, जसले महाविहारको ऐतिहासिकता र धार्मिक महत्त्वलाई प्रमाणित गर्छ । विविध अभिलेख र धार्मिक ग्रन्थहरूमा यस महाविहारको नाम "कीर्तिपुण्य

महाविहार“ र “कीर्तिपुण्य वज्रधातु महाविहार“ दुबै रूपमा उल्लेख गरिएको पाइन्छ, जसले महाविहारको ऐतिहासिक प्रतिष्ठा र धार्मिक धरोहरलाई झल्काउँछ ।

लगं बाहालमा प्रवेश गर्नु पूर्व लगन चोक आउने गर्दछ । लगन टोलमा विभिन्न देव देवीहरूलाई प्रतिस्थापन गरिएको पाइन्छ ।

**क) करुणामय मन्दिर र करुणामयको आमा (माँ सिमा):**

लगन टोलमा करुणामय आमाको रुख र करुणामय मन्दिर स्थापना गरिएको पाइन्छ ।

**ख) योगाम्बर पीठः**

लगन टोलको उक्त भागमा योगाम्बरको पीठ रहेको छ ।

**ग) नासःद्यः**

लगन टोलको उत्तर भागमा नित्य नाथ अर्थात नासःद्यको मन्दिर रहेको पाइन्छ ।

**घ) कुमारीः**

लगन टोलको उत्तर भागमा कुमारी जनाउनका लागि ५ वटा ढुंगाा पनि राखिएको छ ।

**ङ) नमोबुद्धः**

लगन टोलको पूर्व तर्फ नमो बुद्ध भगवानको मूर्ति स्थापना गरिएको छ । नमोबुद्ध जान नसक्नेहरू यस स्थानमा आएर दर्शन गर्दा नमोबुद्ध गएको सरह हुनेछ भन्ने जन विश्वास रहँदै आएको पाइन्छ ।

**च) सी मूद्योः**

लगन टोलको दक्षिण स्थानमा श्रीदेवी देवता विराजमान रहेको पाइन्छ । श्रीदेवीलाई छावासाः अजिमाको रुपमा पनि लिएको पाइन्छ ।

**छ)     मनकामना देवताः**

बाहाःको मुख्य ढोकाको दक्षिणतर्फ गोप्य स्थानमा मनकामना देविको मन्दिर अवस्थित रहेका पाइन्छ ।

**ज)     चैत्यः**

लगं बाहालको पूर्व ढोका अगाडि ठूलो चैत्य बनाएको पाइन्छ ।

**४.२.१ लगं बहालका प्रवेशद्वारहरु**

लगं बाहालमा प्रवेशका गर्नका लागि दुईवटा ढोकाहरू रहेको छ । कीर्तिपुण्य महाविहारमा बनाइएका ढोकाहरूमा एउटा पूर्वाभिमुखि ढोका र अर्को मुख्य ढोका पश्चिमाभिमुख रहेको पाइन्छ ।

**क)     मूल प्रवेशद्वारः**

मूल प्रवेशद्वार पश्चितम तर्फ रहेको छ । महाविहारको मूल प्रवेशद्वारमाथि तोरण राखिएको छ । उक्त तोरणमा अक्ष्योभ्य बुद्ध र उहाँको दायाँ र बायाँ प्रज्ञापारमिता र लोकेश्वर कूँदिएको रहेको पाइन्छ । अक्ष्योभय बुद्धकोमाथि वज्रधर अवस्थित रहेको छ, सार्दुल र मेघ सहितको गरुड राखिएको छ । तोरणको मुनिपट्टि शाक्यमुनि बुद्धको प्रतिमा कुँदिएको छ । मूल प्रवेशद्वारको बायाँ तर्फ हनुमानको प्रतिक सानो ख्वपा बनाएको पाइन्छ । पश्चिम दक्षिण(नैऋत्य) कोणमा महाँकालको मूर्ति रहेको पाइन्छ ।

**ख)     दास्रो प्रवेशद्वारः**

पूर्वको प्रवेशद्वारमा महाँकालको मूर्ति र सम्मुखमा शाक्यमुनि बुद्धको मूर्ति सानो खोपामा राखिएको पाइन्छ ।

### ४.२.२ महाँकालको मूर्ति :

लगं बाहालको पूर्व दिशाको द्वारपालको रुपमा महाँकालको मूर्ति स्थापना गरिएको पाइन्छ। लगं बाहालमा भएको मूर्तिको निष्पन्न योगावली र साधनामालामा दिएको वर्णन अनसार बनाएको पाइन्छ।बौद्ध धर्म अनुसारको महाँकाल सर्पाभूषण, कुकुर दाँत, लच्केको पेट, व्याघ्रचर्म र मूर्तिलाई उत्तर पूर्व इशानकोणमा राख्नु पर्ने नियम अनुसार राखिएको पाइन्छ।

महाँकालको तीनवटा मुख रहेको छ पूर्वाभिमुख, दक्षिणाभिमुख, र पश्चिमाभिमुख रहेको छ। यी तीन मुख मध्येमा विचको मुख क्रोधि रहेको छ। महाँकालको तीन मुख रहेको छ र माथितर्फ भएको नर मुखाकृति तलको मुखाकृति भन्दा अलिक ठूलो आकारमा बनाइएको छ। महाँकालको कपाल उर्धकपाल रहेको पाइन्छ। लगं बाहाःमा रहेको महाँकालको मूर्तिले पहिलो दायाँ र बायाँ हातमा कर्ति र कपाल समातिएको छ र माथिको दुवै हातमा खड्ग र खट्वाङ्ग समातिएको पाइन्छ। महाँकालले मुण्डमाला धारण गरिएको छ। महाँकालको मूर्तिको पृष्ठभागमा ज्वालावलीको बुट्टा दिएको छ।

पूर्व प्रवेशद्वारबाट भित्र पस्ने वित्तिकै दक्षिणतर्फ (अग्नेयकोणमा)मञ्जुश्री मुर्तिसँगै सानो ख्वोपामा महाँकालको मूर्ति रहेको छ।

### ४.२.३ मञ्जुश्रीको मूर्तिः

यस लगं बाहाल भित्र पुगेपछि प्रांगणमा पेटिबाट परिक्रमा गर्दा बाँया तर्फ कुनाको घरमाको खोपामा मञ्जुश्रीको मूर्ति देखिन्छ। मञ्जुश्रीलाई आर्यवलोकितेश्वर पछि सबै भन्दा बढि मान्ने दोस्रो बोधिसत्व रहेको छ। लगं बाहालमा मञ्जुश्रीको मूर्ति साधनामालामा वर्णन दिएको अनुसार बनाइएको पाइन्छ। मञ्जुघोषः कनकाभःखड्गपुस्तक धारण। अर्थ मञ्जुघोषले दुई हातमा खड्ग र पुस्तक लिएको हुन्छ।

### ४.२.४ भैषज्य बुद्धको प्रतिमा र महाँकालः

लगं बाहालको उत्तरतर्फको एक घरमा सानो खोपामा भैषज्य बुद्ध र महाँकालको मूर्ति दायाँ र बायाँ राखिएको छ। उत्तर तर्फ भएको महांकाल एक मुख दुई हात कर्त्ति र कपाल समातिएको र मुण्डमाला धारण गरि खट्वाङ्ग धारण गरिएको पाइन्छ। भैष्जय बुद्ध

कमल आसन गरि त्रिचिवर धारण गरि पिण्डपात्रको माथि र अर्को हातमा औषधिको बोट समाति रहेको पाइन्छ।

### ४.२.५ आँगनः

लगं बाहाःको आगँनको खुल्ला र चतुवर्गाकारको चोकमा टेलिया वा ढुङ्गाले छापेको पाइन्छ।  चोकको चारै तिर २ फूट जति अग्लो पेटी राखिएको पाइन्छ। चोकको बिचमा इष्टदेवको मूर्तिसँगै चारैतिर  विभिन्न चैत्यहरूको निर्माण भएको पाइन्छ। लगं बाहालको आगनमा बायाँ तर्फबाट परिक्रममा गर्ने क्रममा दक्षिणमा चारवटा, उत्तरमा पाँचवटा र पूर्वमा तीनवटा गरि तेऱ्हवटा स-साना चैत्यहरू रहेका छन्।

आँगनको पूर्व दिशामा तीन वटा चैत्य सहित नामसंगिति अंकित दिपस्तम्भ राखिएको पाइन्छ। यस दिपस्तम्भमा नामसंगिति पढ्ने बेलामा अनिवार्य रुपमा बत्ति (दिप) राख्नु पर्ने हुन्छ। रत्न न्यासको लागि ढुंगा पनि निर्माण गरिएको छ। पश्चिम दिशामा यहाँ होम गर्नकोलागि अग्निकुण्ड र मण्डल रहेको पाइन्छ।

दक्षिण दिशा तर्फ आगम घर भित्रभएको वज्रधातु मण्डलको प्रतिकको रुपमा आगनमा पनि वज्रधातु चैत्य दीपसतम्भ, क्षेत्रपाल र चारवटा चैत्य राखिएको पाइन्छ। वज्रधातु मण्डलको वरिपरि पञ्चरक्षा देवी रहेको छ ।

उत्तर दिशामा ४ वटा चैत्य रहेको पाइन्छ।

### ४.२.६ लगं बाहालको ईष्टदेव

लगं बाहालको आगनको मध्यमा इष्टदेवको मन्दिर प्रतिस्थापन गरेको पाइन्छ। लगं बाहाःको आँगनको बिचमा भएको इष्टदेव मन्दिरको आधार पेटिबाट चतुष्कोणात्मक रहेको छ। वि.सं. २०७२ सालको भूकम्प भन्दा पहिला इष्टदेवको मन्दिर एक तल्लामा तल्लामा बनेको पाइन्छ। मन्दिरको छानमाथि दोम आकार सहित हर्मिका र गजुर राखिएको पाइन्छ। यस मन्दिर २०७२ सालको भूकम्प पछि पुरात्तन शैलिमा नै यस मन्दिरको पुनः निमार्ण गरिएको छ। मन्दिरको छाना माथि गजूर राखिएको छ। यस वज्रधातु चैत्य यस आगनको बिच भागमा रहेको छ। वर्तमान समयमा यस मन्दिरको पुरानै संरचनागतन शैलिमा पुनः निर्माण सम्पन्न भएको पाइन्छ। वर्तमान समयमा मन्दिर एक तल्लाको र माथि पित्तलको

छाना राखिएको छ। पित्तलको छानामाथि गजुर र छाना हर्मिका शैलिको रहेको छ। हर्मिकामाथि एउटा गजुरको साथै नागको प्रतिक हलिपट पनि राखिएको छ।

पश्चिम दिशाको तोरण बुद्ध धर्म संघको प्रतिक बुद्ध, प्रज्ञापारमिता र लोकेश्वरको मूर्ति रहेको छ। तोरणको शिरोभागमा बुद्धको प्रतिमा रहेको छ।

दक्षिण दिशाको ढोकाको तोरणमा अष्टभुज नामसंगिति र उहाँकोसँगै अरु दुई बोधिसत्व तथा चार भैरवहरू (यमान्तक, प्रज्ञानन्तक, पद्यमान्तक तथा विघ्नान्तक) अतिरिक्त पञ्भरक्षा देवि अवस्थित रहेको छ। किन्नर/अप्सराको माथि गरुड नागकन्या र चार भैरवहरू रहेको छ। तोरणको माथिल्लो भागमा वज्रधरको मूर्ति रहेको छ।

पूर्व दिशाको तोरणमा मूल नामसंगितिलाई दायाँ र बायाँ दुई अष्ट भूज भैरवहरूद्वारा संवित गराएर माथि गरुडावृतियुक्त तोरण रहेको पाइन्छ।

उत्तरको तोरणमा सिंहासनमा माथि मुख्य देवताको रुपमा महावैरोचन दायाँ र बायाँ दुई बोधिसत्व कुँदिएको छ। तोरणमा किन्नर, छेपु, ड्रागन, मकरको आकृति रहेको छ। तोरणको माथिल्लो भागमा वैरोचन बुद्ध रहेको छ।

मन्दिरको भित्र चतुष्कोणात्मक पेटीमाथि कमलपत्र माथि चैत्य प्रकट गरिएको छ। यस चैत्यलाई यहाँको संघसदस्यहरूले यमयमटारबाट ल्याइएको सम्बन्धित गर्न कोशिस गरिएको छ यस चैत्यलाई लिच्छविकालिन चैत्य मान्न सकिन्छ। मिलन रत्न शाक्यज्यूको अनसार यस चैत्यको गर्भको कला पक्षलाई नियालेर हेर्ने हो भने यस चैत्यको निमार्ण शैलि लिच्छविकालिन चैत्य दर्शाउने गरिन्छ। चैत्यमा १३ भुवनको साथ-साथै गजुर पनि राखिएको छ। पहिला यस चैत्यमा गवाक्ष रहेको नपाएता पनि वर्तमान पश्चिम दिशामा चाँदिको गवाक्ष रहेको छ गवाक्षलाई पञ्चध्यानी बुद्धको प्रतिक स्वरुप पाँचवटा चाँदिको किंकिपाको आवरण दिइनुको साथै यष्टि मूलमाथि पनि चाँदिको छत्राकारका र चाँदिकै पताका प्रयोग भएका छ।

ईष्टदेवलाई शाक्यसंघले गंथिदेवल पनि भन्ने गरिन्छ। गंथिदेवल भित्र भएको चैत्यलाई शाक्यले मात्र नभई वज्राचार्यहरूले पनि इष्टदेव अर्थात कुल देवतको रुपमा

लिएको पाइन्छ । गंथिदेवल भित्र रहेको चैत्यलाई आयुदेवले यमयमटारबाट ल्याइएको सर्वसंघहरूले मानिँदै आइरहेको छ ।

### ४.२.७ क्वा:पा:द्य/आगम घर

लगं बाहा:मा रहेको क्वा:पा:द्य उत्तराभिमुख रहेको छ । यो मूल आगम घर उत्तराभिमुख र तीन तल्लाको संरचनामा बनेको पाइन्छ । मूल आगम घर वि.सं. २०७२ सालको भूकम्प पश्चात फेरी पुनः निमार्ण गरिएको हो । पुनः निमार्ण भएको आगम घरलाई पुरानो संरचनागत शैलिमा बनाएको पाइन्छ । वि.सं. २०७२ सालमा अगाडिको आगम घर तीन तल्लाको रहेको छ जसमध्ये पहिलो तल्लामा क्वा:पा:द्य दास्रो तल्लमा दीगि तथा तेस्रो तल्लामा मुख्य देवता राखिएको पाइन्छ । दास्रो तल्लामा सिमेन्टद्वारा पलास्टर  तेस्रो तल्लमा आइरनको रेलिङले छेकेको पाइन्छ ।यस वरण्डालाई थड्याउनको निमित्त छवटा कलात्मक तुँडालहरूमात्र यस बाहा:को प्रतिनिधित्व गर्दछ । यस क्वा:पा:छेमा रहेको तुँडालहरू लास्यदेवीहरू कुँदिएको छ ।  छानामाथि तीन वटा गजुरहरू र हलिपट पनि राखिएको छ । भूकम्प अगाडि रहेको आगम घर पुरानो शैलिमा तथा वनावट परिवर्तन भएको पाएको छ । पुनः निर्माण भएको आगम घर पुरात्तन शैलिमा ईट्टाले बनाएको पाइन्छ । पहिलो तल्लामा क्वा:पा:द्य, दोस्रो तल्लमा दिगी तस्रो तल्लामा मूल आगम हुने गर्दछ ।

लगं बाहालको क्वा:पा:द्य अगाडिको ढोकामा दायाँ र बायाँ पित्तलको सानो सिंह राखिएको छ । क्वा:पा:द्यको ढोको दायाँ र बायाँ झ्याल र वज्र राखिएको थियो भने अहिले दुइवटा झ्याल र वज्र राखिएको छ । क्वा:पा:द्यको मुख्यढोकामा अक्षर कुँदिएको छ । यस ढोकाको माथि धातुबाट बनाइएको तोरण रहेको छ । यस तोरणको मुख्य देवता नामसंगिती रहेको छ र नामसंगितीको साथमा चार भैरवको मूर्ति सहित सार्दुल र तर्जनी मुद्रा सहितको देवता रहेको छ । तोरणको माथिल्लो भागमा सम्भोगकाय पञ्चमहाबुद्ध तान्त्रिक देवताको रहेको छ । सम्भोगकाय पञ्चमहाबुद्धको माथि मेघ समाति रहेको गरुडको आकृति रहेको छ । गरुड आकृतिको दायाँ र बायाँ पञ्च ध्यानी बुद्ध रहेको छ । पञ्च ध्यानी बुद्धको शिरोभागमा बुद्धको आकृती र उहाँको दायाँ र बायाँ लोकेश्वर र वज्रपाणीको आकृति रहेको छ । तोरणको शिरोभागमा वज्रसत्व रहेको छ । क्वा:पा:द्यको मूल ढोकाको शिरोभागमा दायाँ र बायाँ अष्टमंगलको बुट्टा कुँडिएको छ ।

क्वा:पा:द्यको दास्रो तल्लामा दीगि हुने गर्दछ । दीगि कोठा जनाउन बाहा: तथा बहीहरूमा पसुका झ्याल अथवा विमान झ्याल राखिएको हुने गर्दछ । पुसका झ्याल ५ वटा झ्यालहरू राखिएको हुने गर्दछ र यो पञ्च बुद्धको प्रतिक पनि रहेको पाइन्छ। कीर्तिपुण्य वज्रधातु महाविहारमा पनि दीगिमा पसुका झ्याल राखिएको पाइन्छ । पसुका झ्यालमा तोरण राखिनुको साथै पसुका झ्यालको दायाँ बायाँ अक्षर कुँदिएको पाइन्छ । पसुका झ्यालको माथि तुँडालमा लास्य देवी राखिएको पाइन्छ ।

लगं बाहालको आगम घरको झ्याल माथि राखिएको तोरणमा मूल देवता नागसंगितीलाई लिएको छ । यस तोरणको माथि आदि बुद्ध वज्रधर राखिएको छ । मूल विशेष्ता अभिलिखित प्रमाणयुक्त मध्यकालिन शैलिमा निर्मित तारण रहेको छ । तोरण मूल ढोकाको तोरणभन्दा पनि पुरानो देखिन्छ ।

लगं बाहालमा रहेको क्वा:पा:द्योको अगाडि धर्मधातु मण्डल अवस्थित रहेको पाइन्छ र अक्ष्योभ्य बुद्धको प्रतिमा स्थापना गरिएको छ । उक्त अक्ष्योभ्यको मुर्ति उत्तराभिमुखी रहेको पाइन्छ । हर्षमुनि शाक्यबाट बोधि टि.भिमा दिइएको अर्न्तवाता अनुसार यस महाविहारमा रहाँको क्वा:पा:द्य पहिले चोरी भई सके पछि, चोरी भएको मुर्तिको स्थानमा शाक्यमुनि बुद्धको मूर्ति प्रतिस्थापन गरि राखिएको भनिएको छ । क्वा:पा:द्यको ढोकामा भएको तोरण अनुसारको क्वा:पा:द्यको मुख्य मूर्ति नभएको पाइन्छ ।

### ४.२.८ वज्रधातु मण्डल

यस मण्डल क्वा:पा:द्यको गर्भगृहको अगाडि दायाँतर्फ रहेको छ । यस मण्डलमा नागकृतिले यस मण्डललाई घेरिएको आकृति बनाइएको छ । यस मण्डलमा रञ्जना अक्षरले कुँदिएको पाइन्छ । लगं बाहा:मा भएको कुलदेवता चैत्य यस वज्रधातु मण्डलसँग प्रधान सम्बन्ध भएको हुनाले यस महाविहारको नाम लगं बाहाल रहन गएको हो । ने.सं. ७९६ श्रावण महिनाको कृष्ण पक्ष चतुर्थि तिथि रेवति नक्षेत्र विस्कम्भयोग वृहस्पतिवार सिंह राशी परेको दिनमा दानपत्ति सूर्य चन्द्र शाक्य भिक्षुले आफ्नो दिवंगत माता महागौरीको नाममा यस बाहा:मा अवस्थित क्वा:पा:द्य श्री ३ अक्षोभ्य भट्टारक समक्ष चढाएको उल्लेख गरिएको छ ।

मिलन रत्न शाक्यको उल्लेख भएको अनुसार मण्डलको मोटाई नौ इन्चि रहेको छ र २४ ह २४ इन्चको चतुष्कोणात्म रहको छ, यस मण्डलको परिधि ७२ इन्च, मण्डलको मोटाई १ इन्च, मण्डलको आधारशिला १२ इन्चको रहेको छ । वज्रधातु मण्डल महावैरोचन बुद्धसँग सम्बन्धित रहेको छ । वैरोचन बुद्धको ध्यान मुद्रामा चतुमुख र अष्तहस्त सहित सिंहासनमा हुने गर्दछ ।

यस आगम घर भित्र रहेको मण्डलको सानो आकृति बाहिर पनि बनाइएको पाइन्छ । आगम घर अगाडि भएको मण्डलमा  वर्तमान समयमा लगं बाहाःमा रहेको यस वज्रधातु मण्डलमा कुँडिएको आकृतिहरू प्रष्त रुपमा देखिन्दैन । मिलन रत्न शाक्यको मण्डलको आरम्भमा चार दिशामा चतुमहाराज रहेको उल्लेख गरिएता पनि यी देविहरू पञ्चरक्षा देवि रहेको पाइन्छ ।

## ४.२.९ आगम घर अगाडि रहेको चैत्य

लगं बाहाःमा भएको बज्रधातु चैत्य ४८ इन्च अग्लो र यसको उचाँई दुई तल्लाको रहेकोमा यस वज्रधातु चैत्य अति नै अलंकृत गरिएको चैत्य रहेको छ र वज्रधातु चैत्यमा रञ्जना लिपिले कुँदिएको चैत्यको पाइन्छ जसमा स्थापना ने.सं. ७९६ (वि.सं. १७३३) वर्षमा बनेको पाउँदछौ । २५ बोधिसत्वको माथि दोस्रो पेटीमा रञ्जना लिपिको अभिलेखमा “मायाजालतन्त्रको” मन्त्र उल्लेख गरिएको छ ।

## ४.२.१०  शाक्य खलकको अरु आगम घर

लगं बाहालको मुख्य विशेषताको रुपमा चारवटा आँगन छैं रहेको छ । हर्ष मुनि शाक्यको अन्तर्वाता अनुसार क्वाःपाःद्य भएको घरलाई थकुं आगम घर, उत्तर तिर भएको आगम घरलाई तज खलकको आगम घर र तेस्रो आगम घर पश्चिम तर्फ वन्त बाहाःको आगम घर र चौंथो  आगम घर अलतु खल प्रकाश शाक्यको रहेको पाइन्छ । यस घरमा सुनको जलप लगाएको आँखिभ्याल पनि रहेको छ  । पूर्वतर्फ पनि एउटा आगम घर रहेको थियो तर विशेषकारणले गर्दा यो आगम घर अहिले रहेको छैन ।

यसमा पनि हालसालै गएको २०७२ सालमा भूकम्पको कारणले थप क्षति भई वर्तमान अवस्थामा जिर्णोद्वारको कार्य भएर पुरानो शैलिमा निर्माण भएको पाइन्छ । लगं

बाहालको जिर्णोद्वारमा संघ परम्परा र सदस्यहरूको योगदान रहेको पाइन्छ । लगं बाहालको संघ परम्परामा बज्राचार्य र शाक्य खलक गरि दुईवटा संघ परम्परा रहेको पाइन्छ ।

## ४.३ सघं परम्परा

यस बाहाको संघमा हाल ९४ जना वज्राचार्य र २५० जना शाक्य सदस्य रहेका छन् । संघमा रहेका शाक्य र वज्राचार्य समुदायका सदस्यहरूबीच केही वर्ष अघि बाहा संघको व्यवस्थापन र नेतृत्वलाई लिएर विवाद उत्पन्न भएको थियो । यो विवादको मुख्य कारण संघमा शाक्यहरूको संख्या धेरै हुनु र त्यसका कारण संघको प्रमुख थकालीको पद प्रायः शाक्य समुदायको व्यक्तिहरूले मात्रै पाउने परम्परा थियो । यो अवस्थामा असन्तुष्ट भएका वज्राचार्यहरूले आफ्नै छुट्टै चुदाकर्म गर्ने निर्णय गरे, र उनीहरूले आफ्नो छुट्टै थकालीको घोषणा गरे जसलाई 'चक्रेश्वर' नाम दिइयो । यो विभाजन पछि हालसम्म पनि वज्राचार्य र शाक्य समुदायका सदस्यहरूले आ-आफ्नै छुट्टै चुदाकर्म गर्दै आइरहेका छन् ।

सघंका सदस्यहरू–शाक्य र वज्राचार्य दुवै– क्वापाः द्यमा दैनिक रूपमा पूजा-आजा गर्ने परम्परा निर्वाह गर्छन् । दिनको सुरुवात बिहान क्वापाः द्यलाई स्नान गराएपछि बाहाको मध्य भागमा रहेको चैत्यलाई पनि स्नान गराइन्छ । त्यसपछि बिहान ८ बजे क्वापाः द्य र चैत्यमा नित्य पूजा गरिन्छ । दिउँसोको समयमा क्वापाः द्य र चैत्यमा पञ्चोपचार पूजा गरिन्छ, जसमा विभिन्न सामग्री प्रयोग गरेर पूजाको विशेष विधि अनुसार काम सम्पन्न हुन्छ । साँझपख क्वापाः द्य र चैत्यमा आरती गरिन्छ, जसले दिनभरको पूजालाई समाप्त गर्छ ।

द्य पाला सम्बन्धी व्यवस्थामा शाक्य र वज्राचार्यको भूमिका फरक हुन्छ । शाक्य समुदायका सदस्यहरूले वर्षको एघार महिना पालैपालो द्य पालाको जिम्मेवारी लिन्छन्, जसमा प्रत्येक सदस्यले निश्चित समयको लागि क्वापाः द्यमा पूजा गर्ने जिम्मेवारी पाउँछन् । जबकि वज्राचार्यहरूले भने वर्षको मात्र एक महिना द्य पालाको जिम्मेवारी पाउँछन्, र त्यो पनि एक व्यक्तिले एक दिन मात्र पूजा गर्ने अवसर पाउँछ । द्य पाला हुँदा, पूजाको क्रम बाहा भित्र मात्र सीमित नरहेर बाहा बाहिरको विभिन्न स्थानहरू जस्तै लगन चोकमा रहेको नासः द्य, लुकुमाद्य, र अभलोकितेश्वरको मन्दिरमा पनि सम्पन्न गर्नुपर्ने चलन छ । पूजाका यी सबै विधि पुरा भएपछि मात्र पुजारी बाहा भित्र फर्किन्छन् ।

केही पुस्ता अघि नेपालका पश्चिमी क्षेत्रबाट ल्याइएको दिगुः द्यलाई यस बाहामा स्थापना गरिएको भन्ने ऐतिहासिक मान्यता छ । बाहा संघको संरचनामा "चक्रेश्वर" प्रमुख

पदमा रहन्छन्, जसले संघको सम्पूर्ण धार्मिक क्रियाकलापको नेतृत्व गर्दछ। चक्रेश्वरका साथै, पाँच जना थायपा (सल्लाहकार) पनि संघमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन्। तीमध्ये तीन जना थायपा लंग बाहाका सदस्य हुन्छन्, भने बाँकी दुई जना ज्याबाहा बाहाका सदस्यबाट चयन गरिन्छन्।

यस बाहामा हरेक वर्ष वर्षबन्धन पूजा गर्ने परम्परा रहेको थियो। यो पूजा शाक्य र वज्राचार्य समुदायका सदस्यहरूबीच सामूहिक रूपमा सम्पन्न गरिन्थ्यो, जसमा पूजा सम्पन्न गरेपछि संघका सदस्यहरूले संयुक्त भोजको आयोजना गर्थे। यस प्रथाले समुदायलाई आपसी एकता र सामूहिक उत्तरदायित्वको भावना प्रदान गर्थ्यो। तथापि, संघमा उत्पन्न विवादपछि वर्षबन्धन पूजा गर्ने चलन रोकिएको छ। यो विवादका कारण शाक्य र वज्राचार्य समुदायका बीचमा देखिएको विभाजनले मात्र पूजा विधि बन्द गरेको छैन, एकताका प्रतीक रूपमा गरिने भोजभतेरको प्रचलन पनि समाप्त भएको छ।

यद्यपि संघभित्रको विवादका कारण अन्य धार्मिक र सामाजिक क्रियाकलापहरूमा असर परेको भए पनि, शाक्य र वज्राचार्य समुदायबीच चुदाकर्म (व्रतबन्ध) गर्न भने निरन्तरता रहेको पाइएको छ। शाक्यहरूको चुदाकर्मको लागि शाक्य समुदायका कुलपुत्रहरूलाई निश्चित उमेरपछि विशेष रुपमा चयन गरिन्छ। एकपटक जब चुदाकर्म गर्ने योग्य शाक्य कुलपुत्रहरूको संख्या पुग्छ, उनीहरूको सामूहिक रूपमा चुदाकर्म गरिन्छ। चुदाकर्म भने प्रत्येक वर्ष गरिदैन; योग्य उम्मेदवारहरूको संख्यामा भर पर्छ। चुदाकर्म सम्पन्न भएको चार दिनपछि वज्राचार्यहरूले थप धार्मिक अनुष्ठान, जसलाई "आचालु" भनिन्छ, गर्ने परम्परा छ। यो अनुष्ठान वज्राचार्य समुदायको विशेष धार्मिक संस्कार हो, जसले चुदाकर्मलाई आधिकारिक रूपमा पूरा भएको मान्यता दिन्छ। चुदाकर्म सम्पन्न भएपछि, चुदाकर्म गराउने परिवारले आफ्नो नजिकका आफन्त, साथीभाइ, र बाहा संघका पाँचजना थायपालाई विशेष भोजमा निमन्त्रणा गर्छन्। यो भोज धार्मिक कृत्यको समापनपछि सामाजिक एकता र सामूहिक खुसीको प्रतीक मानिन्छ। भोजको यस प्रथाले बाहा समुदायभित्रको सम्बन्धलाई थप सुदृढ बनाउने काम गर्दछ।

समग्रमा, बाहा संघको चुदाकर्म, वर्षबन्धन पूजा, र अन्य धार्मिक विधिहरूले शाक्य र वज्राचार्य समुदायबीचको सांस्कृतिक निरन्तरता, धार्मिक आस्था, र सामाजिक एकताको चित्रण गर्छन्। यद्यपि संघमा आन्तरिक विवादले कतिपय परम्परामा परिवर्तन ल्याएको छ,

धार्मिक कर्मकाण्डहरूमा अझै निरन्तरता देखिन्छ, जसले बाहाको धार्मिक जीवनलाई कायम राखेको छ ।

लगं बाहाको आर्थिक अवस्था सुदृढ रहेको मानिन्छ । यस बाहाको प्रमुख आर्थिक स्रोत खेती योग्य जमिन रहेको छ, जसबाट बाहाले पर्याप्त आम्दानी गर्छ । प्रशस्त मात्रामा रहेको यो जमिनले बाहाको आन्तरिक गतिविधिहरू सञ्चालन गर्न र धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरूको व्यवस्थापन गर्न आवश्यक स्रोत प्रदान गर्दछ । आर्थिक सुदृढताले लगं बाहालाई धार्मिक तथा सामाजिक गतिविधिहरूमा निरन्तर सक्रिय भूमिका खेल्न सक्षम बनाएको छ ।

लगं बाहाका संघका सदस्यहरूको मूल उत्पत्तिको कथा पश्चिम नेपालको यमयमतर नामक ठाउँसँग जोडिएको छ । यद्यपि यो तथ्य ऐतिहासिक रूपमा पूर्ण रूपमा पुष्ट नभएको देखिन्छ, किनकि यमयमतर भन्ने स्थान नेपालको नक्सामा कहिँ फेला परेको छैन । त्यस स्थानको सन्दर्भमा कुनै स्पष्ट प्रमाण नभेटिए तापनि, पुराना पुस्ताका संघ सदस्यहरूले बाह्र वर्षमा एक पटक उक्त यमयमतर स्थानमा गएर आफ्ना पूर्वजहरूले स्थापित गरेका देवताहरूको पूजा गर्ने चलन पछिल्लो समयसम्म कायम रहेको पाइन्छ (लक,१९८५, पृ. ३१६) । तर, अहिलेको पुस्ताका सदस्यहरूले भने त्यो परम्परालाई निरन्तरता दिएका छैनन्, जसले गर्दा यो प्रथा क्रमशः लोप हुँदै गएको देखिन्छ ।

यस बाहाको ऐतिहासिक सन्दर्भमा भने जयस्थिति मल्लको पालादेखि केही महत्वपूर्ण प्रमाणहरू फेला परेको छन् । जयस्थिति मल्लका पालामा “हर्षराम“ नामक व्यक्तिले यस संघलाई विशेष योगदान गरेको उल्लेख छ । हर्षरामले बाहाको धार्मिक कार्य सञ्चालनको लागि गुठीको रूपमा जग्गा दान गरेका थिए, जसको अभिलेखमा जयस्थिति मल्लको नाम उल्लेख गरिएको छ । हर्षराम, गुणदेवका छोरा थिए, जसले लगं बाहाको जीर्णोद्धार गरेका थिए । गुणदेवदेखि पृथ्वीनारायण शाहको पालासम्मको वंशावली “ला-चुलिङ“ नामक व्यक्तिले तयार गरेका थिए, जसको सन्दर्भमा तिब्बतसँगको गहिरो सम्बन्ध झल्किन्छ । ला-चुलिङ तिब्बती भाषाको नाम हो, जसले संकेत गर्दछ कि लगं बाहाका सदस्यहरू तिब्बतसँग व्यापारिक सम्बन्ध राख्थे । तिब्बतमा व्यापार गर्ने यी समूहले जयस्थिति मल्लको पालादेखि नै व्यापार आरम्भ गरेका थिए । ला-चुलिङको परिवारले ल्हासामा दशवटा घरहरूको स्वामित्व राख्थे, जुन उनीहरूले लामो समयसम्म उपयोग गरे । पछि,१९६७ मा

चीन सरकारले ती घरहरू किनेर लगं बाहाका सदस्यहरूको तिब्बतमा भोगचलन अन्त्य गरिदियो (लक,१९८५, पृ. ३१६)।

तिब्बतसँगको व्यापार लगं बाहाका सदस्यहरूको आर्थिक समृद्धिको प्रमुख आधार थियो । तिब्बतबाट प्राप्त आम्दानीले उनीहरूलाई धार्मिक र सांस्कृतिक कार्यहरूमा सक्रिय रूपमा सहभागी हुन सक्षम बनायो । यही आम्दानीबाट उनीहरूले काठमाडौंको खुसिबुमा आयोजना गरिने सम्यक महादानजस्ता ठूला धार्मिक समारोहहरू सञ्चालन गर्न सकेका थिए । सम्यक महादान, जसमा बुद्धका मूर्तिहरूको विशेष प्रदर्शन र दान गरिन्छ , उनीहरूको सांस्कृतिक पहिचानको एक महत्वपूर्ण हिस्सा हो । तिब्बतमा गरेको व्यापार र त्यसबाट प्राप्त आर्थिक लाभले लगं बाहाका सदस्यहरूलाई आफ्नो धार्मिक र सांस्कृतिक परम्परालाई जीवित राख्न सघायो ।

सम्बन्धित ऐतिहासिक अभिलेखहरूको अध्ययन गर्दा, लगं बाहाको इतिहासमा ने.सं. ७९६ को सबैभन्दा पुरानो अभिलेख फेला परेको छ । उक्त अभिलेख बहालभित्र अवस्थित अक्षोभ्य बुद्ध र बज्रधातु चैत्यलाई बत्ती अर्पण गर्न श्री सूर्यचन्द्र भिक्षुले बनाएको बत्ती स्टाण्डमा लेखिएको पाइन्छ । यो अभिलेखले बाहाका धार्मिक क्रियाकलाप र ऐतिहासिक पृष्ठभूमिको थप पुष्टि गर्दछ, जसले बाहाका सदस्यहरूबीचको धार्मिक आस्था र आर्थिक समृद्धिको सम्बन्धलाई अझ स्पष्ट पार्छ ।

ने.सं. ७९७ को कृष्ण पक्ष द्वादशी तिथिमा यस बाहाको तिब्बतमा व्यापारी गर्ने सघं सदस्यहरु मध्य श्री रत्नदेवको अगुवाईमा हिरा जवाहरात जडित मुकुट लगं बाहामा दान दिन ल्हासामा उक्त मुकुट बनाउदै थिए । तर उक्त काम सम्पन्न हुनु अघि नै रत्नदेवको मृत्यु भयो र सो काम चन्द्रज्योतिले सम्पन्न गरे र उक्त मुकुट लगनमा बस्नु हुने गुरुभद्र वज्राचार्य श्री कनकमुनि लाई अर्पण गरे । यस कार्यको पुण्य बाट दान दिएका परिवार लाई सुख, समृद्धि, र सन्तान प्राप्त हुने विश्वास गरिन्छ (लक,१९८५, पृ. ३१७) ।

लगं बाहाका सघं सदस्य शाक्य र वज्राचार्यहरु जो आफूहरु यमयमतर बाट आएको र आयुदेवका सन्तान भनि दावि गर्छन् यी अलावा अरु तिन वटा सघंहरु पनि लगंबाहामा रहेको पाइन्छ । भाष्कर मल्ल ( सन. १७००-१७१९) को पालामा केही शाक्यहरु भक्तपुरबाट काठमाडौंमा बसाई सराई गरेका थिए । ति शाक्यहरु राजाको साथ पाई लगंबाहाका सघं

सदस्य भएको भनिन्छ । यिनीहरु पनि लगंबाहामा रहेको चार वटा सघं मध्य एउटा छुटै सघंको रुपमा स्थापित भए । आज भन्दा पाचँ पुस्ता अगाडी धनन्जय उपाध्याय भन्ने एकजाना ब्राम्हणले लगं बाहामा प्रवजीत भएका थिए । त्यसपछि उनी र उनका सन्तान पनि यही लगं बाहाका सघं सदस्यका रुपमा रहे र पछि छुटै सघं बनाए । धनन्जय उपाध्यायका छोरा धिरजमूनि उनका छोरा भाजुमूनि उनका पनि छोरा त्रिरत्नमूनि उनका छोरा पूष्पमूनि उनका छोरा सप्तमूनि वज्राचार्य हुन । उनी एक प्रशिद्ध चर्या नृत्य गुरु हुनुहुन्थ्यो । जो अहिले जीवित हुनुन्न र उहाँ जिवित हुदाँ गुरुजुका रुपमा पूजाआजा गर्नु हुन्थ्यो र अहिले उहाँको छोरा चुदामूनि बज्राचार्य जिवितै हुनुन्छ र उहाँहरु ब्राह्मण भएका हुनाले हिन्दूहरुले मान्ने स्वस्थानि व्रत राख्ने गरेको पाइन्छ ।

जयप्रकाश मल्लले लगंबाहाका छोरी दोश्रो श्रीमतीका रुपमा बिहे गरेका थिए र उनिहरु बाट जन्मेका सन्तानलाई लगंबाहामै प्रवर्जित गर्न लगाए । ऊ र उनका सन्तानहरुले लगं बाहामा छुटै सघं बनाए । जयप्रकाश मल्ल बाट भएको सन्तानलाई बस्नका लागि लगं बाहा बाहिर छुटै घर बनाई दिए जुन घर माथवर सिहं थापाले पछि कब्जा गरेरलिए र पछि उक्त घर भिम्शेन थापाको भाई लाई दिए र जयप्रकाश मल्लको सन्तान लाई भने उक्त घरको सत्ता नाय्पाचो टोलमा अर्को घर जग्गा दिए । तर जयप्रकाश मल्लका सन्तानहरु लाई भने लगं बाहामा पूर्णरुपमा सघं सदस्यका रुपमा अरु सदस्यहरुले स्वीकारेको छैन । त्यसैले उनिहरु लाई द्यःपालाको रुपमा जिम्मेवारी कहीले दिएनन् । त्यस्तै सघंको मू थाय्पा बन्नका लागि उनीहरुलाई योग्य मान्दैनन् ।

### ४.३.१ लगं बाहालमा संघ परम्परा

**क) वज्राचार्य संघ**

लगं महाविहारको संघमा वज्राचार्य संघमा पछि आएर ब्राम्हण कुलको खलकहरूले बज्राचार्यभिषेक लिई यस विहारमा बज्राचार्य बनेकाहरू पनि रहिआएकोले गर्दा जेष्ठताको आधारमा शाक्य संघलाई लिने गरेको छ। वज्राचार्य संघको पुस्ता धनञ्जय उपाध्ययबाट हुन आउने गर्दछ। वज्राचार्य संघको विवरण यस प्रकारको रहेको छः- धनञ्जय उपाध्यायले यहाँको बाहालमा वज्राचार्य दीक्षा लिएर पछि गएर उहाँको छैठौं पुस्ता मध्येको एक वज्राचार्य शास्त्रीय नृत्यको धार्मिक गुरु स्व. सप्तमुनि वज्राचार्य उहाँको सन्तान रहेको छ।

**शाक्य खलकबाट वज्राचार्य भएको खलक**

हर्षरामको समयमा तःबाहाः (लगं बाहाल)को वज्राचार्य लुन्त भद्रलाई गुरु थापना गरी आगम भित्र पसेको उल्लेख गरिएको पाइन्छ। लुन्त भद्र शाक्यभिक्षु बज्राचार्य ने.सं. ५०० सालमा अमात्य जगत वर्माको “न्यायविकाशिनी” शीर्ष सफू दान कार्यक्रम गरेको छ। लुन्त भद्रका सन्तानलाई मात्र यस आगम कोठाभित्र पस्ने अनुमति पाउने गर्दछ। लुन्तभद्र शाक्य भएपनि वज्राचार्य दीक्षा लिएकोले वज्राचार्यको मान्यता दिएको पाइन्छ। शाक्य खलकबाट वज्राचार्य भएको कारणले गर्दा चक्रेश्वरमा मान्यता नदिने व्यवस्था गरेको देखिन्छ तर आचाःगुथिद्वारा भने चक्रेश्वरको मान्यता दिएको पाइन्छ।

**ख) शाक्य संघ**

लगं बाहालमा शाक्य संघको महत्वपूर्ण स्थान रहेको पाइन्छ। लगं बाहालका अधिकांश शाक्य संघका सदस्यहरूले आफूलाई यमयमटारबाट आएका आयुदेवको सन्तानको रुपमा परिचित मान्दछ। शाक्य संघका पुरानो सदस्यका रुपमा पुलखललाई मानिएको छ। पुलखल पनि पछि गएर विभाजित भएर दुई खलक भएको पाइन्छ। पुलखलःबाट विभाजित भई लगवाहाखल र अलःतु खलमा विभाजन भएको पाइन्छ। यस कीर्तिपुण्य वज्रधातु चैत्यमहाविहारमा रहेको अर्को खलक र नायपाच्वः खलक रहेको पाइन्छ। शाक्य खलकहरूमा चारवटा खलक रहेको पाइन्छ। शाक्य भिक्षु संघ सदस्यहरूलाई नेपालमण्डलमा “विखु वरे संघ” पनि भन्ने गर्दछ।

राजा भास्कर मल्ल (१७००-९६) लाई भक्तपुरबाट आइएको केहि शाक्यहरूले उहाँको निगाहा भई यस लगं बाहाःमा प्रवेश भएको एक शाक्य समुह पनि रहेको छ ।

मल्ल राजाहरू मध्येको काठमाडौंको अन्तिम राजा राजा जयस्थिती मल्लले दास्रो श्रीमती लगं बाहाःको रहेको र उहाँबाट भएको सन्तानलाई थकुरी राजा बनाउन चहानु हुँदा ज्योति प्रकाश मल्लले अस्विकार गरेपछि उक्त छोरालाई लगं बाहाःमा ल्याएर व्रतवन्ध गरि यहाँ बस्नको लागि घर बनाएको भनेर उल्लेख गरेको पाइन्छ । तथापि उहाँको सन्तानलाई लगं बाहाःको संघ सदस्को रुपमा स्विकार गरेको पाइदैन ।

**ग) भिक्षुणी संघ**

लगं बाहालमा भिक्षुणी संघ भएको अभिलेखमा उल्लेख भएको पाइन्छ । जयस्थिति मल्लकालिन पाइएको अभिलेख अनुसार भिक्षुणी संघलाई पनि भिक्षु संघहरू जस्तै दान दिएको उल्लेख हुन आएको छ । वर्तमान समयमा लगं बाहालमा भिक्षुणी संघको प्रचलन हराईसकेको पाइन्छ ।

### ४.३.२ चक्रेश्वर तथा स्थबिर/आजु

बाहाः बहीमा प्रवजित भईसकेपछि जेष्ठताको आधारमा सबै भन्दा ज्येष्ठ व्यक्तिलाई चक्रेश्वर(आजु) तथा स्थवीरको पद प्रदान गरिने गर्दछ । चक्रेश्वर शब्द स्थविरवादको “संघनायक”सँग समान्ता रहेको पाइन्छ र चक्रेश्वर तथा स्थवीरलाई संघनायक भन्ने गरिन्छ । जेष्ठताको आधारमा दिइने  चक्रेश्वर तथा आजुको पद्ववी नेपालमण्डलमा रहेको बाहाःबहीको विशेषता रहेको पाइन्छ । लगं बाहाःमा चक्रेश्वर हुनके लागि वज्राचार्यहरूको निर्णय अनुसार गरिन्छ र शाक्य संघबाट पनि यसलाई अनुमोदन गरिएको पाइन्छ । लगं बाहालको वर्तमान समयमा चक्रेश्वरको नामावली यस प्रकार रहेको छ :

वर्तमान समयमा चक्रेश्वर १) डा. केशरमान वज्राचार्य मूलचक्रेश्वर, २) दशमुनि वज्राचार्य, ३) जुजुकाजी वज्राचार्य ४) यज्ञमुनि बज्राचार्य ५) ज्ञानीराजा बज्राचार्य रहेका छन् ।

लुन्तभद्र वज्राचार्यका खलकहरूलाई चक्रेश्वरको उपाधि नपाइने नियम लगं बाहाःमा रहेको पाइन्छ ।

शाक्यसंघका थाय्पालाई स्थविर पद्वि दिइने गरिन्छ र विहारको आजुको रुपमा पूजना गरिएको पाइन्छ। आजु शब्द आर्य र जू प्रत्यय मिलेर बनेको पाइन्छ। आजु दुई शब्दले आर्यले उच्चतममा पुगेको व्यक्ति जनाउँने गर्दछ। जू शब्दले मिल्न गई स्थविर आजु अथवा आजु हुन आउँदछ। बाहाः तथा वहिहरूमा पञ्चदेखि दशजना स्थविर हुने गर्दछ। पाँच स्थविरलाई "न्याम्ह थ्यापा" भनिन्छ र दशस्थविरलाई दशभूमिको अनुसार लिएको पाइन्छ।

लगं बाहालमा शाक्य खलक आफ्नै विशेष परम्परा रहेको पाइन्छ। शाक्य संघमा सर्वसंघको थाकुलि हुनेमा आ-आफ्नै व्यवस्था रहेको पाइन्छ। निम वरे खलकका (२० जना सर्वसघं) थाकुलिमा शुगन्ध रत्न शाक्य हुनु हुन्छ।

लगं बाहालका वर्तमान थाय्पाजुहरूको नामावलीहरूमा शुगन्ध रत्न शाक्य २) रुपमान शाक्य ३) कुलभक्त शाक्य ४) विक्रम शाक्य ५) सुदर्शन मान शाक्य रहेको पाइन्छ।

चक्रंसंवरको दिक्षा लिएको हुनु पर्ने प्रावधान रहेता पनि वर्तमान समयमा जेष्ठताको आधारमा थ्यापाजु चलन लगं बाहालमा रहेको पाइन्छ। लगं बाहालको कार्यभारको जिम्मा चक्रेश्वर तथा स्थविर आजुहरूको मुख्य भूमिकामा हुने गर्दछ। चक्रेश्वर तथा थ्यापाजुको मुख्य भूमिका बाहाःबहीको गतिविधिहरू नियम संगत रुपमा सञ्चालन भएको वा नभएको भन्ने निर्क्यौल गरिनुको साथै सर्वसंघको पनि हेरविचार तथा सुरक्षाको दायित्व सुम्पिने गर्दछन्।

# अध्याय पाँच
# ५. लगं बहालमा हुने धार्मिक तथा साँस्कृतिक परम्पराहरू

धर्म र संस्कृति एक आपसको परिपूरक हो । बुद्ध धर्मको मूल आधारशिला शिल, समाधि र प्रज्ञा हुने भएको कारणले यसमा विशेष महत्व दिने गरेको पाइन्छ । संस्कृतिले पनि मानव जीवनलाई सभ्य, शालिन र प्राज्ञिक बनाउनमा महत्वपूर्ण भूमिका खेलेको हुने गर्दछ । संस्कृति एक माध्यम रहेको छ संस्कृतिले  हाम्रो बौद्धिक स्तरलाई माथिल्लो तहसम्म पुऱ्याउन सक्दछौं र संस्कृतिलाई हेरेर नै समाजको सभ्यताको पहिचान दिने गर्दछ ।

धर्म शब्द ल्याटिनबाट आएको र ल्याटिन भाषामा धर्मलाई फरमा भनिन्छ । बुद्ध धर्ममा धर्मको विभिन्न अर्थ जनाउने गर्दछ जस्तै बुद्धद्वारा देशना गर्नु भएको धर्म र (बुद्धले सिकाउनु भएको धर्म मानव अस्तित्वको निमित्त तथ्यमा निहिति रहेको छ, यस धर्मले मानव जीवनको परिवर्तनशिलतालाई जनाउने गर्दछ यो परिवर्तनशिलता शरिरिक परिवर्तन शिलता मात्र नभई मानसिक परिवर्तनशिल पनि रहेको छ । अभिधर्मकोशमा उल्लेख भएको अनुसार प्राकृतिमा निहित स्वभाव भनेर बर्णन यद्यपि उक्त स्वभाव पनि परिवर्तनशिल छ भनेर वर्णन गरिएको छ ।

## ५.१ लगं बहालमा गरिने द्यःपाला वा दय्पाला(बापाः)को कार्यहरू

नेपालमण्डलमा अवस्थित बाहाः बहीमा भएको प्रचलन मध्येमा द्यःपाला बस्नु सर्वसंघको मुख्य दायित्व रहेको पाइन्छ । यहाँ दैनिक गर्नुपर्ने कार्यलाई नित्य पूजा भनेर भनिने गरिन्छ । डेबिड गेलनरको अनुसार दय्पाला संस्कृत शब्दको देवपालकबाट आएको र अर्थ देवताको रक्षक भनि बुझाउँदछ ।  द्यःपाला/दय्पाला भनेको देउता (क्वापाद्य) रक्षा, हेरविचार, नित्यपूजा गर्ने जिम्मा लिने व्यक्तिलाई दयपाला/द्यपाला भनिन्छ ।

विहारमा पूजा गर्ने प्रचलनको उल्लेख चाइनिज यात्री ह्वयान साङ र इत सिङले पनि गरेको पाइन्छ । ७ औं शताब्दिका ह्वयान साङले भारत भ्रमण गर्नु हुँदा अमरावतिमा महायान धर्मको विकाससँग-सँगै भिक्षुहरूले मन्दिरको परिक्रमा गर्नु, बुद्धको प्रतिमालाई धूप, बत्ति, फूल माला अर्पण गरिने जस्तो कार्य हुने गर्दथ्यो भनेर उल्लेख गर्नु भएको थियो । इत सिङको भारत भ्रमण गर्नु हुँदा नालान्दा महाविहारमा गरिने कार्यहरूको बारेमा उल्लेख गर्नु भएको छ । उहाँले नालान्दा विश्वविद्यालयमा घण्टिको व्यवस्था, भिक्षुहरूलाई विहानको स्नान, स्नान सकिसकेपछि मन्दिरमा भएको मूर्तिको स्नान, चैत्य वन्दना तथा केहि पाठहरू

गरिने उल्लेख गरिएको छ । दिउँसो मूर्तिलाई स्नान गराई सकेपछि उक्त मूर्तिको हेरविचार गर्ने पुरोहित (कर्मदान)ले जनाउ घण्टि बजाउने गर्दछ । गहनाले भरेको क्यानोपिलाई आँगनमा ल्याएर आँगनको कुनामा रहेको सुगन्धित जलको जारद्वारा सुन, चाँदि, तामा, ढुङ्गाले बनेको मूर्तिलाई बेसिनमा राखेर महिलाहरूले गीत गाउने गर्दछ र मूर्तिहरूलाई नुहाइदिने र नुहाई दिइसकेपछि सफा कपडाबाट मूर्तिहरूलाई पुछि दिने र मूर्तिलाई फूलहरू विच्छयाइ पूर्ववत स्थानतर्फ लगिन्छ भनेर उल्लेख गरिएको पाइन्छ ।

लगं बाहालमा नित्य पूजा शाक्य र वज्राचार्यको कुलपुत्रहरूले १२ महिनामा शाक्य खलकहरूले ११ महिना तथा वज्राचार्य खलकले १ महिनाको लागि द्यःपालाको जिम्मेवारी लिने चलन रहँदै आएको छ । शाक्य खलकहरूमध्ये पनि निमवरे खलकको थ्यापाःले आगम घर तथा क्वाःपाःद्यको सेवाको जिम्मेवारी दिएको पाइन्छ र शाक्य कुलका तज खलकहरूलाई वर्तमान समयमा बापाः कायम गरिएको पाइन्दैन । लगं बाहालको नित्य कर्मलाई ४ प्रहरमा विभाजन गरेको पाइन्छ । यी प्रहरलाई नालन्द तथा अन्य विश्वविद्यालयको अनुकरण गरि विभिन्न प्रहरहरूलाई बुद्ध शिक्षा अध्ययन तथा ग्रहण गर्नका लागि गंबासी बजाएर आहवान गर्ने गरिन्छ ।

**क) प्रथम प्रहर**

प्रथम प्रहरको समयमा खेचायेकेगु भनेर देवतालाई स्नान कार्य गरि पञ्चोपचार पूजा गरी गंबासी १०८ चोटि बजाउने गर्दछ ।

**ख) दोस्रो प्रहर**

१०-११ बजे तिर दास्रो प्रहर पञ्चोपचार पूजा सहित नित्य पूजा गर्ने गर्दछ । यस प्रहरलाई माझं पनि भन्ने गर्दछ । दास्रो प्रहरमा पनि गंबासी १०८ चोटि बजाउनु पर्दछ । यस प्रहरमा बाहाःको साथै लगंचोकमा रहेका मन्दिरहरू परिक्रमा गरिसके पश्चात महाविहारमा रहेका देवताहरूको आहवान गरि नित्य पूजा गरिन्छ ।

### ग) तेस्रो प्रहर

तेस्रो प्रहर पूजा दिउँसो १-२ बजे तिर गर्ने गर्दछ। तेस्रो प्रहरको पूजालाई स्वः प भनेर भन्दछ र यस प्रहरको पूजामा महाविहारको भित्र पूजा-आजा गर्ने गर्दछ।

### घ) चौथों प्रहर

चौंथो र अन्तिम प्रहर राती हुने गर्दछ। चौंथो प्रहरमा दास्रो प्रहरमा जस्तै गरि पूजा गरिसके पछि आरति दिने गर्दछ।

वर्तमान समयमा आएर यो परम्परा बाहाः बहीको हेरविचार, सुरक्षा तथा रेखदेख गरिनेमा सीमित भएको पाइन्छ र यसरी बाहाः बहीको रेखदेख गर्ने व्यक्तिलाई द्यःपाला भनिने गर्दछ।

लगं बाहालमा वज्रयानी पद्धति अनुसार विभिन्न संस्कार र संस्कृतिहरू सम्पन्न हुँदै आएको पाइन्छ। यी पर्व तथा संस्कृतिहरू वार्षिक, ऐच्छिक प्रकारका हुने गर्दछन्। लगं बाहालमा गरिने पर्वहरूमा वैशाख पूर्णिमा गरिने पूजा, गुँला पर्व, दशमी पूजा, चिल्लाभु गुथि, पुईंआचाःगु गुथि वार्षिक संस्कृतिमा पर्ने गर्दछ भने ऐच्छिक संस्कृतिमा प्रवज्यासंम्वर, दिक्षा आदि पर्ने गर्दछ।

## ५.२ वैशाख पुर्णिमा

वैशाख पूर्णिमाको दिनमा लगं बाहालमा यस दिन हर्षराम चन्द्रका र मानचन्द्रका सन्तान तथा देवी भक्त शाक्यको देपुजा (देवाली) पूजा गर्ने गर्दछ। यस दिन गन्थिदेवल तर्फ रहेको यज्ञ कुण्डलमा नैवेद्य र पता ओडाएर पुजा गरिन्छ भने माथि आगम घरमा विशेष पूजा अर्थात पञ्शाली पूजा गर्ने गरिन्छ। यो देवाली अरु आगम घरमा सञ्चालन भए पनि अहिले आएर यो बन्द भई सकेको छ। ३०-३५ वर्ष अगाडि वैशाख पूर्णिमाको दिन भोज खाने प्रचलन रहेकोमा वर्तमान समयमा प्रसादको रुपमामात्र मास लिने गरिन्छ र शाकाहारी भोज खाने चलन रहेको छ।

### ५.२.१ गुंला पर्व

गुंला पर्व नेवार बौद्ध धर्मावलम्बिहरूले चन्द्रमासको पात्रो अनुसार गुँलाथ्व पारुदेखि यँलाथ्व पारुसम्म १ महिनाको लागि उत्साह र उमंगको साथ यो पर्व मनाउने गर्दछन् । गुँला पर्वमा उपत्यकाको बौद्ध विहार, चैत्य, देवस्थलहरूमा विभिन्न कार्यक्रम तथा उत्सव गरी मनाउँने गर्दछ । गुँला पर्वको बौद्ध समाजको महत्वपूर्ण पर्व भएकोले यस पर्वभित्र अन्य पर्वहरू तथा कार्यक्रमको आयोजना हुने गर्दछ । गुँला पर्वको अर्को बिशेषता भनेको यो पर्वमा बजाउने बाजा पनि रहेको पाइन्छ र यो बाजालाई गुँला बाजा भन्ने गरिन्छ । गुँला बाजा गुँला महिना भरि बजाउने गरिन्छ । हरेक बाहाः तथा बहिमा आ-आफ्नै बाजाको समुह हुने गर्दछ । गुँला बाजाको सुरुवात लगन टोलबाट भएर स्वयम्भु परिक्रममा गर्ने गरिन्छ । गुँला पर्वमा बजाइने पर्वको दिन स्वयम्भुमा गएर परिक्रमा गरि पूजा गरिनुको साथै तीन चोटि परिक्रमा गर्ने र हाजिर गर्ने चलन रहेको छ । पूजाको जिम्मा एक एक व्यक्तिलाई दिने चलन रहेको पाइन्छ । फर्कने क्रममा विजेश्वरी जनबाहाः परिक्रमा गरि पुनः कीर्तिपुण्य महाविहारमा आएरु चियापान गर्ने गर्दछ । चियापानको जिम्मा पनि विभिन्न व्यक्तिले लिने गर्दछ । गुँला बाजामा पहिला शाक्य र वज्राचार्य खलकहरू समावेश हुँदै आएको र वर्तमान समयमा शाक्य र वज्राचार्य वाहेक अन्य लगं बाहाःका खलकहरू पनि समावेश भएको पाइन्छ । गुँला बाजामा शाक्यहरूको भूमिका महत्वपूर्ण रहनुको साथै सदस्यहरूको संख्या पनि ठूलो रहेको पाइन्छ । गुँला बाजाको थकालिको रुपमा कनकमुनि शाक्य रहेको उहाँ पश्चात कुल बहादुर शाक्यले २०-२५ वर्ष सम्म मुख्य भूमिका निर्वाह गर्नु भयो । यसपश्चात सुगन्ध शाक्यले अध्यक्षको रुपमा गुँला बाजाको दायित्व लिनु भयो ।

गुँला पर्वको दिनमा गाईजात्राको दिनमा गुँला बाजा सहित बहि द्यः स्वो वनेगु भनेर पनि भन्ने गरिन्छ यस दिन बाहाः बहीमा भएको क्वाःपाद्यको प्रदर्शनी गर्ने गरिन्छ ।

गुँला बाजाको अर्को विशेष्ता भनेको बाहाः बहिमा गरिने स्थविराभिषेक, प्रवज्यासंवर आदिमा प्रयोग नभएता पनि वर्तमान समयमा प्रचलन रहेको पाइन्छ ।

## क) पञ्चदान

पञ्चदान गुलां महिनाको श्रावण शुक्ल अष्टमीको दिन पाटनमा र भाद्र कृष्ण त्रयोदशीको दिन काठमाडौं र भक्तपुरमा मनाउँदै आइरहेको पाइन्छ। पञ्चदान पर्व नेपालको बौद्ध धर्म, बौद्ध कला, बौद्ध संस्कृति सँग-सँगै विशुद्ध भावना उत्पन्न गर्ने पर्वको रुपमा लिइँदै आइरहेको छ। गुँला पर्वभित्र रहेको महत्वपूर्ण पर्व पञ्चदानको रुपमा पञ्चदान रहेको छ।

पञ्चदान पर्व पिण्डपात्रवदान, कपिशावदान, सर्वानन्दनृपावदान, सर्वानन्दनृपजातक, सुगतावदान आदि विभिन्न धर्मग्रन्थहरूबाट प्रेरित भएर मनाउने गरेको पाइन्छ। कपिशावदानमा ज्ञानकार नाम बाँदरले दीपंकर तथागतलाई रुखकटर दान दिएको उल्लेख भएको पाइन्छ। यसै गरि सर्वानन्द राजा तथा लक्ष्मी थकुद्वारा दीपंकर तथागतलाई पञ्चदान दिएको उल्लेख गरिएको पाइन्छ। राष्ट्रिय अभिलेखालयमा रहेको १७औं शताब्दिमा सारिएको "दीपंकर वास्तु पटल" ग्रन्थमा दीपंकरलाई नागयान चलमान (नागहरूको नेता) भनिएको छ।

बुद्धको पालमा पिण्डपात्र लिएर भिक्षाटनको गर्ने चलन रहेको थियो। पिण्डपात्रको अपभ्रंश स्वरुपमा पञ्चदान भएको देखिन्छ।
पिण्डजादानश्रपुण्यदानश्रपण्डजादानश्रपंजदानश्रपङजादानश्रपञ्जादानश्रपञ्जराँश्र पञ्चदानश्रपञ्जराँ भएको देखिन्छ।

पञ्चदान पर्वलाई स्थानिय भाषामा पञ्जरा भन्ने गरिन्छ। "पं"को अर्थ पृथ्वी र "ज"को अर्थ उत्पन्न भएको हुन आउँदछ। यसरी पृथ्वीबाट उत्पन्न भएको वस्तु त्याग्नु नै पञ्जरा हो। पञ्जरामा पृथ्वीबाट उब्जेको बस्तुको साथ-साथै धुप, दीप, गन्ध, भोजन समाग्री, पेय पदार्थ, औषधि, दैनिक आवश्यक वस्तु पनि दिने गरिन्छ। यस पञ्चदानलाई पंजदान, पंजादान,, पञ्जदान, पञ्जरां आदि शब्दहरू पनि प्रयोग गर्दछ। पञ्चदानका दिन स्थानीय प्रचलन अनुसार घरमा दानशाला निर्माण गरी दीपङ्कर बुद्ध र बोधिसत्वहरूको प्रतिमा अगाडि सजाएर राख्ने गरिन्छ। पञ्चदानको दिन भिक्षाटनमा आउनु भएको बज्राचार्य र शाक्य भिक्षुलाई दान दिने गरिन्छ। वज्राचार्य गुरुजुहरूले दान लिने क्रममा कोतःमा दान लिने गर्दछ।

लगं बाहालमा अलिक फरक तरिकाले मनाइने गर्दछ। यस दिन फूवरे र गुर्जूलाई पाद्य आर्जन गरेर लसकुस गरि दान दिइसकेपछि मात्र सर्वसाधारणहरूलाई दान दिने प्रचलन

रहको छ। पञ्चदानको एक दिन अगाडि दानशाला बनाएर अक्ष्योभ्य मूर्ति राखेर थापना गरि भोलिपल्ट अक्ष्योभ्य देवताको अगाडि दिनभर दान दिने चलन रहिआएको छ। भोलिपल्ट शाक्यसंघमा पञ्चदानको भोज खाने चलन रहेको छ। यस दिन फूवरेका साथै सर्वसंघहरूलाई ५ चोटि किफ दान दिने चलन रहेको पाइन्छ र वर्तमान समयमा पनि सर्वसंघलाई फं बांरा भनि दिने व्यवस्था कायम रहेको देखिन्छ।

लगं बाहालमा पञ्चदानको बारेमा अभिलेख रहेको पाइन्छ। "महामात्य श्री जयसिंहराम र कनिष्ठ अमात्य श्री मदनराको प्रसाद प्राप्त भइरहेको शाक्य भिक्षु मानचन्द्रको भाई दानपति शाक्यभिक्षु श्री हर्षराम गृहपत्नी श्री जयलक्ष्मी सहित भएर प्रतिवर्ष श्रावणकृष्ण त्रयोदशी युगादि पर्व दिवसको दिन (अर्थात पञ्जराको दिन) सबै शाक्यभिक्षु भिक्षुणी संघलाई यस कीर्तिपुण्य महाविहारमा सुनको फं एक राम्रो धागो र कपास दान दिएको उल्लेख गरिएको छ।"

### ५.२.२ दशमी पूजा/दिसी पूजा

दिसी पूजा नेवार बौद्धहरुको मुख्य मोहनि हो। दशमीलाई नेपाल भाषामा मी मी लोप हुन गएर दिसि हुन गएको देखिन्छ।। दिसि पूजालाई सम्वरोदय दशमी पनि भन्ने गरेको पाइन्छ। दिसी पूजा जाडो महिना तथा गर्मी मौसमको कृष्ण पक्षमा हुने गर्दछ। गर्मी मौसममा गरिने दिसी पूजा तछ्ला महिनाको कृष्ण पक्षमा मनाइन्छ र पौष महिनाको सम्बोरदय पूजा पनि भन्ने गर्दछ। दशमीको दिन लगं बाहालमा विशेष पूजा हुने गर्दछ। यस दिन लगं बाहालको हर्षराम चन्द्रको खलकद्वारा पूजा गर्ने गर्दछ। यस पूजा अन्सो पूजा आयोजना गर्नका लागि दशमी गुथीको कीर्तिपुण्य वज्रधातु चैत्य महाविहारमा व्यवस्था गरिएको पाइन्छ।

### ५.२.३ होली पुन्हि

होली पूर्णिमाको दिनमा पूजा गर्ने चलन रहेको छ । यस दिन निम वरे खलकका १० जना भेला भ पूजा गर्ने र भोज गर्ने गर्दछ । होलि पुर्णिमाको दिन गरिने पूजालाई चिल्लागु गुथि भनिने गरिन्छ ।

कीर्तिपुण्य वज्रधातु चैत्यमहाविहारमा गरिँदै आएको वार्षिक संस्कारहरूको साथै ऐच्छिक संस्कारहरूको पनि आयोजना गरिँदै आएको पाइन्छ । ऐच्छिक संस्कारहरूमा प्रवज्याभिषेक र दीक्षा रहेको पाइन्छ ।

## ५.४ प्रव्रज्या/वरेछुइगु

बरेछुइगुलाई नेवार बौद्ध समाजमा नयाँ शिष्यलाई गुरुले आफ्ना शिष्यलाई भिक्षु बनाउने प्रक्रिया रहेको छ । बरेछुइगुलाई शिष्याधिवाषन पनि भन्ने गरिन्छ । नेपालमण्डलमा वरेछुइगुलाई प्रवज्याभिषेक अर्थात प्रवज्या व्रत पनि भन्दछ ।

जोन के लकको अनुसार बरे अर्थात शब्द वन्दे अथवा बन्दे अथवा बन्दे अथवा वन्दनाबाट व्युत्तपन्न भएको मानिएको छ । नेवार भाषामा प्रयोग भएको बरे शब्दले उच्च सम्मानित समूह वा नेवार बौद्धलाई जनाउने गर्दछ । बरे छुइगु कार्यक्रम बाहा बहीहरूमा सम्पन्न हुँदै आएको पाइन्छ । नेपालमण्डलमा रहेको बारेछुइगु संस्कारको मुख्य स्रोत मूलसर्वास्तिवाद विनयवस्तुलाई लिएको पाइन्छ । मूलसर्वास्तिवाद विनयवस्तु अनुसार प्रवज्या लिने उद्देश्यको साथमा पहिला शिष्य त्रिरत्नको शरणमा गएर पञ्चशिल ग्रहण गरी उपासक भइन्छ । दोस्रो चरणमा संघको आज्ञा लिएर नुहाई, वस्त्र फुकालि, उपाध्यायद्वारा चिवर दिने गरिन्छ र भिक्षु नाम दिई सकेपछि फेरि त्रिरत्नको शरणमा लगिन्छ दश भिक्षु शील प्रदान गरिन्छ ।

डेनियल एन. ग्लेनरको अनुसार नेपालमण्डलमा तीनैयानको प्रभावको रपमा प्रवज्याभिषेक दिँदै आएको र यो महत्वपूर्ण हुनको साथै प्राचिन परम्परलाई धानेको भनेर उदृत गरेको छ । यस परम्परा चैत्यवादी परम्परासँग एकदम घनिष्ठ सम्बन्ध रहेको छ । नेवार परम्परालाई प्रवज्याभिषेकलाई वरछुइगु तथा वज्राचार्यहरूलाई प्रवज्याभिषेक पश्चात आचालुइगु आयोजना गर्ने गर्दछ । वि.सं. २०८१ फाल्गुणको २ गते शाक्य खलकहरूद्वारा

यस महाविहारमा प्रवज्याभिषेकको आयोजना हुन गइ रहेको छ। वि.सं. २०७९ साल तिर वज्रचार्यका कुलका कुलपुत्रहरूलाई एक दिनको लागि प्रवज्याभिषेक प्रदान गरियो।

**५.४.१ आचाः लुइगु अर्थात वज्राचार्य अभिषेक**

**प्रव्रज्याभिषेक विधि**

१) **ग्वयदाँ (पान र सुपारी) राख्ने**:- प्रव्रज्याभिषेक लिंदा पहिला एक हप्ता अगाडि वसिपत्र, पैसा, चामल र ग्वय् राखेर संघको थकाली संग प्रव्रज्याभिषेक माग्ने चलन चलिआइरहेको छ। यसरी ग्वय्दा क्वाःपाःद्य, गुरु, उपाध्याय, पञ्चस्थविर आदिलाई ग्वय्दां दक्षिणा दिई प्रवज्याभिषेक माग्ने गरिन्छ।

२) **छ्वयलाभू** -ग्वयंदा राखेको भोलिपल्ट साँझ देखि छ्वय्लाभु गरिन्छ। छ्वयलाभु गर्नु भनेको प्रवज्याभिषेक माग्ने व्यक्तिको प्रस्ताव स्विकार गर्नु हो।

३) **दुस्व** :- प्रव्रज्याभिषेकको एकदिन अगाडि गुरुले गुरुमण्डलार्चन पूजा गरि कलश, देव, बलि आदिको पूजा गरिन्छ। यस दिन शिष्यहरुलाई विहारमा लगेर, देवता पूजा गरी, आंशामा टुपि सुन राखिदिन्छ। दुस्वको दिनदेखि शिष्यले दशशिल पालना गर्ने गर्दछ।

४) **मूल प्रव्रज्यासम्बर**: - चौथो दिन मूल प्रव्रज्यासम्बर प्रदान गर्ने दिन हो। यस दिन शिष्यलाई विहारमा लगिन्छ। मूलाचार्यद्वारा प्रव्रज्या ग्रहण विधि अनुसार पूजाकर्म गरिन्छ।

थ्याभूमा कलश, सगुन, नागकलश, सुन र चाँदीका छुरा, सुन र चाँदीको सीयो, चीवर, पैति पिण्डपात्र सुता, चन्द्रमण्डल आदि इत्यादि लेखेर राखिन्छ। खराउ, पञ्चगब्य, पिण्डपात्र, मकुट, चार जल भएको कलश, यज्ञकुण्ड आदि स्थापना गरिन्छ। यस दिन शिष्यलाई गुरुमण्डल, दीप आदि पूजा गर्न लगाइन्छ। शिष्यलाई आफ्नो अगाडि भएको गुरुमण्डलमा पूजा गराउन लगाईन्छ र पूजा गरिसके पछि आचार्यले शिष्यलाई पञ्चशिल दिई विभिन्न उपदेश दिएर शिष्यलाई नङ् काटि, अमला र तीलद्वारा शिष्यलाई पाँचजना स्थविरहरूले पाँचवटा तिर्थबाट ल्याएको कलशको जलले शेचन गरिदिन्छ।

**१) कलशाभिषेक (कलश जल अभिषेक) :**

कलशाभिषेकलाई उदकाभिषेक पनि भन्ने गरिन्छ । कलशमा रहेको जललाई मन्त्रद्वारा अभिसिन्चित गरि शिष्यलाई गुरुद्वारा मन्त्र पढि अभिषेक दिने गरिन्छ । यो अभिषेक अक्ष्योभ्य तथागतको प्रतिक हो ।

**२) मुकुटाभिषेकः :**

मुकुटाभिषेकमा गुरुले पञ्चतथागतको चिन्ह भएको मुकुट शिष्यलाई लगाइ दिने गरिन्छ र मन्त्रद्वारा अभिमन्त्रीत हुने गर्दछ । मुकुटाभिषेक रत्नसंभव तथागतको प्रतिक हो ।

**३) वज्राभिषेकः**

बज्राभिषेकमा गुरुले शिष्यको हातमा बज्र दिने गरिन्छ । वज्राभिषेक अमिताभ तथागतको प्रतिक हो ।

**४) घण्टाभिषेक :**

यस अभिषेकमा गुरुले शिष्यलाई घण्ट दिएर अभिषेक दिइन्छ । घण्टाभिषेक अमोघसिद्धिको प्रतिक हो ।

**५) गुह्याभिषेकः**

गुह्याभिषेकमा गुरुले शिष्यलाई गुरुले मुखबाट कानमा कसैले पनि नसुन्ने गरि मन्त्र प्रदान गर्ने गर्दछ ।

अन्तिम दिनमा शिष्यलाई चिवर वस्त्र त्यागन लगाई शिष्यलाई पुनः गृहस्थ जिवनमा फर्काइने गरिन्छ । आचालुइगुमा विधिवत रुपमा होम गराई कलश, क्वाःपाःद्य पूजा गराइन्छ र राजालाई देखाउन जाने भनेर हनुमानढोका लगि गद्दि वैठकमा राजालाई सुपारी पान र चढाउने चलन रहेको छ । यस विधिलाई देशाटन भन्निछ ।

लगन बाहामा प्रवज्याभिषेक गरेको शिष्यलाई देशाटन जानेको क्रमममा ब्रम्हटोल, जैसिदेवल, चिंकमुगल, हुँदै मरुगणेश परिक्रमा गरि हनुमान ढोकामा लगिने गरिन्छ । वर्तमान समयमा लगं बाहालमा अन्तरजातिय विवाहबाट जन्मिएका छोराहरूलाई पनि

प्रवज्या गरिने कार्य गरिँदै आएको पाइन्छ। अन्तरजातिय विवाहबाट जन्मिएकालाई प्रवज्या एकदिनको लागि गर्ने गरिन्छ। लगं बाहालमा लगं वाहाःका सर्वसंघमा अलः तुंकवः, वनतावाहाः र नाय्पाच्व कवः गरी कुल ४ कूल परिवारका संघ सदस्यहरूको चूडाकर्म कार्य सम्पन्न हुने गरेको पाइन्छ। वर्तमान समयकमा लगन वहाः र अलःतुकवःले मात्र संयुक्त रुपमा चुडाकर्म गरिँदै आईरहेको देखिन्छ र वन्तावाहाः कव र नाय्पाच्व  कलकले पृथक रुपमा चूडाकर्म गरिएको पाइन्छ। लगं बाहालका सर्वसंघले क्वः हिति बाहाःमा व्रतवन्ध गर्ने नियम भएता पनि विशेष कारणले यो परम्परा वर्तमान समयमा रोकिएको छ।

**५.४.२ देखा/दीक्षा**

दीक्षाको प्रचलन वज्रयानको प्रार्दुभावसँगै योगीहरूले काय(मुद्रा), बचन(मन्त्र) र मन(समाधि)द्वारा शुन्यताको साक्षात्कार गरी बुद्धत्वसम्म पुग्ने छिटो माध्यमको रुपमा लिइने गर्दछ। वज्रयान वज्र र यान दुई संस्कृत शब्द मिलेर बनेको पाइन्छ। वज्र शब्दको अर्थ चट्यांग, अत्यन्त ध्वंकारी हतियार, रत्नमा प्वाल पार्ने, औजार हिरा एक प्रकारको खाद्यान्न, कवच, एक प्रकारको कुश, घाँस, विभिन्न वनस्पति वाचक नाम कडा वस्तु, नरम धूलो, शीशु, दृढ निश्चर, हिन्दू धर्म अनुसार दधिचि ऋषिको हाडबाट बनेको देवराज इन्द्रको हतियार आदिको रुपमा लिइन्छ। विभिन्न तन्त्रहरूमा वज्रयानको परिभाषा यस प्रकारले दिएको पाइन्छ।

बज्रशेखरतन्त्रमा उल्लेख भए अनुसार "वज्र" दृढ, सार, अपरिवर्तनशील, अच्छेद्य, अभेद्य भक्ष्म नहुने, अविनाशी छ त्यसरी शुन्यता सिद्धान्त कुनै प्रकारको इतर सिद्धान्तले वा सिद्धान्त भन्दा दृढ, सार, अपरिवर्तनशील अच्छेद्य, अभैद्य, भष्म नहुने अविनाशी छ। त्यसकारण शून्यता नै वज्र हो।

वज्रयानमा सम्यकसम्बुद्ध प्राप्त गर्नको लागि तन्त्र र मन्त्रको प्रयोग गर्ने गरिन्छ। तन्त्र र मन्त्र प्रयोग गुह्य अभ्यास भन्ने गरिन्छ र वज्रयानलाई तान्त्रिक पद्धतिको रुपमा लिइन्छ। गुह्यसमाजतन्त्रमा काय, वाक, चित्तलाई गुह्यतत्वको रुपमा लिएर गुह्य स्तरबाट बुद्धको काय, वचन, मनलाई लिएर अभ्यास  वज्रयानलाई लिएको पाइन्छ।

वज्रयानको अनुसार सबै प्राणीहरूमा बुद्ध विज रहेको पाइन्छ। उक्त बुद्ध विजलाई सिञ्चन  कार्यलाई अभिषेक भन्ने गरिन्छ। शिष्यको हृदयमा बुद्धको विजलाई मलजल गर्नका निमित्त गुरुले अभिषेक प्रदान गर्ने गर्दछ। यी अभिषेकहरू वज्रयान पद्धति अनुसार

क्रिया तन्त्र, चर्या तन्त्र, योग तन्त्र, अनुयोग तन्त्र र अनुत्तर योग तन्त्र अन्तर्गत पर्ने गर्दछ। नेपालमण्डलमा चक्रसंवरको दिक्षा अनुत्तरयोग अन्तर्गत रहेको पाइन्छ।

**क) चक्रसंवर**

चक्रसंवर दुईवटा शब्द चक्र र संवर मिलेर बनेको छ। चक्रको अर्थ "पाङ्ग्रा" जनाउँने गर्दछ छ भने संवरको अर्थ "सर्वच्चको आनन्द" जनाउँदछ। चक्रसंवरलाई हेरुक पनि भन्ने गर्दछ। चक्रसंवरले यो प्रकट गर्दछ कि हेरुक तन्त्रको अभ्यास गर्नाले सहज ज्ञानको उत्पन्न हुने गर्दछ।

हेरुक चक्रसंवर बज्रधरको कारुणिक रुपको प्रतिकको रुपमा चित्रण गरेको छ। उहाँको आफ्नो प्रज्ञा बज्रबाराहीसँग आलिंगन मुद्रामा हुने गर्दछ। देखाको बेलामा गुरुद्वारा शिष्यलाई चक्रसंवर मण्डलको अधिष्ठान दिने गर्दछ। चक्रसंवर मण्डलको अधिष्ठान दिने बेलामा गुरुले शिष्यलई कलश अभिषेक, प्रज्ञाज्ञान अभिषेक, गुह्यअभिषेक, शब्दाभिषेक प्रदान गरिन्छ। यस क्रममा गुरुद्वारा आफ्नो शरिर र शिष्यको काय वाक शरिरलाई पनि चक्रसंवरमा परिणत अर्थात भावना गर्ने हुने गर्दछ। गुरुले शिष्यको शरिर वज्रकाय, शिष्यको वाकलाई वाक वज्र अथवा मन्त्र रक शिष्यको मन धर्मकायको रुपमा चिनाउने गर्दछ। यस दिक्षाको बेलामा चक्रसंवरको आयुद्धहरूको पनि गुह्य व्याख्या दिने गरिन्छ र चक्रसंवर मण्डलको बारेमा विस्तृत वर्णन दिने गर्दछ।

गुरुले शिष्यलाई मण्डल वरिपरि रहेको देव देवीको बारेमा वर्णन गर्ने गर्दछ। मण्डलको बीचमा चक्रसंवर आफ्नो प्रज्ञा वज्रवाराहीसँग हुनु हुन्छ। चक्रसंवर उभिरहनु भएको चार मुख हात सबै मुखमा कंकालले बनेको सबै मुखमा तीन वटा आँखा, मुकुट, बान्ह हात, गाढा निलो, निवस्त्र, हातिको छाला, बाघको कपडा, धर्मपालले जस्तै हाडले बनेको गहना तथा बोधिसत्व जस्तो लगाएको गहना लगाएको हुन्छ, मता एक मुख, तीनवटा आँखा, दुई हात, रातो वर्ण आजु अजि घेरेको, मुकुट कंकालले बनेको र गहना बोधिसत्वको जस्तो हुने गर्दछ। माथिल्लो दुई हातले हात्तिको छाला लिएको, बान्ह हात मध्ये पहिलोले दुई हातद्वारा बज्र र घण्टी लिएर मातालाई आलिंगन गरेको छ। दाँयाहातको तेस्रोमा डमरु, चौथोमा परषु, पाँचौमा कर्ति र छैंठोमा त्रिशुल लिएको छ बायाँहातमा तेस्रोमा खट्वांग, चौंथोमा कपाल पाँचौमा पाश लिनु भएको छ छैंठो हातमा ब्रम्हालाई लिनु भएको

छ । माता बज्रवाराहीले कर्ती र कपाल लिनु भएको छ । यस अभिषेकमा हेतु चक्रसंवर, मार्ग चक्रसंवर र फल चक्रसंवरको वारेमा वर्णन गरिने गर्दछ ।

चक्रसम्बरको मुख्य अभिषेकलाई गुह्य एवं उच्चस्तरको अभिषेक हुनुको कारणले यसलाई देखा भनिन्छ । दीक्षा संस्कृतबाट आएको शब्द हो र दिक्षाको अप्रभंशको रुपमा देखा भन्ने चलन चलिआइरहेको छ ।

यो दीक्षा कहिले र कहाँ आयोजना हुन लागेको कुरा केहि सिमित व्यक्तित्वहरूलाई मात्र थाहा हुने गर्दछ । यस दीक्षा दिनको निमित्त विशेष कोठाको प्रबन्ध गरेको हुन्छ जस्तै आगम कोठामा रहेर दिने चलन रहिआएको छ । गुरुबाले समय र स्थानको चयन गरिसकेपछि इच्छुक शिष्यलाई दिक्षाको लागि आहवान गर्ने गर्दछ । देखाको पहिलो चरणमा अमोघपाश लोकेश्वरको अभिषेक दिने गरिन्छ । दीक्षा लिने व्यक्तिहरूलाई चक्रसंवरको मण्डल र यसको व्याख्यका गरि अभिषेक दिने गरिन्छ । चक्रसंवरपछि बज्रवाराहिको अभिषेक अनिवार्य अभिषेकमा पर्ने गर्दछ ।

**ख) अचलको दीक्षा**

नेपालमण्डलमा असाध्यै प्रचलित अभिषेकहरू मध्ये रहेको दिक्षा मध्ये अचलको दीक्षा पनि रहेको छ । अचलको दीक्षामा इष्टदेव अचल अर्थात (चण्डमहारोषण)को अभिषेक प्रदान गरिने गरिन्छ । अचलको दिक्षा हेरुक चक्रसंवर भन्दा छुट्टै प्रकारको अभिषेक रहेको छ । चण्डमहारोषणलाई पनि नेवार बौद्धमा परम्परमा तान्त्रिक र गुह्य देवताको रुपमा लिने गर्दछ । चण्डमहारोषणलाई नेवार भाषामा अचल अथवा “अचः”को रुपमा पनि लिने गर्दछ । अचःलाई आधिकारिक शब्दमा अभिषेक भन्ने गर्दछ । यो दीक्षा लिन चक्रसंवरको दीक्षा लिनै पर्छ भने जरुरि हुँदैन  यस अभिषेक आजभोलि भने चक्रसंवर, बज्रबाराहिको अभिषेक प्रदान गरेको लगतै चण्डमहारोषण गुह्य देवताको अभिषेक पनि दिने चलन रहिआएको छ । यदि कोहि ब्यक्तिले चक्रसंवर लिनु अगाडि पहिले नै लिइसकेको पनि हुने गर्दछ । चण्डमहारोषणको दीक्षा चक्रसंवरको दीक्षा जस्तो धेरै लामो समय लाग्ने दीक्षा हुने गर्दैन । यस अभिषेक एक दिनको दीक्षा हुने गर्दछ । गुरुद्वारा शिष्यलाई चण्डमहारोषणको मण्डल बनाई उक्त मण्डलको दर्शन शिष्यहरूलाई गराउने गरिन्छ । यस अचलको अभिषेक विभिन्न प्रकारले दिने गरिन्छ जसमा सामान्य विधि देखि उच्चतम विधिसम्म रहेको पाइन्छ ।

सामान्य विधिमा गुरुमण्डल गरि अचलको मन्त्र प्रदान गरिन्छ भने उच्चतम विधिमा चण्डमहारोषणको मण्डलको अभिषेकको साथै बेलामामा उदकाभिषेक, मुकुटाभिषेक, खड्गाभिषेक, पाशाभिषेक र नामाभिषेक हुने गर्दछ । मुकुटाभिषेक दिने बेलामा महिलाहरू मुकुट दिनुको सट्टामा सिन्दुराभिषेक दिने गर्दछ । यस चण्डमहारोषको विषयमा धारणी, स्तोत्र, तन्त्र, मन्त्र सबै पाइने गर्दछ । यसरी यसलाई रक्षक देवताको रुपमा लिइएको पाइन्छ । नेपालमण्डलमा पाइने चण्डमहारोषण दुई प्रकारको हुने गर्दछ १) आलिंगन रहित २) आलिंगन सहितको हुने गर्दछ । गुह्य साधना गर्ने क्रममा आलिंगन सहितको चण्डमहारोषण हुने गर्दछ ।

चण्डमहारोषणको वर्ण निलो हुने गर्दछ, उहाँ अक्ष्योभ्य कुलको प्रतिक जनाउन उहाँको शिरमा अक्ष्योभ्य बुद्ध हुने गर्दछ । उहाँको आभुषण्को रुपमा हाडाभरणले सु-सज्जित भई मुण्डमाला लगाईएको भूषित हुने गर्दछ । माताले आलिँगन गरि बायाँले खप्पर र दायाँले कर्तरी बोकेको हुने गर्दछ । चण्डमहारोषणले दुइ हातमा पाश र खड्ग समातिएको हुने गर्दछ ।

**यस दीक्षामा हुने थप प्रक्रियाहरू**

क) चक्रसंवर, बज्रबाराही, चण्डमहारोषणको दीक्षा दिने बेलामा केहि प्रक्रिया पुऱ्याई विभिन्न अभिषेक दिने गरिन्छ । विशेष गरी चक्रसंवर, बज्रबाराहीको अभिषेक प्राप्त गरि सकेको खण्डमा विभिन्न देवस्थल, पीठमा लगेर पूजा गरि गुह्य देव-देवीको मन्त्र दिने चलन रहि आएको छ ।

ख) अभिषेक दिने क्रममा मण्डलको आवश्यकता पर्दछ । देव देवीको मण्डलहरू रजमण्डलद्वारा निर्मित हुने गर्दछ । उक्त रजमण्डल पूजा गरि कलशाभिषेक दिने गरिन्छ ।

ग) सामान्य अभिषेकहरू रजमण्डल बनाएर, मामकि पूजा गरेर पनि मन्त्र दिने चलन रहि आएको छ ।

घ) बाह्य देव-देवीको खण्डमा भने विना कुनै मण्डल वा पूजा गरी पनि मन्त्र दिने गरेको पाइन्छ ।

नेपालमण्डलमा प्रमुख दिक्षाको रुपमा चक्रसंवर र अचलको दिक्षा रहेको पाइन्छ । चक्रसंवर र अचल अनुत्तर योगसँग सम्बन्धित देवता भएको हुनाले गर्दा नेवार बौद्ध

परम्परामा गुह्य देवताको रुपमा लिने गर्दछन् । विहारहरूमा हुने मुख्य आगमहरूमा प्रायः जस्तोमा चक्रसंवरलाई आगम घरको मुख्य देवताको रुपमा विराजमान गराइएको हुने गर्दछ । देखा लिने र दिने दुबै कठिन कार्य भएकोले हाल आएर  कमै मात्रमा देखा दिने चलन चलि आएको छ । लगं बाहालमा वर्तमान समयमा चक्रसंवरको दीक्षाको आयोजना भएको पाइन्दैन । अचलको दीक्षा वि.सं..२०७१ सालमा लगं बाहाःको सदस्य विरेन्द्रमुनि वज्राचार्यज्यूद्वारा मुलाचार्य भई प्रदान गरिएको थियो ।

## ५.५ गुथि

"गुथि" शब्द संस्कृत भाषामा गोष्ठी शब्दबाट आएको हो । मानिसहरू प्रारम्भिक अवस्थामा हुँदा गाईपालकहरू बस्ने ठाउँलाई गोष्ठी भनियो । पछि गएर गोष्ठी शब्दको अर्थ विकास भएर गाईपालकहरु बस्ने ठाउँ नभई केहि उद्देश्यको लागि परस्पर सहयोग गर्ने, काम गर्ने हुन गयो । नेपाल भाषामा गोष्ठी शब्द अप्रभंश भई गुथि हुन गएको भनेर उल्लेख गरेको छ । (बज्राचार्य, वि.सं. २०६२, पृ ७)

गुथिले प्रमुख रुपमा समाजिक संस्थालाई जनाउने गर्दछ जसले अधिकार र दायित्वको बारेमा निधारण गर्ने गर्दछ । गुथिहरूले बाहाः बहीमा गरिने कार्यक्रमको बारेमा निधारण गरिने गर्दछ । गुथिहरू नेपाल सरकारको गुठी संस्थामा दर्ता गरिएको हुने गर्दछ । गुथिहरू श्रद्धालुले, राजा वा जन्ताले धार्मिक कुरा चलाउनको लागि वा लोकहित गर्ने कामको लागि अर्पण गरेको चल-अचल सम्पत्तिलाई नियत रुपमा उपयोग गरी निश्चित उद्देश्य प्राप्तिको गर्न खडा गरिएको हुन्छ ।

लिच्छविकालमा धेरै प्रकारको गुथि जस्तै शिक्षा, स्वास्थय परलौकिक लौकिक कुराको लागि अनेक प्रकारको गुथि निर्माण गरेको पाइन्छ । लिच्छविकालीन समयमा गोष्ठी अभिन्न अंगको रुपमा देखा परिसकेका थियो । लिच्छिविकालीनको गोष्ठी दुई किसिमको देखिन्छ

१) सन्तान नातेदारले चलाउने

यस किसिमको गोष्ठीमा सन्तान नातेदारले आफ्नो विवेक अनुसार चलाउने गर्दछ । यही गोष्ठी गुथियारहरुलाई सुम्पेको ।

२) सन्तानको अधिनमा नरहेको गोष्ठी

यस किसिमको गोष्ठी सन्तानको अधिनमा नरहेको गोष्ठी हो । यस प्रकारको गोष्ठी जीवनयापनसँग सम्बन्धित हुन आउँदछ ।

नेपालमण्डलमा बाहा: बहीको विशेष्ताामा गुथिको प्रचलन पनि रहेको पाइन्छ । यस गुथिहरू आ-आफ्नो बाहा: बहीको अनुसार गुथि सञ्चालन भएको पाइन्छ । नेपाल मण्डमा प्रमुख गुथिमा दे:आचागु गुथि र पुई आचागु गुथि पाइन्छ र बाहा: बहीमा पनि गुथि सञ्चालन भएको पाइन्छ । लगं बाहालमा कोने पुँई आचागु गुथि रहेको पाइन्छ ।

### क) देय् आचाःगु गुथि

आचार्य गुथि यसलाई वज्राचार्यहरूको संघको रुपमा परिचित छ । यस आचार्य गुथिलाई नेवार भाषामा दे आचाःगु पनि भनिन्छ । देको अर्थ नेवार भाषामा राष्ट्रिय जनाउँदछ, नेवारी भाषामा आचार्यलाई आचा: शब्दले जनाउँदछ र नेवारी भाषामा गुथीलाई छोटोमा गू शब्दले जनाउँदछ । यसकारणले गर्दा दे आचार्य गुथिलाई १८ मूलविहारको आमा संगठनको रुपमा लिने गर्दछ । यहि भएर आचार्य गुथिलाई बज्राचार्यहरूको छाता संगठनको रुपमा लिएको छ । दे आचाःगु २ दिन मनाउने गर्दछ । दे आचाःगुको पालै पालो हुने गर्दछ । यो पालो ४ संख्यामा निर्धारण गरेको छ ।  माथिल्लो दुई पुईको (थथु पुई र दथु पुई) स्वयम्भूमा हुने गर्दछ र नवमीको दिनमा २ पुईको (ल्याकु पुई र क्वने पुई)को हुने गर्दछ ।

देय् आचागु वज्राचार्यहरू आफ्नो विहारमा चूडाकर्म दीक्षा लिइसके पछि वज्राचार्यभिषेक लिई सकेपछि वज्राचार्य संघमा सदस्य बनाइन्छ । प्रत्येक विहारमा आ-आफ्नो संघमा प्रवेश चैत्र कृष्ण अष्टमीको दिन पूईंमा भित्रयाईसकेको वज्राचार्यहरूलाई स्वयम्भू महाचैत्यको अगाडि मूलचक्रेश्वर, राजगुरुजु, प्यूथां वा महागुरुजुहरूको अगाडि धल: गरेर ग्वय्दाँ राखी सकेपछि राजगुरुजुद्वारा नयाँ प्रवेशिहरूलाई देश आचार्य गुथिको महासंघमा प्रवेश भएको भनेर नाम दर्ता गर्ने चलन रहि आएको पाइन्छ । यसरी दे आचार्य गुथिमा प्रवेश पाइसकेपछि वज्राचार्य देय्आचाःगुथिको पूजा र उक्त पूजा प्रसाद ग्रहणको निमित्त सुयोग्य पात्र हुने गर्दछ ।

दे आचार्य गुथिको मुख्य भूमिका भनेको वज्राचार्यहरू र यजमानको सम्बन्ध र सबै विहारहरूमा  विधि विधानद्वारा पूजाहरू समापन गरिँदै आइ रहेको छ कि छैन भनेर हेर्ने कार्य गर्दछ । यदि त्यसो नभएको खण्डमा दे:आचागूको बेलामा उजूरी पनि दिने गरिन्छ ।

देःआचाःगु हरेक बर्ष फाल्गुन कृष्ण पक्षको अष्टमीको दिन मनाउने गर्दछ। यस दिन आचार्यभिषेक पाइसकेको वज्राचार्यहरू स्वयम्भू शान्तिपूरमा भेला भई मनाउने गर्दछ। अमिताभ बुद्धको अगाडि पचिहाः गुरु वज्राचार्यद्वारा पञ्चरक्षा सूत्रको पाठ गरी देःआचार्य कार्यक्रको प्रारम्भ गरिन्छ। पञ्चरक्षा पाठ गरि रहेको समयमा मूलचक्रेश्वर, तथा चार जना चक्रेश्वर गुरुवज्राचार्यबाट शान्तिपुरमा वज्रसत्वको आहवान गरि गुरुमण्डर्लाचनको धलंपूजा गरिन्छ र साम्हेगु विहारमा तुत (बौद्ध स्तोत्र) पाठ गरि परिक्रमा गरिन्छ। यसरी पञ्चरक्षा पाठ गर्नुको कारण वार्षिक संघायनमा उपस्थित सम्पूर्ण सदस्यहरूको रक्षार्थ गरिएको एक उपायको रुपमा पनि लिएको पाइन्छ। सभाको समयमा सबैको सु-स्वास्थयको कामना सहित निर्वाण लाभको कामना सहित पूजा हुने गर्दछ। यस दिन थकालीद्वारा शान्तिपुरमा कलश पूजा गरी पालाद्वारा दान कार्यक्रमको आयोजना गर्ने गरिन्छ।

देः आचाःगुथि भित्र विभिन्न स-साना गुथिहरू क) आह्री गुथि ख) हिंला पंला गुथि ग) बजि गुथि घ) जुसिं गुथि ङ) ल्हासा गुथि च) च्या गुथि रहेको पाइन्छ। फणीन्द्र रत्न बज्राचार्य *यँ देय्या महाविहार* (काठमाडौं: सर्वज्ञ प्रिन्टिङ्ग प्रेस, वि.सं. २०८०), पेज न. १७५)

स्वयम्भूमा देःआचागुको समापनमा दान दिइ भूईख्यमा गणचक्र पूजा गरिन्छ र अर्को व्यक्तिलाई पालो हस्तान्तरण गर्ने गर्दछ। वागीश्वरकीर्त्तिजज्युले मुलाचार्य भएर शान्तिपुरको चक्रसम्बरको स्थापना पश्चात प्रतिस्थापन गरेर महागणचक्र पूजा आयोजना गरेको उल्लेख भएको पाइन्छ।

ने.सं. ८८८ फाल्गुन कृष्ण अष्टमीको दिनमा लगं बाहालको उल्लेख हुन आएको छ। ने.सं. ८८८ फाल्गुन कृष्ण अष्टमी आचाःगुथिको थकालि मखं बाहाःको पुरन देय् आचाःगुथिमा समावेश हुन आउनु भएन। उहाँको तल भएको झवाःबाहाःको महामुनिँ कुमारी घर गएर पञ्चबुद्धलाई दक्षिणा चढाएर आफुले सक्ने कार्य गर्नु भयो। देय्थ्यापा पुरनलाई केहि पनि दिएन। यस समय देय् आचाःगु पालो पर्ने सिखामूबाहाःको विमलप्रभा, मखं बाहाःको रहनपछि, गंबाहाःको पद्मसिद्धि व लगं बाहाःको उल्लेख हुन आएको छ। नवमीमा वटुवबाहाःको शाक्यभिक्षु जजमानं लाकोत्तर पूजा गर्नको लागि स्थान नदिएको उल्लेख भएको पाइन्छ (बज्राचार्य,वि.सं.२०८०,पृ १७५)।

दोश्रो दिनको संघायान मल्लकालसम्ममा स्वयम्भूको केन्द्र भएको कारणले हनुमान ढोकाको नासाल चोकमा मनाउँदै आएको छ। दाश्रो दिनको देय आचार्य गुथिमा महत्वपूर्ण रुपमा सँये च्या अर्थात सँ देय्-ल्हासा (तिब्बत)बाट आएको चिया त्यहाँकै प्रविधि अनुसार तयार गरि चियापान गराउने गर्दछ। यस दिन क्वने पूईको महास्थिवरहरूद्वारा लोकोत्तर पूजा गर्ने कार्य गर्दछ।

## ख) पूई आचाःगुथि

सबै अठार महाविहारको चक्रेश्वर मिलेर दे आःचागु स्वयम्भूमा हुने गर्दछ त्यसरी नै अलग्ग अलग्ग स्थानमा रहेको विहारको पनि अलग्गै एउटा पुई हुने गर्दछ जसलाई पूई आचाःगु भन्ने गर्दछ। तल्लो भेगमा मनाइने पुइँ आचागुलाई क्वनेपुइँ भनेर सम्बोधन गर्ने गर्दछ। क्वनेपुइँमा ६ वर्षमा एकपटक पुइँ आचाःगु पालो आउने गर्दछ। क्वनेपुइँमा लोकोत्तर पुजा गरि प्रसाद ग्रहण गरि दानकार्य गरी सम्पन्न हुने गर्दछ।

देय् आचार्य गुथि र पुई आचाः गु बाहेक लगं बाहालमा शाक्यसंघ सदस्यहरूको आफ्नै छुटै प्रकारको गुथिहरूको व्यवस्था रहेको। शाक्य संघ सदस्यहरूमा रहेको अन्य गुथिहरू मध्ये दिसि पूजा गुथि, कीफु गुथि, चिल्ला गुथि रहेको पाइन्छ।

## ग) की फु गुथि

की फु गुथि नेपाल संवत ५०८ श्री जयस्थिति मल्लको समयमा हर्षराम चन्द्र शाक्यले आफ्नो स्त्री जयलक्ष्मी शाक्य र उनका भाई मानचन्द्रले भिक्षुसंघलाई पञ्चदान दिनको लागि राखिएको पाइन्छ। उहाँले पञ्चदानमा कपास र धागो दान दिएको उल्लेख गरिएको पाइन्छ। यस की फु गुथि अन्तर्गत शाक्यहरूलाई की फु दान भनेर पञ्चदानको दिन फंमा राखेर ५ चोटि दान दिने चलन रहेको पाइन्छ।

## घ) चिल्ला गुथि

चिल्ला गुथि देवी भक्त शाक्यका खलकद्वारा सम्पन्न गर्ने गर्दछ। यो गुथि हरेक वर्ष फाल्गुन पूर्णिमाको दिन पञ्चदान भोजन गराई पूर्खाहरूको सम्मानमा श्राद्ध समेत गरी पितृहरूको सम्मरण गर्ने गर्दछ। उक्त श्राद्धमा पूर्खाहरूको नाम र उनीहरू आयुदेवको सन्तानको रुपमा लिएको पाइन्छ। पूर्खाहरूको नाम यस प्रकार रहेको पाइन्छ i) शाक्य

आयुदेव ii) महासमन्त श्री जीवदेव iii) सिंहपति देव (सिंहपति आजु) iv) शाक्य भिक्षु विभुतिचन्द्र v) स्थिविर रङ्गचन्द्र vi) शाक्य मानचन्द्र vii) शाक्य हर्षरामचन्द्र viii) शाक्य ज्ञानचन्द्र ix) जयलक्ष्मी x) हर्षराम तथा जयलक्ष्मीका छोरी जैत्रलक्ष्मी xi) शाक्यभिक्षु उदयचन्द्र xii) शाक्यभिक्षु शमरसिंह xiii) शाक्यभिक्षु देवाचन्द्र xiv) शाक्यभिक्षु विजयसिंह xv) मुनिचन्द्र xvi) सूर्यचन्द्र xvii) दिनकर xviii) दिनकरको जेठो छोरा रत्नकर आदि उल्लेख गरिएको पाइन्छ ।

### ङ) दिसी गुथि

दिसी गुथि दशमी पूजाको दिन आयोजना गर्नको लागि बनाइएको गुथि रहेको पाइन्छ । हर्षराम चन्द्रका खलकले मात्र गरिँदै आएको पाइन्छ र अन्य कवःहरूको गुठी बन्द भइसकेको पाइन्छ ।

### च) थ्यापा गुथि

यस गुथिले लगं बाहालमा हुने कार्यक्रमहरूलाई हेर्ने गर्दछ । यस गुथिले लगं बाहालमा हुने नित्य पूजा तथा संरक्षणमा कार्यलाई बनाइएको हो । थ्यापा गुथिमा न्याम थाकुलिको विशेष भूमिका हुने गर्दछ ।

## ५.६ सम्यक दान

मध्यकालिनसमयमा कान्तिपुरमा ३ प्रमुख विहारको संयोजकत्वमा सम्यक पर्व मनाउँदै आएको पाइन्छ । यी ३ वटा बाहाःहरू वटुवाहाः, इटुम्ह बाहाः र लगन बाहाः सम्यक बहाल मानिन्छ । सम्यक महादान पर्व नेवार बौद्ध समुदायको प्रतिष्ठित पर्वमा पर्ने गर्दछ र यसमा विशिष्ट विशेष्ताहरू रहन गएको कारणले गर्दा यस पर्वलाई अझ झन बढी भव्याक्तमक बनाउने गर्दछ । यस सम्यक महादानमा दीपंकर बुद्धको प्रतिमाहरूलाई प्रदर्शनको निमित्त राख्ने गर्दछ । सम्यक दान पर्व दीपङ्कर बुद्धसँग सम्बिन्धित रहेको पाइन्छ, दीपङ्कर बुद्ध सबै भन्दा पहिलो बुद्ध मानिँदै आएको छ जसलाई पहिलो चोटी सम्यक महादान गर्नु भयो यस कारणले गर्दा दीपङ्कर बुद्धलाई समावेश गरिएको हो ।

सम्यक महादान पर्व मल्लकालमा पनि चलिआइरहेको हुन सक्ने र यसको ज्वलन्त उदाहरणको रुपमा राजालाई बोलाएर गद्दिमा राखि राजालाई साक्षी राखेर सम्यक परम्परा

चलाईदै आइरहेको छ । यसरी सम्यक दानको समयमा कुन देवता कता र कहाँनेर बस्ने भन्नेमा पनि पूर्व निधारित हुने गर्दछ ।

लगं बाहाको एउटा विशेषता मध्येको एक सम्यक पर्व आयोजना गर्ने र मनाउने पनि एक हो । पहिलासम्यकं गर्ने अवधि ४-४ वर्षको एक चोटि हुने चलन थियो र लगं बाहाःको सम्यक खुसी बहिलमा आयोजना हुने गर्दछ । इटु. बाहाःको सम्यक बुरां ख्यलय. र वटु तःबाहाःको भने प्यूखाको बाहालमा हुने गर्दछ । गोरखाको राजा जुजु श्री ५ पृथ्वीनारायण शाहले काठमाडौं जित्न वरिपरि बाटो छेकेपछि रोक्न पुग्यो र अवस्था सामान्य भइसके पछि एकै धर्मलाई मात्र मान्नुपर्ने नीतिको कारणले अर्थात सम्यक गर्दाखेरि राजालाई दिइने हनापौ पर्वतिय भाषा लेख्नुपर्ने भएकोले जा-भ्वय खानु नहुने आदिको विरोधको कारणले गर्दा दोर्जे छिरिङहरुले सम्यक मनाउन रोक्यो । पछि सं. १८६२ सालमा गुठी जाँचको क्रममा इटुं बाहाःको धनसिद्धि बाँडा, वटु बाहाःको सूर्यकला बाँडा, लगं टोलको धनसिघि धोजे छुलिं (दोर्जे छिरिङ) ३ जनालाई नेपाल युद्ध हारेदेखि (ने.सं. ८८८ वि.सं. १८२५ सालदेखि) गुठि नमनाएको कारणले पानफूल रुपियाँ १६०/- तका जरीवाना लिएर मुख्य पाहाँ राजालाई गरेर अब देखि तीनवटै गुठी एक गरेर परापूर्वकाल देखिको रीति जस्तै मनाउने आदेश दियो ।

यसरी तीनवटै विहारको सम्यक तीनवटामा विलाएर ५-५ वर्षको अन्तरालमा गरिँदै आइरहेको सम्यक महादान कार्यक्रम १२ वर्षमा एकचोटि गर्ने निर्णय गरियो वि.सं. १८६१( ने.सं. ९२४) साल फाल्गुनमा भएको भयो ।

सम्यक महादान १२ वर्षमा एकचोटि मनाइने भएपनि सम्यक गर्दा लगं बाहालको मात्रै संम्लगन नभई तीनमहाविहारको अगुवाईमा गर्ने हुँदा वर्तमानसमयमा सम्यक मनाउन सकेको छैन ।

लगं बाहालको सम्यक महादान पर्व वि.सं. २०२४ सालमा र पछि राजा ज्ञानेन्द्रको समयमा(मिति उपलब्ध हुन सकेन) मनाइएको र राजा ज्ञानेन्द्र शाहको पालामा भाजुमान शाक्य थाकुलि भएर गरिएको सम्यक मनाइएको पाइन्छ ।

वर्तमान समयमा सम्यक महादान आयोजना भएको पाइन्दैन । सम्यक महादान नहुनुको प्रमुख कारणमा सम्यक महादान गरिने जग्गा आधुनिकी करणको तथा गुथिको मुख्य

आयस्रोत रहेको जग्गा व्यक्तिकरण भएर आयस्रोत मासिनु तथा राज्यस्तरबाट पनि सम्यक महादान पर्व गर्न उपेक्षित हुनु रहेको पाइन्छ । अर्को मुख्य कारणमा भाजुमान शाक्यले सम्यक देवता नलगि आफैँले बनाइएको ढलौटको मूर्ति लगिएको कारणले गर्दा पनि महाविहारमा विवाद उत्पन्न भएको थियो ।

विभिन्न कारणले गर्दा सम्यक पर्व मनाउन रोकिएता पनि ३वटा बाहाःको संयोजकत्व तथा कोशिममा सम्यक पर्व फेरि मनाउन लागि अग्रसर रहेको पाइएको छ ।

# अध्याय छ
# ६ लगं बहालका गुठी परम्पराको बर्तमान अवस्था

## ६.१ वर्तमान समयमा लगं बहाल

नेपालमण्डलमा रहेको बाहाः बहीहरूको योगदान महत्वपूर्ण रहेको पाइन्छ। बाहाः बहीहरू नेपालमण्डलमा परापूर्वकालदेखि रहँदै आएको पाइन्छ। लगं बाहाःका सदस्यहरू कपिल्वस्तु ध्वस्त भई सकेपछि अन्यत्र जाने क्रममा लगं टोलमा आएर बसेको पाइन्छ। यससमय लगन टोलमा आयुदेव नाम गरेका व्यक्ति पनि लगन टोलमा आएर भगनावशेष भई रहेको महाविहारलाई वसेको पाइन्छ। यसकारणले गर्दा महाविहारमा भएका सर्वसंघहरूले आफुलाई आयुदेवको सन्तानका रुपमा चिनाउने गर्दछन्।

लगं बाहालको धार्मिक, सामाजिक तथा साँस्कृतिक पक्षले बौद्ध धर्मको ज्ञानका विविध पक्षलाई पाठ, पूजा धर्मलाई परापूर्वकालदेखि चलिआएको पाइन्छ र लगं बाहाःका सर्वसंघहरूले यस परम्परालाई निरन्तरता दिइदैं आएको देखिन्छ। परम्पराहरू विभिन्न समयकालखण्डको कारणले गर्दा लगं बाहालको संस्कार तथा महाविहारको संरचना र रीतिरिवाजमा समयानुकुल परिवर्तन भएको पाइन्छ। अन्तरजातिय विवाह भएर आएका कुलपुत्रलाई पनि समावेश गरिँदै प्रवज्याभिषेक दिने कार्य हुँदै आएको पाइन्छ।

परिवर्तन भएता पनि लगं बाहाःमा गरिने दैनिक नित्यपूजा, पञ्चदान पर्व, दीसि पूजा तथा महत्वपूर्णकार्यहरूलाई श्रद्धा र महत्वका साथ संरक्षण गरिएको पाइन्छ। साथै व्यक्तिले बाहाःमा गरिने कार्यहरूको ज्ञान तथा ज्येष्ठताको आधारमा स्थविर र थाय्पाजुमा पदोन्नती पनि हुने नियम अनुसार बेला बखतमा गरिँदै आइरहेको देखिन्छ।

## ६.२ धार्मिक तथा साँस्कृतिक पक्षहरूको विश्लेषण

बाहाः बहीहरूले परापूर्वकालदेखि हुँदै लिच्छविकाल, मल्लकाल तथा आधुनिकाल हुँदै बौद्ध धर्मलाई संरक्षण तथा सम्वर्धन गर्दै आएको पाइन्छ। लिच्छविकालमा समृद्ध तथा प्रभावशाली रहेको बौद्ध धर्म मल्लकालको उत्तरार्धदेखि आधुनककालसम्म आइपुग्दा बौद्ध धर्म खसकिन पुगेको थियो। आफ्नो विभिन्न किसिमका अप्थयारा परिस्थितिहरूको सामाना गर्नु पर्यो।

मल्लकाल तथा आधुनिककालमा आएपछि बौद्ध गतिविधिमा कमि आएता पनि विभिन्न उपाय कौशलको माध्यमद्वारा बौद्ध धर्मलाई संरक्षण र सम्वर्धन गरिएको पाइन्छ। बौद्ध धर्मको शिक्षालाई जर्गेना गर्नमा बाहाः बहीको मुख्य भूमिका रहेको पाइन्छ। तथापि यी परिवर्तनहरूको कारणले गर्दा बौद्ध शिक्षाका लागि बनाइएका बाहाः बहीहरूको स्वरुपमा परिवर्तन भएको पाइन्छ।

लगं बाहाल ऐतिहासिक तथा साँस्कृतिक बोकेका महाविहार रहेको पाइन्छ। कीर्तिपुण्य नाम गरेका अन्य विहारहरूले कीर्तिपुण्य नाम राखिनुले पनि यस महाविहारको लोकप्रिय रहेको थियो भन्ने बुझिन्छ। लगं बाहालले विभिन्न समयकाल खण्डमा परिवर्तनहरू भोगिएको पाइन्छ। यस मध्येमा राजनैतिक हस्तक्षेप तथा भौगोलिक विपत्ति पनि रहेको पाइन्छ। लगं बाहालले आफ्नो मौलिक स्वरुप गुमाउन पुगेको छ र वि.सं. २०७२ सालको विनासकारी भुकम्पले यस महाविहारको संरचनाहरूमा ठूलो क्षति भोगनु परेको थियो। वि.सं. २०८१ सालमा लगं बाहालको पुनः निर्माण कार्य सम्पन्न भएको पाइन्छ।

बौद्ध धर्मको संरक्षण तथा सम्वर्धनमा बाहाः बहीको मुख्य भूमिका रहेको हुने गर्दछ। बाहाः बहीमा गरिँदै आएको विभिन्न बौद्ध परम्परामा व्यवहारिक जीवनलाई सहज बनाउन विविध उपाय कौशलताका साथ क्रिया चर्याका रुपमा शील समाधि र प्रज्ञालाई उपयोग गरी तन्त्र, मन्त्र पूजा, पाठ व्रत, स्तोत्र ध्यानलाई अभ्यास गर्ने गरेका पाईन्छ। यी पूजा, पाठ, मन्त्र उच्चारणको माध्यमद्वारा भनेको बुद्ध बन्ने लक्ष्य र सर्वसत्व प्राणीको लागि बोधिसत्व मार्गमा हिँड्नु रहेको छ। नेपालमण्डलमा अपनाइँदै आएको परम्पराहरू सत्वप्राणी हितको र कल्याणको लागी उपाय अपनाई विभिन्न समयमा चाडपर्व, धर्म, संस्कृति, परम्परा संस्कार तथा धार्मिक र समाजिक कृयाकलापहरू गरिँदै आएका पाइन्छ।

लगं बाहालमा उपाय कौशलताको रुपमा गरिएको विभिन्न चाड, पर्व, नित्य पूजा, व्रत, आचाःलुइगु, पञ्चदान, गुथि आदि निरन्तरता कायम भएको पाइन्छ। लगं बाहालमा प्रवज्याभिषेक कार्य समय समयमा हुँदै आएको पाइन्छ। वज्राचार्य र शाक्यकुलपुत्रहरूलाई "सर्व प्रकाम् जगतो हिताय"को शिक्षामा अधिष्ठान गराएर वोधिसत्व मार्गमा लाग्नको लागि प्रेरित गर्ने गर्दछ। बोधिसत्व मार्गमा हिँडेको ज्येष्ठ सर्वसंघ सदस्यलाई थाय्पाजु र वज्राचार्यलाई चक्रेश्वर पद्धवि प्रदान गर्ने गर्दछ।

बोधिसत्वको कर्तव्यमा आर्य अष्टांगीक मार्ग, शील, समाधि र प्रज्ञा तथा विभिन्न पारमिताको पुरा गर्नु पर्ने हुने गर्दछ । षट्पारमिता, दशपारमितालाई निरन्तरता दिन दान तथा पुण्य सम्भारको लागि दैनिक पूजा गर्ने गर्दछ ।सर्वसंघले सम्भार मार्गको लागि विभिन्न पूजाको आयोजना गर्ने गर्दछ ।। यी पूजाहरूलाई १) वाह्य पूजा २) गुह्य पूजा गरी विभाजन गरिएको पाइन्छ ।

१) **बाह्य पूजा** : बाह्य पूजा यस संसारमा पाइने जति पनि राम्रो-राम्रो चिज वस्तुहरू छन् ति सबै आफूले उपभोग नगरि निस्वार्थ रुपमा दान पारमिता पूरा गर्नको लागि अर्पण गर्नु नै बाह्य पूजा गरिन्छ । यस बाह्य पूजा गर्दा खेरी पञ्चोपचार पूजा (धूप, दिप, गन्ध, रस, नैबद्य) आदि राखेर पूजा गर्ने गर्दछ । पञ्चोपचार पूजामा विशेष गरी हाम्रो पञ्च इन्द्रिय(नाक, कान, जिब्रौ, आँखा) उपभोग गर्ने वस्तुहरूसँग सम्बन्ध हुने गर्दछ ।

२) **गुह्य पूजाः** गुह्य पूजा भनेको मनद्वारा कल्पना गरी पूजा सामाग्री चढाए भनेर गर्नुलाई नै गुह्य पूजा भनिन्छ । यस पूजालाई लोकोत्तर पूजा पनि भन्ने गर्दछ ।

द्यःपालाको विशेष कार्य भनेको बाह्य पूजा हुने गर्दछ । गुह्य पूजाहरूमा चक्रेश्वर तथा स्थविरका संलग्नता हुने गर्दछ । कीर्तिपुण्य वज्रधातु चैत्यमा मनाइने विभिन्न पूजाहरू जस्तै वैशाख पूर्णिमा पूजा, दशमी पूजाहरू गुहय् रुपमा आयोजना हुने गर्दछ । बाह्य रुपमा स्तोत्र पाठ गुँला पर्वमा गरिने पूजाहरू पर्ने गर्दछ । यी पूजाहरूको चिरस्थायित्वको लागि गुथिको पनि व्यवस्था भएको पाइन्छ ।

बोधिसत्वको मुख्य भूमिका पारमिता पूर्ण गर्नु पनि रहेको पाइन्छ । दान पारमिता आदि कार्य गर्न गुँला पर्वमा हरेक वर्ष पञ्चदान पर्व तथा मनाउँदै आएको पाइन्छ । पञ्चदानको दिनमा विभिन्न वस्तुहरूको दान दिने चलन रहँदै आएको पाइन्छ ।

लगं बाहालमा परम्परागत रुपमा गरिँदै आइरहेका नित्य पूजा, व्रत, चलिँदै आएका विधि-विधानहरू हेतुफल, धर्म मान्यताहरू आर्यअष्टाङ्ग मार्गको ज्ञान प्रदान गरेको देखिन्छ । यी कार्यहरू समापन गर्न विभिन्न वस्तुहरू देवदेवतालाई धारण गराई सत्वप्राणीहरूको निरोगिता कामनाको साथ पूजा गरेको देखिन्छ

प्राचीनसमयदेखि वज्रयानी परम्परामा उपाय कौशलका आधारमा बौद्ध धर्मको दर्शन ज्ञानलाई अविछिन्न राख्दै आएको पाइन्छ। महाविहार तथा बही परम्परामा रहेर हेतुफल, व्यवहारीक नैतिक ज्ञानहरू, चतुआर्यसत्यको ज्ञान, प्रत्युतसमुत्पादको ज्ञानलाई निरन्तरता दिने कार्यमा लगं बाहाल रहेको पाइन्छ।

# अध्याय सात

## ७.१ निस्कर्ष

लगं बाहालको धार्मिक, सामाजिक तथा साँस्कृतिक शोध अध्ययन आफैँमा पूर्ण नभएपनि लगं बाहालको बारेमा थप अध्ययन अनुशन्धान गर्न चाहने शोधार्थी तथा अनुसन्धानकर्ताहरूका लागि महत्वपूर्ण श्रोतको रुपमा प्रस्तुत हुन सक्दछ ।

लगं बाहाको बारेमा अनभिज्ञ रहेका सदस्यहरुकालागि यस अध्ययनले आफ्नो महाविहारको बारेमा जानकारी प्राप्त भएर इतिहासलाई गौरवमान महशुस हुनेछ । लगं बाहालमा गरिँदै आएको पूजा तथा अन्य कार्य तथा क्रियाकलापलाई बाहिरी आँखाले कर्मकाण्ड जस्तो दखिएता पनि विभिन्न क्रियाकपलाहरू महत्वपूर्ण उपायकौशल रहेको पाइन्छ । लगं बाहालमा गरिँदै आएको पूजा, संस्कार, गुथिहरूमा बौद्धधर्मको आधारभुत शिक्षा आर्यअष्टाङ्गिक मार्गका साथै शील, समाधी तथा प्रज्ञाको अभ्यास तथा महायान परम्पराको बोधिसत्व चर्यालाई आधारशिलाा मानि वज्रयान परम्पराका अन्तर्गतका उच्चतम योग तथा चर्याहरूको पनि समावेश गरि प्रयोगमा ल्याएर गरिएको पाइन्छ । यी सबै चर्याहरू आफ्नो मात्र कल्याणको उद्देश्य नराखि लोक कल्याणको लागि गरिँदै आएको चर्याहरू रहेको पाइन्छ । बाहाः तथा बहीमा आफु भन्दा ज्येष्ठ व्यक्तिलाई आदर तथा गौरव राखि विशेष सम्मानका साथ स्थविर तथा चक्रेश्वर पद्ववि दिने गरिन्छ । उहाँहरूलाई आदर्श मान्दै लगं बाहालमा उहाँको निर्देशन अनुसार विभिन्न क्रियाकलापहरूका आयोजन भएको पाइन्छ ।

## ७.२ सुझाव

लगं बाहालको वज्रयानमा अतुलनिय योगदान रहेको पाइन्छ । लगं बाहालमा परामपरागत रुपमा चलिँदै आएको रीति तथा परम्पराहरू वर्तमान सयमसम्म पनि निरन्तरता दिइँदै आइरहेको पाइन्छ । यस परम्परा तथा रीतिहरूलाई अझ दिगो तथा चिरस्थायी बनाउनको लागि र युवा पुस्तामा हस्तान्तरण हुन अति नै आवश्यक रहेको पाइन्छ । यस रीति तथा परम्पराहरू गाडि बढाउनको निमित्त जनभावनामुखि तथा युवापुस्तामा लगं बाहालमा गरिँदै परम्पराका बारेमा थप जनचेतनाको आवश्यक रहनुका साथै युवापुस्ताको समावेशिता पनि आवश्यकता रहेको पाइन्छ । वर्तमान समयमा संसदस्यहरू लगं बाहालबाट अलग्ग स्थानमा स्थान्तरण/बसाईसराई भएको हुनाले पनि यस

बाहाःमा गरिँदै आएको परम्परालाई अझ बढी जिवन्त कायम राख्नुमा थप  चुनौतिका रुपमा देखिन आएको छ। वर्तमान समय सर्वसंघहरू विशेष गरि युवापुस्ताहरू आ-आफ्ना कार्यक्षेत्रमा व्यस्तता रहेको कारणले गर्दा वर्तमान समयलाई हेरी यस बाहाःमा गरिँदै आएको रीतिरिवाजहरूलाई परिमार्जन गर्दै लगिनु पर्ने देखिन आएको छ। युवा पुस्तामा लगं बाहाःको महत्वलाई उजागर गर्दै थप जनमानसमा लगिनु पर्ने र युवा पुस्तामा भएका ज्ञान तथा शिपलाई लगं बाहालमा उपयोग गर्न सकेको खण्डमा बाहाः गर्दै आएको रीतिरिवाजलाई हस्तातरण हुनुका साथै आकर्षणको केन्द्र पनि बन्ने सक्दछ। युवापुस्ताको आकांक्षलाई राखेर संस्कार तथा पद्धतिहरूलाई सुधार तथा परिमार्जन गर्दै लानु पर्ने देखिएको पाइन्छ।

# परिशिष्ट

## परिशिष्ट १ : अन्तर्वार्ता लिइएका व्यक्तिहरूको नामावली

१) गणेश बहादुर मानन्धर, ल्हू हिति, ६० बर्ष (वि.सं.०३.११.२०८१)

२) महेन्द्र शाक्य, लगं टोल, ४५ बर्ष, (वि.सं.०१.०९.२०८१)

३) शैलेस वज्राचाय, लगं टोल , ३७ बर्ष, (वि.सं.११.१०.२०८१)

४) सुर्वण शाक्य, लगं टोल, ४५ बर्ष, (वि.सं.०३.११.२०८१)

५) श्याम कुमार बज्राचार्य, लगं टोल , ३९ बर्ष, (वि.सं.१८.०८.२०८१)

६) अनिल श्रेष्ठ, लगं टोल , ३८ बर्ष, (वि.सं.०३.११.२०८१)

७) अनूप श्रेष्ठ, लगं टोल, ४० बर्ष, (वि.सं.०३.११.२०८१)

८) राम महजर्न, लगं टोल , ४५ बर्ष, (वि.सं.०३.११.२०८१)

९) सरस्वती महजर्न, लगं टोल, ४३ बर्ष (वि.सं.०४.११.२०८१)

१०) सूरेश शाक्य, लगं टोल, ३५ बर्ष (वि.सं.०४.११.२०८१)

११) बिकाश महजर्न, लगं टोल, ४० बर्ष (वि.सं.०४.११.२०८१)

१२) प्रेम श्रेष्ठ, लगं टोल , ४२ बर्ष, (वि.सं.०४.११.२०८१)

१३) मदन् शाक्य, लगं टोल , ५२ बर्ष, (वि.सं.०५.११.२०८१)

१४) पवन श्रेष्ठ, लगं टोल , ४६ बर्ष, (वि.सं.०५.११.२०८१)

१५) हरि श्रेष्ठ, लगं टोल , ५१ बर्ष, (वि.सं.०५.११.२०८१)

## परिशिष्ट २ : सोधिएका प्रश्नहरूको नमूना

१. लगं बाहाको ऐतिहासिकता बारे के थाहा छ ?

२. लगं बाहाको बारेमा के भन्नुहुन्छ ?

३. लगं बाहामा हुने परम्पराको बारे के थाहा छ ?

४. यहा के-के परमपरा मनाउने गर्दछन् ?

५. लगं बाहाको बारेमा के भन्न सक्नुहुन्छ ?

६. लगं बाहामा अध्ययन अनुसन्धान भएको छ, छैन ?

७. लगं बाहामा नयाँ पुस्ताको सम्लंगन्ता कत्तिको छ ?

८. यहाको बाहामा हूने परमपराको विधि विधान बारे के थाहा छ ?

९. यो लगं बाहाको धार्मिक, सांस्कृतिक महत्व के छ ?

१०. यो लगं बाहामा परिवर्तन तथा बदलावका बारेमा के भन्नुहुन्छ ?

११. यो लगं बाहामा केही कमी कमजोरी छ, छैन ?

१२. यो लगं बाहामा सहयोगको खाचो छ, छैन ?

१३. यो लगं बाहामा क-कसले सहयोग गरेका छन् ?

१४. यो लगं बाहाको बारेमा पुग अपुग केही थप्नुहुन्छ ?

## परिशिष्ट ३: चित्रफलक



चित्र नं. १ : लगं बाहामा क्वापाद्यो राखिने ठाउ



चित्र नं. २ : चोकको वीचमा विहारको मूल वज्रधातु चैत्य





चित्र नं. ३ : लगं बहा मा भयेको शिलालेख



चित्र नं. ४ : लगं बहाको पुर्वी प्रवेश् द्वार




चित्र नं. ५ : लगं बहाको आगंछे

# सन्दर्भ ग्रन्थ सूची


अमृतानन्द, भिक्षुसम्राट्. (वि.सं. २०४६). *सम्राट अशोक (*आनन्दकुटी विहार गुठी), काठमाडौं ।

अमृतानन्द, भिक्षु. (वि.सं. २०२९). *बुद्धकालीन राजपरिवार* (भाग १). आनन्दकुटी विहार गुठी स्वयंम्भू ।

कोसल्यायन, भदंत आनन्द. (सन २००९) *महावंश.* दिल्ली ।

गेशे, गयाट्शा कलयाणे. (वि.सं. २०५४). *इसेनस अफ वज्रयाना द हाइयेष्ट योगा तन्त्र प्राक्टिस अफ हेरुक बडि मण्डल.* थारपा पब्लिकेशन. काठमाडौ ।

चौधरी, सूर्यनारायण.(सन १९८६). *श्री अश्वघोषविरचितं सौन्दरनन्दं महाकाव्यम्.* भारत ।

जोशी, सत्यमोहन. (वि.सं. २०२८). *कर्णाली लोक संस्कृति* (खण्ड १). नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान. काठमाडौं ।

नेपाल, ज्ञानमणी. (वि.सं.२०५५). *नेपाल निरुपण.* काठमाडौं ।

तिवारी, सुदर्शनराज,(२००१). *द एन्सेन्ट सेटल्मेन्ट अफ द काठमाडौं भ्याली* . सि.ना.स. किर्तिपूर ।

प्रधान, रुकमणि वन्त. (ई.सं.१९८५). *विक्रमशिल महाबिहारको ऐतिहासिक महत्व, कन्ट्रिव्युसन टु नेपालीज स्टाडिज* ।

प्रधान, भुवनलाल. (वि.सं. २०४२). *बुद्ध धर्म र शाक्यहरु.* राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, नयनाथ. (वि.सं. २०२०). *भाषा वंशावली.* नेपाल राष्ट्रिय पुस्तकालय. काठमाडौं ।

बज्राचार्य नरेश मान. (वि.सं. २०६९). *बज्रयान नेपाल(नेपाल मण्डलको बज्रयान बौद्ध धर्म र संस्कृति* . त्रिरत्न प्रकाशन. काठमाडौं ।

बज्राचार्य, रेनद्रमान. (वि.सं. २०७४). *मोनस्टिसिजम इन बुद्धिजम अफ नेपाल कन्टिन्यूटि एण्ड चेण्ज.* सेन्ट्रल दिर्पाटमेन्त अफ बुद्धिस्त इस्ट्रडिज. त्रि.वि. ।

बज्राचार्य, राजेन्द्रमान. (वि.सं. २०७५). *कान्पुिरका महाविहार/विहार* .संकटा प्रिन्टर्स काठमाडौं ।

बज्राचार्य, रत्नकाजी. (वि.सं. २०५५). *गुँला धर्म. देरालि अफसेट* प्रेसः काठमाडा ।

बज्राचार्य, दुण्ड बहादुर.(सन् २०००). *दिघनिकाय.* ललितपुर ।

बज्राचार्य, मनबज्र, (१९७८), *स्वयम्भू पूराण* .सुभाष प्रिन्टिङ्ग प्रेष. जनबहाल ।

बज्राचार्य, नरेश मान. (वि.सं. २०६९) *“बज्रयान” ललितपुर:* सुभाष प्रिन्टिङ्ग प्रेष, काठमाडौं ।

बज्राचार्य, नरेश मान. (ई.सं. १९९८). *बुद्धिजम् इन नेपाल.* ईष्टर्न बुक लिन्कर्स ।

बज्राचार्य, फणीन्द्ररत्न. (वि.सं. २०८०). *यँ देय्या महाविहार.* सर्वज्ञ प्रिन्टिङ्ग प्रेस, काठमाडौं ।

बज्राचार्य, धनबज्र. (वि.सं. २०५३). *लिच्छविकालका अभिलेख.* नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि. वि.वि ।

बज्राचार्य, धनबज्र.(वि.सं. २०६८). पूर्वमध्यकालका अभिलेख, नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

बांग्देल, डिना हनिङ्टन. (वि.सं. २०६१). *द सरकल अफ बल्सि बुद्धिस्ट मेडिटेसन आर्ट.* सेरिन्डा पब्लिकेशन . काठमाडौं ।

भिक्षु धर्मरक्षित.(सन २००७). *महापरिनिब्बान सुत्तं.* वाराणसी ।

भिक्षु, अमृतानन्द.(वि.सं.२०३०). *बुद्धकालीन राजपरिवार* (भाग-१). काठमाण्डौं ।

राइट, डेनिल (ई.सं. १८५८). *हिस्तोरी अफ नेपाल.* नेपाल एन्टीक्वीटेड बुक पब्लिसर ।

राइट, डानियल. (वि.सं १८२०). *हिस्ट्रि अफ नेपाल ट्रान्सलेटेड फरम द पर्वतिया.* नेपाल आन्टिक बुक पब्लिसर. काठमाडौ ।

रेग्मी, जगदीशचन्द्र.( वि.सं.२०३०). *नेपालको धार्मिक इतिहास.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

लक, जोन के. (ई.सं. १९८५). *बुद्धिष्ट मोनाष्टिरिज अफ नेपाल .* सहयोगी प्रेस प्रा.लि. ।

वासुकला, जुनु. (वि.सं. २०६८). *चारुमती स्तूप.* चारुमती बुद्धिष्ट मिशन नेपाल ।

वज्राचार्य, रत्नकाजि. (वि.सं. २०३९) *नेपा देया तहाचा (कि टु विहार इन नेपाल) .* पचलि भैरव प्रेस, काठमाडौं ।

वज्राचार्य, धनवज्र. र मल्ल, कमल प्रकाश. (ई.सं.१९८५). *द गोपालराज वंशावली* नेपाल रिसर्च सेन्टर ।

शाक्य हेमराज,श्री रुद्रवर्ण महाविहार स्थित तालपत्र अभिलेख, ललितपुर:२५२५बुद्ध जयन्ति समारोह समिति, वि.सं.२०४८ पृ.१५ ।

शाक्य, विजयक्रान्ति. (वि.सं. २०५६). *किर्तिपूण्य महाविहार(न्हायकं वहिल : एक सांस्कृतिक अध्ययन,* काठमाडौं ।

शाक्य, हेमराज. (वि.सं. २०५१) *शिवदेव संस्कारित रुद्रबर्ण महाविहार.* २५३८ बुद्ध जयन्ती समारोह समिति ।

शाक्य हेमराज. (वि.सं. २०२७). *मेडिभल नेपाल (कोलोफन एण्ड इन्सक्रिपसन).* चामुण्डा प्रिन्टिङ्ग प्रेस, येटखा ।

शाक्य, हेमराज.( वि.सं.२०५१). *शिवदेव संस्कारित रुद्रवर्ण महाविहार.* ललितपुर ।

शाक्य, हर्षमुनी. (वि.सं.२०६१). *शाक्यवंशीय पूर्वजहरुको चिनारी.* काठामाडौं ।

शेखर, शीतांशु. (सन १९७०). *मूलसर्वास्तिवादविनयवस्तु,* (व्दितीय खण्ड). मिथिला विद्यापीठ

सुदर्शन, भिक्षु . (वि.सं.२०४१ ). *नेपाली विहारका विषेशताहरु.* ललितपुर ।

सांकृत्यायन, राहुल. (ई.सं. १९५८). *स्वयंम्भू -पुरातत्व निबन्धावली.* दिल्ली किताब महल ।

ज्ञवाली, सूर्य विक्रम. (वि.सं.२०३९). *नेपाल उपत्यकाको मध्यकालीन इतिहास .* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।